

# अधिकारतर्फको पाइला:

## चरनमा आधारित पशुपालक तथा घुमन्ते समुदायको आवागमन र पहुँचसम्बन्धी हकको कानुनी मान्यता

RIGHTS + RESOURCES

CAOI
Coordinadora Andina de Organizaciones Indígenas

ILEPA

MPIDO

SWB
Steps Without Borders NGO

Supports the
INTERNATIONAL YEAR OF RANGELANDS AND PASTORALISTS 2026

आभार 2

मुख्य निष्कर्षहरू 3

सिफारिसहरू 5

**१. परिचय** 6

**२. अध्ययन कार्यविधि** 7

**३. भू-पूर्णाधिकार व्यवस्था: पहुँचको अधिकारलाई मान्यता दिने कानुनी बाटाहरू** 7

**४. घुमफिरको अधिकार** 10

**५. जमिन र पशुधनमा पहुँचका अधिकारहरू** 13

**६. चरनमा आधारित पशुपालक तथा घुमन्ते समुदायको अधिकार कार्यान्वयन** 19

**७. घुमफिरको. जीवनशैली र पहुँचको अधिकार प्रयोगमा परम्परागत निर्णय प्रक्रिया** 24

**८. सिफारिसहरू** 28

घटना अध्ययन

एसिया

**करको भारविरुद्ध नेपालका घुमन्ते पशुपालकहरूको संघर्ष** 30

**खानीबाट विस्थापित: मङ्गोलियाकी एक घुमन्ते अदिवासी महिलाको भूमि अधिकारको लडाइँ** 35

अफ्रिका

**नाइजरको मातानकारी गाउँपालिका स्थित बजादा चरन क्षेत्रमा पहुँचको सामुदायिक व्यवस्थापन र परम्परागत संयन्त्रहरू** 40

**सुरक्षित आवागमनमा फड्को: तान्जानियाको घुमन्ते पशुपालन र भूमि व्यवस्थापनमा पशुपालक महिलाहरूको नयाँ सोच** 44

**केन्यामा घुमन्ते पशुपालकहरूको आवागमन, भूमि अधिकार र भू-स्वामित्वको असुरक्षा** 49

ल्याटिन अमेरिका

**चरन क्षेत्रको क्रमिक विखण्डनले पशुपालनमा दिगोपन हराउँदै: बोलिभियाको आयलु करी बाजाको उदाहरण (कारी बाजा आदिवासी समुदाय)** 54

**बोलिभियाको गुआरानी समुदायहरूमा पानीको स्रोत र चरन क्षेत्र व्यवस्थापनमा लैङ्गिक खाडल** 59

**पेरुको पास्को ग्रामीण समुदायहरूमा शासन व्यवस्था: पशुपालक महिलाहरूको सहभागिताका वाधकहरू** 63

# आभार

लेखकहरू यस प्रतिवेदनमा प्रस्तुत तथ्याङ्क र विश्लेषणमा अमूल्य योगदान पुर्‍याउनुभएका निम्न व्यक्ति र संस्थाहरूप्रति आभार व्यक्त गर्न चाहन्छन् ।

यो प्रतिवेदन RRI साझेदारहरू, गठबन्धन सदस्यहरू, कोअर्डिनाडोरा आन्डिना डे अर्गानिजासिओनेस इन्डिजेनास (CAOI), इन्डिजेनस लाइभलिहुड्स इन्हान्समेन्ट पार्टनर्स (ILEPA), मेन्योइटो पशुपालक एकीकृत विकास संस्था (MPIDO) र स्टेप विदाउट बोर्डर्स् नामको गैरसरकारी संस्थाका साथै सहयोगीहरू, स्वतन्त्र परामर्शदाताहरू, राष्ट्रिय विज्ञहरू र RRI सचिवालय कर्मचारीहरूबीचको व्यापक सहकार्यको परिणाम हो ।

यो प्रतिवेदन अधिकारवाहक नेताहरू, शिक्षाविद्हरू, अनुसन्धानकर्ताहरू र नागरिक समाज लगायत थुप्रै सरोकारवालाहरूको सामूहिक योगदानको नतिजा हो । तथ्याङ्क विश्लेषण, वर्णनात्मक उदाहरण र घटना अध्ययन सहित यो प्रतिवेदन इसाबेल डाभिला पेरेइरा, स्ट्यान्ली किमारेन ओले रियामित, केनेयिया पार्किरे, लुइस भिट्टोर, अर्मिन्डा भेलास्को टोरेज, लुर्डेस बाइगोरिया गुज्म्यान, एन्न समान्टे, डा. अमाडोउ चारिफी राबिउ, डा. अब्दोउलकाडेर अफाने, एम्मानुएल सुले, एपिफानिया ङोवी, निमा सेकी, दिल राज खनाल, अनिला ओन्टा, पाबिहाङ राई, निमा लामा, बायारसाइखान नाम्सराई, डा. एरियल अहेर्न, जेरेमी गिल्बर्ट र गोप्य रहन चाहनुहुने अन्यहरूद्वारा लेखिएको हो । घटना अध्ययनका लेखकहरुलाई सम्बन्धित कथाभित्र पनि मान्यता दिइएको छ । सम्पादन सहयोग र थप प्राविधिक सहायता अलाइन फ्रेचेटद्वारा प्रदान गरिएको थियो । पाण्डुलिपि सम्पादनमा निकोल ह्यारिस र सञ्चार सहयोगमा लुकास वासन, केटी कन्स्ट्यान्टाइन र टेसा मार्टिनको योगदान रहेको थियो ।

योगदानकर्ताहरूबाट कुनै भुलचुक भएको छ भने त्यो अनजानमा भएको हो र कुनै पनि त्रुटिहरू लेखकहरूका निजी हुन् ।

डिजाइन तथा लेआउट: अन कुआर्तो प्रोपियो ।

**मुख्य निष्कर्षहरू**

**१. समीक्षा गरिएका देशहरूमा घुमफिरलाई चरनमा आधारित पशुपालक र घुमन्ते मानिसहरूको मौलिक अधिकारको रूपमा पर्याप्त मान्यता दिइएको छैन ।** नाइजरले मात्र घुमफिर र मौसमी चरीचरनलाई मौलिक अधिकारको रूपमा कानुनमै स्पष्ट मान्यता दिएको छ ।

**२. औपचारिक पहुँचको अधिकारले वास्तविक पहुँच सुनिश्चित गर्दैन।** सातै देशले भूमिमा चरनक्षेत्र आश्रित पशुपालकहरूको पहुँचको अधिकार हुनुपर्छ भन्ने मानेका छन् । तर यो अधिकार उनीहरूले निर्वाध उपभोग गर्न पाउने गरी व्यवहारमा लागू भएको छैन ।

**३. सातै देशले चरनमा आधारित पशुपालक र घुमन्ते समुदायलाई अधिकार प्रदान गर्ने कुनै न कुनै कानुनी व्यवस्था गरेका छन् ।** तथापि, कुनै पनि देशले समान वा व्यापक सुरक्षा सुनिश्चित गर्दैन । अधिकांश देशले घुमफिर सहितको पशुपालन गर्ने जीवनशैलीलाई नभई स्थायी बसोबासलाई प्राथमिकता दिन्छन् । अधिकांशले जीविकाको घुमन्ते, लचिलो र सामूहिक प्रकृतिको ख्याल नगरी चरनक्षेत्रको अधिकारलाई स्थायी बसोबास वा उत्पादनमुखी दृष्टिकोणबाट हेर्छन् । नाइजर मात्र एउटा अपवाद हो, जसले कानुनी ढाँचामार्फत घुमफिर र मौसमी चरीचरनलाई स्थिर भूमि उपयोगको मापदण्डबाट विचलनको रूपमा नहेरी चरन स्वामित्वको मुख्य अंगको रूपमा स्पष्ट मान्यता दिन्छ । सातै देशले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) अनुमोदन गरेका छन् । तर कुनैले पनि चरनमा आधारित पशुपालक महिलाहरूका लागि विशेष कानुन बनाएका छैनन् । केन्या र बोलिभियाले मात्र महिलाहरुलाई जमिनको पहुँचमा केही सुरक्षा दिएका छन् ।

**४. आवागमनमा रहेका अवरोधहरू संरचनागत छन्, विभिन्न पारिस्थितिकी प्रणाली, देश र कानुनी संरचनाहरूमा समान रूपमा देखिन्छन्, र समयसँगै झन् जटिल बन्दै जान्छन्।** सातवटै देशमा आवागमनमा बाधा पुऱ्याउने प्रमुख कारणहरूमा कृषि विस्तार, उत्खनन उद्योग र पूर्वाधार विकासका कारण हुने भूमि रूपान्तरण; कडा संरक्षण (फोर्ट्रेस कन्जर्भेसन) उपायहरूको विस्तार वा निरन्तरता; द्वन्द्व र असुरक्षा; तथा कार्बन र हरित परियोजनाहरूको बढ्दो प्रभाव समावेश छन्। महिलाहरूले थप जटिल र एकअर्कासँग गाँसिएका अवरोधहरू सामना गर्नुपर्छ, जसका लागि छुट्टै नीतिगत प्रतिक्रिया उपलब्ध छैन।

**५. नाइजर बाहेक, सबै देशहरूले पशुपालक समुदायका अधिकारहरूको कानुनी मान्यताका लागि प्रशासनिक झन्झटहरू लगाउँछन्,** जसमा दर्ता, स्वामित्व प्रमाणपत्र (टाइटलिङ), प्रमाणीकरण, वा सहकारी सदस्यता समावेश छन्| सबै देशहरूले पैसामा, समयमा र प्रशासनिक क्षमतामा आधारित लेनदेन लागतहरू पनि लगाउँछन्|

**६. अधिकांश पशुपालकहरूका लागि प्रथाजन्य व्यवस्थाहरू नै शासनको प्राथमिक तह हुन्, तर सातमध्ये दुई देशहरूमा यिनलाई कानुनी संरक्षण प्राप्त छैन|** पशुपालक र घुमन्ते समुदायका महिलाहरू विशेष गरी सुविधावञ्चित र असुरक्षित छन्, यहाँसम्म कि परम्परागत संरचनाहरू भित्र पनि उनीहरूको अवस्था उस्तै छ| यद्यपि केही देशका वृहत कानुनहरूले लैंगिक समानताको ग्यारेन्टी गर्छन्, तर पशुपालक र घुमन्ते महिलाहरूका लागि विरलै मात्र विशिष्ट संरक्षणका व्यवस्थाहरू छन्| सबै देशहरूमा, महिलाहरूको कानुनी मान्यताको अभावले उनीहरूलाई थोपरिएका लैंगिक भूमिकाहरूबाट असुरक्षित बनाउँछ, जसले अन्तत: उनीहरूको अधिकारलाई कमजोर पार्दछ|

**७. पशुपालक जीविकोपार्जनका लागि राज्यको समर्थन स्वरूपमा सर्वव्यापी भए पनि व्यवहारमा कमजोर छ|** सबै देशमा घुमन्ते पशुपालकहरूका लागि कुनै न कुनै सरकारी संस्था वा कार्यक्रम छ । तर व्यवहारमा यी कार्यक्रमहरू स्थायी बसोबास र कृषि उत्पादन बढाउने प्राथिमकतामा केन्द्रित छन् र घुमन्ते पशुपालकहरूको वास्तविक आवश्यकता पूरा हुँदैन ।

## सिफारिसहरू

- पशुपालकहरू र घुमन्ते समुदायहरूको आवागमनलाई सीमापार आवतजावतसहित मौलिक अधिकारका रूपमा स्पष्ट कानुनी मान्यता दिनुपर्छ। सीमापार आवागमन सम्बन्धी संरचनाहरुलाई सुदृढ गरी कानुनी रूपमा संरक्षण गर्नुपर्छ। सरकारहरूले क्षेत्रीय तथा द्विपक्षीय सीमापार आवागमन सम्झौताहरू अनुमोदन , आन्तरिक कानुनमा रूपान्तरण र पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्छ।

- चरन मार्ग, पानीका स्रोत र मौसमी चरन क्षेत्रहरू र आवागमनका क्षेत्रहरु कानुनी रुपमा छुट्याएर सुरक्षित राख्ने।

- परम्परागत शासन व्यवस्थालाई कानुनी मान्यता दिने । समुदायको नेतृत्वमा हुने परम्परागत पहुँचका सम्झौताहरुलाई औपचारिक रूपमा मान्यता दिने र लागू गर्ने कानुनी बाटो खोज्ने । यसमा अनावश्यक प्रशासनिक बोझ नथोपर्ने ।

- महिलाहरूको आवतजावत, भूमि पहुँच, र शासनमा सहभागिताका लागि पशुपालक-विशेष संरक्षण व्यवस्थाहरू लागू गर्नुपर्ने।

- घुमन्ते कृषक र पशुपालकहरूको अधिकार उल्लङ्घन गर्ने आयोजनाहरूको स्वीकृति तुरुन्त रद्द गर्ने ।

- पशुपालकहरू र घुमन्ते समुदायहरूको स्वतन्त्र, पूर्व र सूचित सहमति (Free, Prior, and Informed Consent) को अधिकारलाई मान्यता दिई प्रभावकारी रूपमा कार्यान्वयन सुनिश्चित गर्नुपर्ने।

- दर्ता र औपचारिकताका प्रक्रियाहरू सरल बनाउने । समुदायमाथिको प्रशासनिक र आर्थिक बोझ घटाउने ।

- जलवायु वित्त र संरक्षण कार्यक्रमहरुलाई अधिकारमा आधारित दृष्टिकोणसँग मिलाउने ।

- चरनमा आधारित पशुपालक तथा घुमन्ते समुदायका लागि पूर्वाधारमा लगानी गर्ने । त्यस्तो पूर्वाधार समुदाय, महिला र युवाको सहभागितामा र उनीहरूकै लागि बनाउने ।

- महिलाहरूको नेतृत्वलाई सहयोग गर्ने । शासन व्यवस्थाका परम्परागत र औपचारिक निकायहरूमा महिलाहरूको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने । महिला समावेशी परम्परागत अभ्यासहरुलाई कागजमा उतारेर व्यापक कानुनी सुधारको आधार बनाउने ।

# अधिकारतर्फको पाइला: चरनमा आधारित पशुपालक तथा घुमन्ते समुदायको आवागमन र पहुँचसम्बन्धी हकको कानुनी मान्यता

**केन्या, नाइजर, तान्जानिया, मङ्गोलिया, नेपाल, बोलिभिया र पेरुको तुलनात्मक अध्ययन**

## १. परिचय

संसारभर पचास करोड जति घुमन्ते पशुपालकहरू छन् । झन्डै १ करोड ३० लाख मानिसहरू पशुपालन व्यवसायबाट कुनै न कुनै रूपले लाभ पाउँछन् । पृथ्वीको सबैभन्दा ठूलो भाग पशु चरन क्षेत्रले ओगटेको छ । १०० भन्दा बढी देशमा मानिसहरू पशुपालनबाट जीविका चलाउँछन् । तर पशुपालन र चरन क्षेत्रको जमिनलाई सधैँ कम महत्त्व दिइँदै आएको छ ।

चरनमा आधारित पशुपालक र घुमन्ते मानिसहरूले[1] हजारौं वर्षदेखि अफ्रिका, एसिया र ल्याटिन अमेरिकामा परम्परागत ज्ञान र अनुकूलनयुक्त व्यवस्थापन मार्फत चरन क्षेत्रको पारिस्थितिक प्रणाली जोगाउँदै आएका छन् । उनीहरूको घुमन्ते जीवनशैली पुरानो परम्परागत प्रणालीमा आधारित छ जहाँ आवागमन सामाजिक जीवनको मुख्य हिस्सा हो । तर यी समुदायहरू अहिले अनेकौं खतराहरूको सामना गर्दैछन् । कृषि क्षेत्र विस्तार, संरक्षण क्षेत्रको फैलावट, जग्गाको निजीकरण र प्रतिस्पर्धी भूमि उपयोगको थालनीले जमिनमा उनीहरूको परम्परागत अधिकार कमजोर बनाउँदैछ । यसका साथै निर्णय प्रक्रियाबाट पनि उनीहरूलाई बाहिर राखिँदैछ । यद्यपि, यी खतराहरू नयाँ होइनन् । चरनमा आधारित पशुपालक समुदायहरू लामो समयदेखि भेदभाव र बञ्चितीकरणको शिकार भएका छन् । उनीहरूका अधिकारको कानुनी सुरक्षा कमजोर छ र सरकारहरूले घुमन्ते जीवनशैली[2] अनुसार कानुन बनाउन सकेका छैनन् ।

[1] यो संक्षिप्त अध्ययन, यससँग सम्बन्धित कार्यविधि र घटना अध्ययनहरूले घुमन्ते मानिसहरूलाई फराकिलो र लचिलो परिभाषामा समेटेका छन् । यसो गर्नुको उद्देश्य विविध परम्परागत समुदायहरूलाई समेट्नु हो । यसमा पूर्ण घुमन्ते र अर्धघुमन्ते मानिसहरू, चरनमा आधिरत पशुपालकहरू र एकान्तमा बस्ने तथा बाहिरी समाजसँग भर्खरै सम्पर्कमा आएका आदिवासीहरू पनि समावेश छन् ।

सन् २०२६ लाई अन्तर्राष्ट्रिय चरन क्षेत्र तथा पशुपालक वर्ष (IYRP) घोषणा गरिएको छ । यो समय पशुपालक तथा र घुमन्ते मानिसहरूको भूमि अधिकारको वर्तमान अवस्था बुझ्न र उनीहरूको अधिकारका लागि आवाज उठाउन एक महत्त्वपूर्ण अवसर हो । 'भू-पूर्णाधिकार सुरक्षा' भन्ने शब्दलाई सामान्यतया निश्चित सीमाभित्रको जमिनको स्वामित्वको रूपमा बुझिन्छ । तर यो अवधारणा घुमन्ते पशुपालकहरूको सन्दर्भमा मिल्दैन । अधिकांश चरनमा आधारित पशुपालक समूहहरूको परम्परागत सोचमा जमिनको एकल वा सामूहिक स्वामित्व मुख्य कुरा हुँदैन । कतिपय देशका सरकारहरूले भूमि सुरक्षाको नाममा चरनमा आधारित पशुपालकहरुलाई निश्चित सीमाभित्र दर्ता हुन बाध्य बनाएका छन् । यसले उनीहरूको साझा चरन क्षेत्र टुक्रिएको छ र घुमन्ते जीवनशैली कठिन भएको छ । यो प्रतिवेदनले चरनमा आधारित पशुपालक र घुमन्ते मानिसहरूका लागि फरक किसिमको भूमि अधिकार सुरक्षाको पक्षमा तर्क गर्छ । यस्तो सुरक्षा अधिकारमा आधारित हुनुपर्छ र त्यसले घुमन्ते जीवनशैलीको वास्तविकतालाई प्रतिबिम्बित गर्नुपर्छ ।

यो प्रतिवेदनमा अफ्रिका, एसिया र ल्याटिन अमेरिकाका सात देशका निष्कर्षहरू संक्षेपमा प्रस्तुत गरिएको छ । यसमा निम्न कुराहरू समावेश छन्: चरनमा आधारित पशुपालक र घुमन्ते समुदायहरू तथा महिलाहरूको आवागमन र पहुँचको कानुनी अवस्था, मुख्य अवरोधहरू र कार्यान्वयनका समस्याहरू र घुमन्ते समुदायको जीवनको वास्तविकता देखाउने यी देशहरूका आठ वटा घटना अध्ययनहरू । ती घटना अध्ययनहरूले निम्न कुराहरूमा प्रकाश पार्छन्: चरनमा आधारित पशुपालक र घुमन्ते मानिसहरूले भोग्ने चुनौतीहरू र मानव अधिकार उल्लङ्घनका घटनाहरू, उनीहरूले अपनाएका जीवन टिकाउने रणनीतिहरू र यी सन्दर्भमा महिलाहरूका विशेष अधिकारहरू ।

[2] यस प्रतिवेदनको प्रयोजनका लागि 'भूमि सुरक्षा' भन्नाले स्वामित्व, स्थायी बसोबास वा निजी सम्पत्तिको मोडेललाई जनाउँदैन । यहाँ भूमि सुरक्षाको अर्थ चरनमा आधारित पशुपालकहरूको निम्न अधिकारहरूको सामर्थ्य र कार्यान्वयन हो: स्वतन्त्र आवागमन - मौसमी चरन क्षेत्र र मार्गहरूमा स्वतन्त्र रूपमा आउजाउ गर्ने अधिकार, साझा पहुँच - परम्परागत र समझदारीमा आधारित व्यवस्थामार्फत जमिन र पानीमा पहुँच पाउने अधिकार, सामूहिक व्यवस्थापन- जमिनमा आफ्नो पहुँचका नियम र शर्तहरू आफ्नै समुदायले तय गर्ने अधिकार र पारस्परिक स्रोत उपयोग - एकअर्कासँग मिलेर स्रोत साझा गर्ने अधिकार । यी अधिकारहरूले घुमन्ते किसानहरूको आफ्नै शर्तमा र आफ्नै परम्परागत ढाँचाभित्र मान्यता पाउनुपर्छ । चरनमा आधारित पशुपालकहरुलाई निश्चित सीमाभित्र जबरजस्ती दर्ता गराउनु हुँदैन ।

## २. अध्ययन कार्यविधि

RRI ले समुदायका अधिकारहरू कस्ता छन् भनेर बुझ्ने काम गरिरहेको छ । यसका लागि अधिकारवाहक समूह र विज्ञहरूसँग राम्ररी छलफल र सहकार्य गरिएको छ । यसको मुख्य उद्देश्य चरनमा आधारित पशुपालक र घुमन्ते जीवन बिताउने मानिसहरूको भू-पूर्णाधिकार र आवागमनको अधिकार कति बलियो छ भनेर नाप्नका लागि विस्तृत कार्यविधि [3] बनाउनु हो । यसमा यी समुदायका महिलाहरूका अधिकारहरू पनि हेरिएको छ । यो कार्यविधि प्रत्येक देशमा चरनमा आधारित पशुपालक र घुमन्ते मानिसहरूमा लागू हुने कानुन र नीतिहरूमा केन्द्रित छ । ती कानुनहरू व्यवहारमा कत्तिको लागू हुन्छन् भनेर पनि हेरिएको छ । नतिजालाई भरपर्दो र विश्वसनीय बनाउन तथ्याङ्क सङ्कलन र विश्लेषण सम्बन्धित देशकै विज्ञहरूले गरेका छन् ।

यो प्रतिवेदनमा बोलिभिया, केन्या, मङ्गोलिया, नेपाल, नाइजर, पेरु र तान्जानिया गरी सात देशका चरनमा आधारित पशुपालक र घुमन्ते समुदायका अधिकारहरूको अवस्था र घटना अध्ययनहरू समावेश छन् । घुमन्ते समुदायका अधिकारहरुलाई राष्ट्रिय कानुनको आधारमा हेरिए पनि यी अधिकारहरू समुदायमा पहिलेदेखि नै स्वाभाविक रूपमा रहेका हुन्छन् । यी अधिकारहरू राज्यले दिने वा खोस्ने कुरा होइन । यो अध्ययनले अहिले के छ र के हुनुपर्छ भन्ने कुरा छुट्याउँछ । साथै चरनमा आधारित पशुपालकहरूको परम्परागत अधिकार र जीविकामा के–के वाधा अड्चन छन् भनेर पनि देखाउँछ । यसले कानुनमा सुधार र सही कदम चाल्नका लागि बलियो आधार दिन्छ ।

## ३. भू-पूर्णाधिकार व्यवस्था: पहुँचको अधिकारलाई मान्यता दिने कानुनी बाटाहरू

चरनमा आधारित पशुपालकहरुलाई अधिकारवाहकको रूपमा छुट्टै पहिचान दिनु जरुरी छ । तिनका मौलिक अधिकारहरूको सम्मान गर्ने राष्ट्रिय कानुनी ढाँचा हुनु पनि उत्तिकै आवश्यक छ । यस्तो ढाँचाले मात्र सन् २०२६ को अन्तर्राष्ट्रिय चरन क्षेत्र तथा घुमन्ते पशुपालक वर्ष (IYRP 2026) को लक्ष्य पूरा गर्न सकिन्छ । यो लक्ष्य भनेको चरनमा आधारित पशुपालक समुदायहरुलाई मान्यता दिनु र दिगो विकासमा तिनले पुऱ्याएका योगदानलाई समर्थन गर्नु हो ।[4]

पाइलट परियोजनामा समेटिएका सात देशहरूमा चरनमा आधारित पशुपालकहरुलाई प्रचलित तीनमध्ये कुनै एक तरिकाले छुट्टै अधिकारवाहकको रूपमा मान्यता दिइएको छ ।

- **बोलिभिया, केन्या, नेपाल, पेरु र तान्जानियामा** चरनमा आधारित पशुपालकहरुलाई सामूहिक अधिकारको मान्यता दिने भू-पूर्णाधिकार व्यवस्थाभित्र राखिएको छ । यो व्यवस्था आदिवासी जनजाति वा स्थानीय समुदायहरूका सामूहिक अधिकारमा आधारित छ । यस्तो समुदायको सदस्यता नै चरनमा आधारित पशुपालक र घुमन्ते मानिसहरूका अधिकारले कानुनी रूपमा मान्यता पाउने मुख्य आधार हो । तर यी व्यवस्थाहरूले अझै पनि पूर्ण अधिकार दिँदैनन् । पहुँचलाई अधिकारको दृष्टिकोणभन्दा पशु उत्पादन बढाउने दृष्टिकोणबाट नियमन गर्ने गरिन्छ ।

- **अफ्रिकाको नाइजरमा** राष्ट्रिय कानुनहरूले चरनमा आधारित पशुपालकहरूको भू-पूर्णाधिकार अधिकारलाई विशेष रूपमा मान्यता दिएका छन् । नाइजरसँग पशुपालन सम्बन्धी अफ्रिकाकै सबैभन्दा व्यापक कानुनी ढाँचा छ । यो ढाँचा 'गाउँ सहिता' (Code Rural) प्रणाली (अध्यादेश नं. ९३–०१५) मा आधारित छ । पशुपालन अध्यादेश (अध्यादेश नं. २०१०–०२९) ले यसलाई थप बलियो बनाएको छ । यी दुवैले मिलेर चरनमा आधारित पशुपालकहरूको आवागमनलाई कानुनी मान्यता दिन्छन् । चरन स्रोतमा पहुँचलाई पनि नियमन गर्छन् । साथै, भूमिसम्बन्धी विवाद व्यवस्थापन र चरन मार्गहरूको जिम्मेवारी लिने विकेन्द्रीकृत भूमि व्यवस्थापन संस्थाहरू 'कमिसन फोन्सिएर' (Commissions Foncières) स्थापना गरिएका छन् ।

नाइजरको पशुपालन कानुन चरनमा आधारित पशुपालक समुदायहरूकै माग र दबाबका कारण बनेको हो । यो कानुन बनाउँदा सहभागितामूलक तरिका अपनाइयो । यसमा पशुपालकहरूका प्रतिनिधि र स्थानीय मुखियाहरू पनि सामेल थिए । नाइजरका सबै क्षेत्रहरूमा एक सयभन्दा बढी कार्यशालाहरू आयोजना गरिए । यी कार्यशालाहरूको उद्देश्य पशुपालक संगठनहरूका माग र आवश्यकताहरू पहिचान गर्नु थियो ।

**मङ्गोलिया**मा राष्ट्रिय कानुनले सबै जमिनमा राज्यको सार्वभौमिकता स्थापित गरेको छ । यसमा चरनमा आधारित पशुपालकहरूले प्रयोग गर्ने चरन क्षेत्र पनि पर्छ । कानुनले जमिनलाई ६ वटा वर्गमा विभाजन गरेको छ । चरन क्षेत्र कृषि जमिनको श्रेणी अन्तर्गत पर्छ । मङ्गोलियामा चरन क्षेत्र ठूलो मात्रामा फैलिएको छ । त्यसैले चरनमा आधारित पशुपालकहरूले परम्परागत रूपमा घुमन्ते जीवनशैली अपनाउँदै आएका छन् । तर राज्यले यो परम्परागत चलन र अभ्यासलाई राष्ट्रिय कानुनमा स्पष्ट रूपमा मान्यता वा संरक्षण दिएको छैन । फलस्वरूप, कानुनले चरनमा आधारित पशुपालकहरूको आवागमनलाई अधिकारको दृष्टिकोणबाट हेर्दैन । बरु पशु उत्पादकता र भूमि व्यवस्थापनको दृष्टिकोणबाट मात्र नियमन गर्छ । भूमिसम्बन्धी कानुनमा मङ्गोलियाको सिमानाभित्रको सबै जमिनलाई 'एकीकृत भूभाग' (धारा ९.१) भनी परिभाषित गरिएको छ । यसले राज्यलाई जमिनमाथि केन्द्रीकृत सार्वभौमिकता दिन्छ । साथै, राज्यले आवश्यकताअनुसार जमिनको वर्गीकरण बदल्न पनि सक्छ ।

**तालिका १. चरनमा आधारित पशुपालकहरूले अधिकार पाउने भू-स्वामित्व व्यवस्था**

| | देश | व्यवस्थाको किसिम | भू-स्वामित्व व्यवस्थाको नाम | संरक्षणको स्तर |
|---|---|---|---|---|
| अफ्रिका | **केन्या**[7] | **सामूहिक भू-स्वामित्व व्यवस्था** | दर्ता भएका र नभएका सामुदायिक जग्गाहरू | संवैधानिक संरक्षणले दर्ता भएका र नभएका समुदायहरूको सामूहिक स्वामित्वलाई मान्यता दिन्छ । तर **कानुनहरूले स्थायी बसोबास र जमिनको सीमाबद्ध एकल उपयोगलाई प्राथमिकता दिन्छन् ।** |
| अफ्रिका | **नाइजर** | **चरनमा आधारित पशुपालकका लागि विशिष्ट** | चरनमा आधारित पशुपालक समुदायहरू | अधिकारमा आधारित कानुनी ढाँचा |

| | | | | |
|---|---|---|---|---|
| अफ्रिका | **तान्जानिया** | **सामूहिक भू-पूर्णाधिकार व्यवस्था** | ग्रामीण भूमि | पशुपालनलाई नाम मात्रको वैध भूमि उपयोगको मान्यता दिइएको छ, तर समग्र कानुनी अवस्था खण्डित छ । **कानुनहरूले स्थायी बसोबास र जमिनको सीमाबद्ध एकल उपयोगलाई बाध्य बनाउँछन् ।** चरनमा आधारित पशुपालक समुदायहरूले औपचारिक रूपमा सीमांकन, दर्ता र योजना गरिएका ग्रामीण भूक्षेत्रहरूमा पहुँच राख्न सक्छन् । यो पहुँच समुदायको परम्परागत बसोबास अधिकार प्रमाणपत्र (CCROs) मार्फत हुन्छ । |
| एसिया | **मङ्गोलिया** | **चरनमा आधारित पशुपालकका लागि विशिष्ट** | राज्यको एकीकृत भूभाग | चरनमा आधारित पशुपालकहरुलाई चरन क्षेत्र प्रयोग गर्न अनुमति छ । केही नियमहरूले यस्तो प्रयोगलाई संरक्षण पनि दिन्छन् । तर राज्यसँग अन्तिम केन्द्रीकृत सार्वभौमिकता छ । अधिकारमा आधारित संरक्षण भने छैन । |
| | **नेपाल** | **चरनमा आधारित पशुपालकका लागि विशिष्ट** | चरनमा आधारित पशुपालकका अधिकारहरू | परम्परागत अभ्यासहरुलाई कानुनी मान्यता दिइएको छ । सामूहिक भू-पूर्णाधिकारका अधिकारहरूले पनि मान्यता पाएका छन् । साथै, सीमित मात्रामा निजी जमिन राख्न सक्ने सम्भावना पनि छ । |
| ल्याटिन अमेरिका | **बोलिभिया** | **सामूहिक भू-पूर्णाधिकार व्यवस्था** | टेरिटोरियो इन्डिजेना ओरिजिनारियो कम्पेसिनो (मूल किसान आदिवासी भूभाग) | संवैधानिक संरक्षणले सामूहिक भू-स्वामित्वलाई मान्यता दिन्छ । |
| | | | प्रोपिएदादेस कोमुनितारियास (सामुदायिक सम्पत्ति) | |
| | **पेरु** | **सामूहिक भू-पूर्णाधिकार व्यवस्था** | कोमुनिदादेस नाटिभास (आदिवासी समुदायहरू) | संवैधानिक संरक्षणले सामूहिक भू-स्वामित्व मान्यता दिन्छ । |
| | | | कोमुनिदादेस कम्पेसिनास (किसान समुदायहरू) | संवैधानिक संरक्षणले सामूहिक भू-स्वामित्वलाई मान्यता दिन्छ । |
| | | | आदिवासी आरक्षण-पुएब्लोस इन्डिजेनास एन ऐसलामिएन्तो वाइ कन्तात्तो इनिसियल - PIACI (स्वेच्छिक एकान्तमा रहेका आदिवासी जनजाति) | संवैधानिक संरक्षणले सामूहिक भू-स्वामित्वलाई मान्यता दिन्छ । |

# ४. घुमफिरको अधिकार

## ४.१ समुदायका आवामगन सम्बन्धी अधिकारहरू

आवागमन, मौसमी चरन र सामुदायिक व्यवस्थापन चरन क्षेत्रमा आश्रित समुदायका मौलिक अधिकारहरू हुन् ।[5] यी अधिकारहरू चरनमा आधारित पशुपालक र घुमन्ते जीविकाका मूल आधार हुन् । यिनले मान्यता पाउनु चरनमा आधारित पशुपालकहरूको सम्मान र भू-सुरक्षाका लागि अत्यन्त जरुरी छ । चरनमा आधारित पशुपालकहरूका अधिकार जोगाउनु आफैंमा महत्त्वपूर्ण छ । यसले विश्वभरका समुदायहरूको जीविकोपार्जनको आवश्यकता पूरा गर्न मद्दत गर्छ । साथै समुदायहरूले स्थानीय रूपमा जलवायु अनुकूल समाधानहरू अपनाउन पाउँदा भूक्षय रोक्न र मानव तथा प्रकृति दुवैका लागि फाइदा पुऱ्याउन सकिन्छ ।[6]

यति हुँदाहुँदै पनि, नीति र कानुनी व्यवस्थाहरूले लामो समयदेखि चरनमा आधारित पशुपालकहरूको आवागमन र जमिनको उपयोगलाई विचलन, अतिक्रमण वा दिगो भू-उपयोगमा खतराको रूपमा चित्रण गर्दै आएका छन् । यसले स्थायी बसोबासका नीतिहरू जन्माएको छ । यी नीतिहरूले भूमिको विखण्डन, पारिस्थितिक प्रणालीमा ह्रास र परम्परागत जीविकाको अपराधीकरण बढाएका छन् । दुर्भाग्यवश यो विश्लेषणको प्रमाणले देखाउँछ कि **यस्ता पूर्वाग्रहहरू अझै पनि विश्वका विभिन्न भागमा व्याप्त छन् । समीक्षा गरिएका अधिकांश कानुनी ढाँचाहरूले चरनमा आधारित पशुपालक र घुमन्ते मानिसहरूको घुमफिरको अधिकार र लचिलो भू-स्वामित्व व्यवस्थाको आवश्यकतालाई स्वीकार गर्दैनन् ।** यसले चरनमा आधारित पशुपालकहरुलाई अस्पष्ट कानुनी व्यवस्था वा कानुनी शून्यताको अवस्थामा छोड्छ, जसले असुरक्षा झन् बढाउँछ । यसमा **नाइजर एउटा महत्त्वपूर्ण अपवाद हो । नाइजरको पशुपालन सम्बन्धी कानुनले घुमफिर र मौसमी चरनलाई पशुपालनमा आधारित जीविकोपार्जनको केन्द्रीय पक्षको रूपमा स्पष्टसँग मान्यता दिएको छ ।**

### तालिका २. घुमफिरलाई चरनमा आधारित पशुपालकहरूको मौलिक अधिकारको रूपमा प्राप्त मान्यता

| 🔴 **भेदभावपूर्ण: कानुन वा नीतिले स्थायी बसोबास गर्न बाध्य पार्छ ।** | 🟠 **पशुपालकहरुलाई घुमफिरको स्पष्ट अधिकार छैन,** तर सम्बन्धित कानुनहरूले यस्तो अधिकारका लागि तर्क गर्न वा अगाडि बढाउन सकिने कानुनी आधार दिन सक्छन् । | 🟢 **चरनमा आधारित पशुपालकहरूको आवागमनलाई मौलिक अधिकारको रूपमा मान्यता दिइएको छ ।** |
|---|---|---|
| **तान्जानिया** | **केन्या**<br>**नेपाल**<br>**मङ्गोलिया**<br>**पेरु**<br>**बोलिभिया** | **नाइजर** |

परम्परागत वा औपचारिक रूपमा मान्यता प्राप्त अधिकारको रूपमा अभ्यास गरिए पनि, समुदायहरूले आफ्नो आवागमनमा निरन्तर र बढ्दो बाधाहरू भोगिरहेका छन् भन्ने यथार्थ सात देशका प्रमाणहरूले देखाउँछन् । यी बाधाहरूमा कृषि क्षेत्र अतिक्रमण, खानी उद्योगको विस्तार, संरक्षण क्षेत्रका प्रतिबन्धहरू, पूर्वाधार निर्माणका कारण आवागमन मार्गको विखण्डन र कार्बन तथा हरित विकास आयोजनाहरूको बढ्दो प्रभाव पर्छन् । कानुनी रूपमा सीमांकन गरिएका आवागमन मार्गहरूको अभाव छ । परम्परागत र सीमापारका पारस्परिक व्यवस्थाहरू कमजोर हुँदै गएका छन् । राज्यको सहायता संयन्त्रहरूका लागि औपचारिकताको बढ्दो माग छ । यी सबै कारणले निर्बाध घुमफिर कानुनी रूपमा कमजोर बनेको छ र व्यवहारमा पनि निकै खतरामा परेको छ । फलस्वरूप, चरनमा आधारित पशुपालक र घुमन्ते समुदायहरू आफ्नै परम्परागत भूभागमा पहुँचका लागि ठूला बाधा र मानव अधिकार उल्लंघनको सामना गर्दै वार्ता गर्न बाध्य छन् ।



चरनमा आधारित पशुपालक महिला परिषद्का संस्थापक सदस्यहरू ।
तस्बिर: घुमन्ते पशुपालक महिला परिषद्

## ४.२ चरनमा आधारित पशुपालक महिलाहरूका आवागमन सम्बन्धी अधिकारहरू

सातै देशहरूले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (CEDAW) अनुमोदन गरेका छन् । यस महासन्धिले राज्यहरुलाई आदिवासी महिला र ग्रामीण महिलाहरूविरुद्धका सबै कानुनी अवरोधहरू हटाउन बाध्य पार्छ । यसमा जमिनको स्वामित्व र पहुँच पनि पर्छ । तर चरनमा आधारित पशुपालकका सन्दर्भमा CEDAW का दायित्वहरू व्यवस्थित रूपमा लागू गरिएका छैनन् । **कुनै पनि देशले कानुनत: चरनमा आधारित पशुपालक महिलाहरूको आवागमन सम्बन्धी अधिकारलाई स्पष्ट रूपमा मान्यता दिएको छैन । धेरै देशहरूले सामुदायिक जमिनमा महिलाहरूको समान पहुँचको अधिकारलाई पनि मान्यता दिएका छैनन् ।** नाइजरमा आवागमनलाई चरनमा आधारित पशुपालकहरूको मौलिक अधिकारको रूपमा मान्यता दिइएको छ । यसबाट महिलाहरू पनि समुदायका सदस्यको रूपमा यो अधिकार उपभोग गर्न सक्छन् भन्ने अनुमान गर्न सकिन्छ । तर त्यहाँको कानुनले पनि चरनमा आधारित पशुपालक महिलाहरूका अधिकार र तिनको सदस्यतालाई स्पष्ट रूपमा मान्यता दिएको छैन । यसले महिलाहरुलाई नै यस्तो अधिकारका लागि वकालत गर्नुपर्ने बोझ थोपर्छ । यो एउटा गम्भीर र साझा कमजोरी हो ।

चरनमा आधारित पशुपालक र घुमन्ते महिलाहरूले पुरुषहरूले जस्तै संरचनागत बाधाअड्चनहरू भोग्छन् । तर उनीहरूले सामना गर्नुपर्ने थप लैंगिक अवरोधहरू पनि छन् । यसमा असन्तुलित र अवैतनिक रूपमा परिवारको हेरचाह गर्नुपर्ने जिम्मेवारी, पितृसत्तात्मक सामाजिक संरचना, महिलाहरूको आवागमनमा परम्परागत प्रतिबन्धहरू, यात्राका क्रममा सुरक्षाको अभाव र अधिकारंश सामुदायिक व्यवस्थापन प्रणालीमा स्वतन्त्र कानुनी हैसियतको कमी पर्छन् । यी सबै बाधाहरूले महिलाहरूको अधिकार उपभोगमा गम्भीर असर पारेका छन् । (तालिका ६ र ८)

## ४.३ सीमापार आवागमन र जलवायु अनुकूलन

चरनमा आधारित पशुपालक र घुमन्ते मानिसहरूका परम्परागत भूभाग र मार्गहरू आधुनिक राष्ट्र-राज्यका सिमानाहरू स्थापना हुनुभन्दा पहिलेदेखि नै अस्तित्वमा छन् । तिनको जमिन उपयोग र आवागमनको क्रिया मौसम, हावापानी र समयअनुसार फरक हुन्छ । सीमापार यात्रा ती समुदायहरूका लागि सांस्कृतिक र आर्थिक सम्बन्धको महत्त्वपूर्ण आधार हो । तर तिनको जीविका र जीवनको सहजतालाई राज्यका सिमानाहरूले विभाजित गरिदिएका छन् । चरनमा आधारित पशुपालकहरूका लागि सीमापार आवागमन सुख्खा भूमि व्यवस्थापनको दिगो र महत्त्वपूर्ण अनुकूलन विशेषता हो । यसले विभिन्न मौसमी स्रोतहरूमा पहुँच, पशु व्यापार र जलवायु परिवर्तनप्रति सामाजिक-पारिस्थितिक लचिलोपन सुनिश्चित गर्छ ।[8] यति हुँदाहुँदै पनि, मूल्याङ्कन गरिएका सात देशका कानुनी व्यवस्थाहरूमध्ये केवल तीन वटाले मात्र सीमापार आवागमनलाई समर्थन वा संरक्षण गर्छन्

। तथापि, चारवटा देशहरूले चरनमा आधारित पशुपालकहरूको आवागमनलाई जलवायु अनुकूलन, खडेरी व्यवस्थापन, मौसमी फेरबदल वा आकस्मिक चरनको पहुँचसँग स्पष्ट रूपमा जोडेका छन् ।

### तालिका ३. सीमापार आवागमन र जलवायु अनुकूलन रणनीतिको रूपमा घुमफिरको मान्यता

| देश | सीमापार आवागमनलाई मान्यता दिइएको वा संरक्षण गरिएको | कानुन वा नीतिले चरनमा आधारित पशुपालकहरूको आवागमनलाई जलवायु अनुकूलन रणनीतिसँग जोडेको |
|---|---|---|
| **केन्या** | विकासका लागि अन्तरसरकारी प्राधिकरण (IGAD) ट्रान्सह्युमन्स प्रोटोकल (२०२०) को हस्ताक्षरकर्ता । यो प्रोटोकलले सीमापार पशुधन आवागमनलाई जीविका र जलवायु अनुकूलन रणनीतिको रूपमा मान्यता दिन्छ । | छ । |
| **नाइजर** | छिमेकी देशहरू नाइजेरिया, चाड र बुर्किना फासोसँग मौसमी चरनका लागि द्विपक्षीय सम्झौताहरू भएका छन् । | छ । |
| **तान्जानिया** | कुनै द्विपक्षीय सम्झौता छैन । पशु स्वास्थ्य कानुनहरूले तान्जानिया, केन्या र युगान्डाबीच आवागमनमा प्रतिबन्ध लगाउँछन् । | पशुपालनलाई सामान्यतया पशुधन वा कृषि वर्गअन्तर्गत राखिएको छ । जलवायु अनुकूलन रणनीतिको मुख्य तत्वको रूपमा आवागमनलाई खासै ध्यान दिइएको छैन । |
| **मङ्गोलिया** | रसिया वा चीनसँगको सीमापार आवागमनको अधिकारलाई मान्यता दिइएको छैन । आधिकारिक रूपमा तोकिएका सीमा नाकाहरूबाहेक अन्यत्र आवागमन गर्न पाइँदैन । सीमा क्षेत्रभित्र पशुपालन गर्न, शिविर राख्न वा बसोबास गर्न पनि निषेध गरिएको छ । | कानुन वा नीतिमा जलवायु अनुकूलनका उपायहरू र कार्यक्रमहरू समावेश छन् । तर ती उपायहरू चरनमा आधारित पशुपालकहरूको आवागमनको अधिकारसँग स्पष्ट रूपमा जोडिएका छैनन् । जलवायु परिवर्तन सम्बन्धी केही नीतिहरूले पशुधनको संख्या घटाउन आह्वान गरेका छन् । तर यो काम प्रमाणमा आधारित अनुसन्धानबिना र चरनमा आधारित पशुपालकहरूको सहभागिताबिना गरिएको छ । |
| **नेपाल** | चीनसँग सीमापार चरनसम्बन्धी सम्झौता छ । यस सम्झौताअन्तर्गत सीमावर्ती जिल्लाहरूमा बस्ने चरनमा आधारित पशुपालकहरुलाई राष्ट्रिय सिमाना पार गरी स्वतन्त्र रूपमा आवागमन गर्ने र स्रोतहरू उपयोग गर्ने कानुनी अधिकार छ । तर व्यवहारमा यो पहुँच जटिल छ र अधिकारीहरूले कुनै पनि बेला प्रतिबन्ध लगाउन सक्छन् । विशेष गरी, कोभिड-१९ को महामारीपछि सीमा प्रतिबन्धहरू र पशु स्वास्थ्य सम्बन्धी बनाइएका मापदण्डहरूले चरनमा आधारित पशुपालकहरूको सीमापार आवागमनमा थप बाधा पुऱ्याएको छ ।[8] | छ । |
| **बोलिभिया** | कानुनले सीमापार आवागमनको जीवनशैलीलाई मान्यता दिन्छ र संरक्षण गर्छ । अहिलेसम्म कुनै द्विपक्षीय सम्झौता भने भएको छैन । | छ । |
| **पेरु**[9] | कुनै कानुन वा द्विपक्षीय सम्झौता छैन । | परम्परागत र प्रथागत ज्ञानलाई जलवायु न्यूनीकरण र अनुकूलन रणनीतिको रूपमा साधारण मान्यता दिइएको छ । तर चरनमा आधारित पशुपालक समुदायहरू वा तिनको आवागमनसँग कुनै स्पष्ट सम्बन्ध जोडिएको छैन । |

# ५. जमिन र पशुधनमा पहुँचका अधिकारहरू

जमिनमा पहुँच पाउने अधिकार चरनमा आधारित पशुपालकहरूका लागि सबैभन्दा आधारभूत अधिकार हो । यो अधिकार अध्ययन गरिएका सबै देशहरूमा सबैभन्दा बढी मान्यता पाएको अधिकार पनि हो । यो अनौठो कुरा होइन, किनभने यो भूमिसम्बन्धी कानुनको सबैभन्दा आधारभूत तत्त्व हो । तर **जमिनमा पहुँचको सामान्य कानुनी मान्यताले मात्र अधिकारमा आधारित वा वास्तविक पहुँच सुनिश्चित गर्दैन ।**

अधिकार र स्रोतको पहलकदमी (RRI) को पशुपालन र घुमन्ते मानिसहरूसम्बन्धी कार्यविधिअन्तर्गत पहुँचको अधिकार भनेको चरनमा आधारित पशुपालक र घुमन्ते समुदायको कानुनी वा परम्परागत रूपमा मान्यता प्राप्त हक हो । यो हकअन्तर्गत उनीहरूले जमिन, पानी र प्राकृतिक स्रोतहरूमा प्रवेश गर्न, उपयोग गर्न र आवागमन गर्न पाउँछन् । यसमा चरन क्षेत्र, पशुधनको आवागमन मार्ग, मौसमी चरन मार्ग, पानीका स्रोत, वन र संरक्षण क्षेत्रहरू पर्छन् । यो अधिकार जीविका, व्यापार र सांस्कृतिक गतिविधिका लागि उपयोग गर्न पाइन्छ । पशुपालनको सन्दर्भमा पहुँचका अधिकारहरू स्वभावैले गतिशील हुन्छन् । यी अधिकारहरू मौसमी, पारस्परिक, वार्ता र सौदाबाजीयोग्य वा साझा हुन सक्छन् । यी अधिकारहरूको प्रयोग घुमफिरको अधिकारसँग अविभाज्य रूपमा जोडिएको छ ।

चरनमा आधारित पशुपालकहरूका अधिकार र जीविका मूलत: तिनका पशुधनसँग जोडिएका छन् । पशुधनसँगै आवागमन गर्ने क्षमता पनि उत्तिकै महत्त्वपूर्ण छ । पशु स्वास्थ्य सम्बन्धी मापदण्डहरू र राज्यको सहयोग पशुधन र जीविका दुवैको संरक्षणका लागि जरुरी छ । तर पशुधन आवागमनमा प्रतिबन्धहरूले चरनमा आधारित पशुपालकहरूको पहुँच सम्बन्धी अधिकारमा गम्भीर बाधा पुर्‍याउन सक्छन् । यसले तिनको जीविका चलाउने क्षमतालाई रोक्न र अपराधीकरण समेत गर्न सक्छ । समुदाय र नियामक निकायबीच शक्तिको असन्तुलन बढी भएका सन्दर्भमा, सुख्खा भूमिमा पशुधन आवागमनमा मनोमानी प्रतिबन्धहरूले मानिस र पारिस्थितिक प्रणाली दुवैमा हानिकारक प्रभाव पार्न सक्छन् ।

तालिका ४ मा पहुँचका अधिकारहरू कुन हदसम्म मान्यता प्राप्त छन् र कानुनी व्यवस्थाहरूले पशुधनको पहुँचलाई कति फरक तरिकाले हेर्छन् भन्ने कुरा देखाइएको छ ।

### तालिका ४. पहुँचका अधिकारहरूको मान्यता

| देश | पहुँच सुनिश्चित गरिएको | अधिकारको क्षेत्रगत विस्तार (वर्णनात्मक) | पशुधनको पहुँचमा भिन्नता |
|---|---|---|---|
| **केन्या** | ○ चरन क्षेत्रको सामुदायिक भू-पूर्णाधिकार र सामूहिक उपयोग गरिएको छ ।<br>○ सामुदायिक संरक्षण क्षेत्र व्यवस्था: चरन योजनासहित आलोपालो चरनको नियन्त्रित रूप लागू गरिएको छ ।<br>○ संरक्षित क्षेत्र, पानी, चरन र नुन चाट्ने ठाउँमा लचिलो र वार्तायोग्य सीमापार पहुँच छ | सामुदायिक जमिनले **राष्ट्रिय भूभागको कम्तीमा ६५ प्रतिशत** ओगटेको छ । तर औपचारिक दर्ता अझै पछाडि छ । चरनमा आधारित पशुपालक समुदायहरूका लागि छुट्टै विवरण पनि छैन । | छ - संरक्षण क्षेत्र र राष्ट्रिय निकुञ्जहरूमा पशुधनको पहुँच कडा रूपमा प्रतिबन्धित वा निषेध गरिएको छ । मानिसहरुलाई पहुँच अनुमति भएका ठाउँमा पनि पशुधनलाई भने अनुमति दिइँदैन । |
| **नाइजर** | ○ चरन क्षेत्रहरू "राज्यको सार्वजनिक भूभाग" (सार्वजनिक जमिन) को हिस्सा हुन् । यी क्षेत्रहरूमा चरनमा आधारित पशुपालकहरुलाई जमिन र चरनका स्रोतहरूमा साझा र सामूहिक उपयोगको अधिकार छ । यस्ता स्रोतहरूमा चरन क्षेत्र, पानीका स्रोत र विश्राम क्षेत्रहरू पर्छन् ।<br>○ • कृषि क्षेत्रहरूमा निजी वा परम्परागत रूपमा प्रयोग गरिने जमिन हुन्छ । यस्ता क्षेत्रहरूमा कानुनले मौसमी चरन मार्ग र करिडोर, बाँकी चरन क्षेत्र र सार्वजनिक पानीका स्रोतहरूलाई मान्यता दिएर चरनमा आधारित पशुपालकहरूको पहुँचको अधिकार सुनिश्चित गर्छ । यी चरनका सुविधाहरू जग्गाधनी र किसानहरूका लागि बाध्यकारी छन् । | पशुपालन अध्यादेश नं. २०१०-०२९ ले गाउँ संहिता (Code Rural) को राष्ट्रिय सचिवालयलाई चरन क्षेत्रहरूको सूची तयार गर्न निर्देश दिएको छ । सन् १९९३ देखि नै गाउँ संहिताको कानूनी ढाँचाले भू-उपयोगको नक्सांकन र वर्गीकरण गर्न "स्केमा द अमेनाजमेन्त फोन्सिएर" (SAF) अर्थात् भूमि व्यवस्थापन योजना **तयार** गर्नुपर्ने प्रावधान राखेको छ । तर **अहिलेसम्म केही इलाकाहरूमा मात्र आंशिक चरन क्षेत्रहरूको सूची तयार गरिएको छ** । राष्ट्रिय स्तरमा कुनै पनि SAF लाई अन्तिम रूप दिइएको छैन ।[10] | छ - गाउँ संहिता (Code Rural) ले मानव उपयोगका लागि पानीलाई प्राथमिकता दिन्छ र यसलाई सार्वजनिक अधिकारको रूपमा व्यवस्थापन गर्छ (धारा ४८) । पशुधनका लागि पानीको पहुँचलाई भने छुट्टै नियमन गरिन्छ । यो नियमन चरन सुविधाहरू र विशेष पशुपालन कानुनअन्तर्गत तोकिएका पानीका स्रोतहरूमार्फत हुन्छ । |

| | | | |
|---|---|---|---|
| **तान्जानिया** | ○ संयुक्त ग्रामीण भू-उपयोग योजना (JVLUP) ले समुदायहरुलाई सामुदायिक चरन क्षेत्र, पशुधन मार्ग र मौसमी आरक्षित क्षेत्रहरुलाई ग्रामीण जमिनको रूपमा औपचारिक तवरबाट संरक्षण गर्न सक्षम बनाउँछ ।[11]<br>● तर JVLUP को सम्भावना एउटा व्यापक कानुनी व्यवस्थाभित्र सञ्चालित छ जसले स्थायी बसोबासलाई बाध्य पार्छ । यो व्यवस्थाले चरनमा आधारित पशुपालकहरूको आवागमनलाई सशर्त र प्रशासनिक नियन्त्रणमा राखिने जमिन उपयोगको रूपमा मात्र हेर्छ ।[12]<br>● उजामा सामुदायिक स्रोत टोली (UCRT) का उदाहरणहरूका लागि तान्जानियाको घटना अध्ययन हेर्नुहोस् । यी उदाहरणहरूले भूपरिधिको सम्पर्क र सामूहिक भू-पूर्णाधिकारलाई जोड दिन्छन् । | तान्जानियामा चरनमा आधारित पशुपालकहरूले मान्यता प्राप्त अधिकार राख्ने जमिनको विस्तार **अझै पनि विवादास्पद छ ।** | छ - JVLUP ले सामान्य मानव उपयोग क्षेत्रभन्दा छुट्टै विशेष चरन क्षेत्र र पशुधन मार्गहरू तोक्छ । तर व्यवहारमा यो भिन्नता फितलो रूपमा मात्र लागू गरिएको छ । संरक्षण र भू-उपयोग नीतिहरूले पशुधन आवागमनमा बढ्दो प्रतिबन्ध लगाउँदै छन् । यी नीतिहरू मानिसको आवागमनमा भने समान रूपमा लागू हुँदैनन् । |
| **Mongolia** | ○ जमिनसम्बन्धी कानुनअनुसार चरनमा आधारित पशुपालकहरुलाई चरन क्षेत्रमा पहुँचको अधिकार छ ।<br>○ चरन क्षेत्र निजी स्वामित्वमा राख्न पाइँदैन ।<br>○ चरनमा आधारित पशुपालकहरूले हिउँदे र वसन्ते शिविरका लागि १५ देखि ६० वर्षसम्मको हकभोग प्रमाणपत्र लिन सक्छन् । यो प्रमाणपत्र थप ४० वर्षका लागि एकपटक नवीकरण गर्न सकिन्छ ।<br>○ स्थानीय प्रशासनका नियमहरूको आधारमा वन क्षेत्र र संरक्षित क्षेत्रहरूमा सीमित पहुँच अर्थात् मौसमी उपयोग हुन सक्छ ।<br>○ खानी तथा औद्योगिक क्षेत्र, खेतीयोग्य कृषि जमिन र बसोबास क्षेत्रहरूमा पशुधन चराउन र स्रोत उपयोग गर्न निषेध गरिएको छ । | मङ्गोलियामा[13] **लगभग १९,६००० चरनमा आधारित पशुपालक परिवारहरू छन् ।** देशको कुल भूभाग १५ करोड हेक्टर छ । यसमध्ये **७२ प्रतिशत भूभाग चरनमा आधारित पशुपालन प्रयोजनका लागि उपयोग गरिन्छ ।**[14] | छ - सामान्यतया मानिस र पशुधन सँगै आवतजावत गर्छन् । तर पशुधनका लागि विशेष प्रतिबन्धहरू लागू हुन्छन् । क्वारेन्टाइन क्षेत्रहरूमा (पशुधन र पशु स्वास्थ्य कानुन, धारा १७.३), कृषि जमिन नजिक (बाली खेती कानुन, धारा २४.१.१) र खानी तथा औद्योगिक क्षेत्रहरूमा पशुधनको आवागमनमा प्रतिबन्ध छ । पशुधन आवागमनका लागि पशु चिकित्सा र पशु पहिचान सम्बन्धी मापदण्डहरू विशेष रूपमा लागू हुन्छन् । |
| **Nepal** | ○ निजी जमिनका स्वामित्व क्षेत्रहरू छन् ।<br>○ राष्ट्रिय तथा सामुदायिक वनहरूमा चरन र मौसमी गतिविधिका लागि पहुँचको परम्परागत अधिकार छ ।<br>○ राष्ट्रिय वनका चरन क्षेत्रहरूमा पहुँचको अधिकार छ, तर स्थानीय सरकारले नियमन गर्छ ।<br>○ चरनमा आधारित पशुपालकहरुलाई पहाडी राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रहरूमा सीमित पहुँचको अधिकार छ । | नेपालमा **२२ प्रतिशतभन्दा बढी जमिन चरन क्षेत्रको रूपमा तोकिएको** छ । | छ - चरनमा आधारित पशुपालकहरूले परम्परागत गतिविधिका लागि राष्ट्रिय र सामुदायिक वनहरूमा पहुँच राख्न सक्छन् । तर राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रहरूमा पशुधन चराउनका लागि छुट्टै र कडा नियमहरू लागू हुन्छन् । यी क्षेत्रहरूमा अस्थायी बसोबास समेत निषेध गरिएको छ । संरक्षण क्षेत्रहरूको विस्तारका कारण घुमन्ते आदिवासी जनजातिहरू विस्थापित भएका छन् ।[15] |

| | | | |
|---|---|---|---|
| **बोलिभिया** | ○ चरनमा आधारित पशुपालकहरुलाई पशु उद्यमीको रूपमा जमिनमा पहुँचको अधिकार छ । तर यो अधिकार सामाजिक कार्य वा आर्थिक सामाजिक कार्य (FES) पूरा गर्ने शर्तमा मात्र दिइन्छ ।<br>○ आदिवासी र किसान समुदायहरूको क्षेत्रीय अखण्डता सुनिश्चित गरिएको छ । यसमा उत्पादनशील क्षेत्रहरू मात्र नभई सामाजिक, आध्यात्मिक र सांस्कृतिक स्थानहरू पनि समावेश छन् ।<br>○ सार्वजनिक (आर्थिक) जमिनमा किसान समुदाय, आदिवासी जनजाति र अफ्रो-बोलिभियनहरूलाई; (अ) नि:शुल्क सामूहिक भोगाधिकार दिइन्छ । यसको आन्तरिक वितरण परम्परागत नियमहरूद्वारा सञ्चालित हुन्छ । (आ) मध्यम र ठूला पशुपालन उद्यमहरूका लागि बजार मूल्यमा र व्यक्तिगत बसोबासकर्ताहरूका लागि सहुलियत मूल्यमा जमिन उपभोग गर्न दिइन्छ ।<br>○ निजी जमिनमा पशु चरनका लागि तेस्रो पक्षको पहुँचमा कडा बन्देज लगाइएको छ ।[16] | समुदायहरूका लागि मान्यता प्राप्त ३ करोड ४६ लाख हेक्टर जमिनमध्ये **लगभग १ करोड २० लाख हेक्टर जमिन पशुपालन र पशुधनसँग सम्बन्धित गतिविधिका लागि उपयोग हुने अनुमान गरिएको छ ।** | छ - जमिनमा मानव पहुँच बसोबास र सामाजिक कार्यका आधारमा प्रमाणित गरिन्छ । तर पशुधनको पहुँच प्राविधिक मापदण्डहरूका आधारमा मूल्याङ्कन गरेर मात्र दिइन्छ । यसमा पशु संख्या गणना (प्रति गाईवस्तु पाँच हेक्टर) र अनिवार्य ब्रान्ड दर्ता पर्छन् । |
| **पेरु** | ○ जमिनमा किसान र आदिवासी समुदायहरूको सामूहिक पहुँचको अधिकारलाई मान्यता दिइएको छ । समुदायहरुलाई जमिनको पहुँचमा आन्तरिक नियमन गर्ने व्यापक अधिकार दिइएको छ ।<br>○ पर्याप्त जग्गा नभएका किसान समुदायहरुलाई देशको अधिनमा रहेका छिमेकी राज्यहरूको सार्वजनिक जमिन हस्तान्तरणलाई प्राथमिकता दिइन्छ । यस्तो जमिन बिक्री हुँदा किन्न पाउने प्राथमिकताको अधिकार पनि दिइन्छ । पर्याप्त जमिन नभएका आदिवासी समुदायहरुलाई आफ्नो जनसंख्याको आवश्यकता पूरा गर्न थप भूभाग पाउने अधिकार छ ।<br>○ निजी जमिनमा चरनको पहुँचका लागि जग्गाधनीसँग सम्झौता गर्नु अनिवार्य छ । | चरन क्षेत्रहरूको छुट्टै विवरण उपलब्ध छैन ।<br>७,२८२ किसान समुदायहरू छन् जसमा एन्डिज, तटीय र अमेजनका नदी किनारका समुदायहरू पर्छन् । तीमध्ये ५,२९७ समुदायहरूसँग स्वामित्व प्रमाणपत्र छ र तिनले जम्मा २,४७,३५,०४३ हेक्टर क्षेत्र ओगटेका छन् ।<br>अमेजनमा ३,००३ आदिवासी समुदायहरू छन् जसको कानुनी क्षेत्रफल १,८५,९०,५६५ हेक्टर छ । यसमध्ये २,२८६ समुदायहरूको भू-स्वामित्व प्रमाणपत्र, विस्तार र सीमांकन भइसकेको छ ।<br>स्वेच्छिक एकान्तमा रहेका आदिवासी जनजाति (PIACI) समुदायहरूका लागि आठ वटा आदिवासी वा इलाका आरक्षणहरू छन् जसको जम्मा क्षेत्रफल ४६,३१,४५२.८० हेक्टर छ । यो राष्ट्रिय भूभागको लगभग ३.६ प्रतिशत हो । | छैन - कानुनी ढाँचाले मानव र पशुधनको पहुँचका लागि फरक नियमहरू बनाएको छैन । सामुदायिक सभाहरूले प्रत्येक सदस्यले चराउन पाउने अधिकतम पशुधनको संख्या नियमन गर्छन् (कानुन २४६५६, धारा १३) । तर यो एकीकृत सामुदायिक भूमि व्यवस्थापन संयन्त्रको रूपमा सञ्चालित हुन्छ । |

## ५.१ साझा अधिकार कि एकल भू-पूर्णाधिकारको अधिकार ?

चरनमा आधारित पशुपालक र घुमन्ते मानिसहरूका लागि सुरक्षित भू-स्वामित्व भनेको लचिलो भू-स्वामित्व हो । एकल वा साझा पहुँचमा कडा प्रतिबन्ध लगाइँदा चरनमा आधारित पशुपालकहरूले जमिन र चरन क्षेत्रको पहुँच गुमाउँछन् । यो अवस्था तिनलाई स्थायी बसोबास गर्न बाध्य पार्ने मुख्य कारण बन्न सक्छ । माथि उल्लेख गरिएझैं, कठोर नियामक ढाँचाहरूले यी समुदायहरूमाथि ठूलो दबाब पार्न सक्छन् । यसले प्रतिबन्धात्मक वातावरण सिर्जना गर्छ । यस्तो वातावरणले चरनमा आधारित पशुपालकहरुलाई आफ्नो परम्परागत अधिकार प्रयोग गरेबापत अपराधी ठहऱ्याउन सक्छ । वा तिनलाई आफ्नो परम्परागत अभ्यास र ज्ञान प्रणाली छोड्न बाध्य पार्न सक्छ । यी अभ्यास र ज्ञान प्रणालीहरू जमिनको संरक्षण र पुस्तौंपुस्ता हस्तान्तरणका लागि अत्यन्त महत्त्वपूर्ण छन् ।

> *"औपचारिक भू-पूर्णाधिकार प्रणालीहरू चरनमा आधारित पशुपालकका अधिकारहरुलाई मान्यता दिन धेरै हदसम्म असफल भएका छन् । विशेष गरी लचिलो, बहुउद्देश्यीय र जमिनको अस्थायी भोगचलनलाई समर्थन गर्ने अधिकारहरूले मान्यता पाएका छैनन् ।*[17]
>
> — अन्तर्राष्ट्रिय चरन क्षेत्र तथा पशुपालन वर्ष (IYRP) पशुपालक तथा भूमि अधिकार कार्यसमूह

निष्कर्षहरूले समीक्षा गरिएका देशहरूमा विविध संस्थागत तर्कहरू प्रतिबिम्बित गर्छन् ।

**नाइजरमा** कानुनी ढाँचाले पशुपालक समुदायहरूको आफ्नो परम्परागत जमिनमा प्राथमिक उपभोगको अधिकारलाई मान्यता दिन्छ । साथै, यी स्थानहरू अन्य चरनमा आधारित पशुपालकहरूका लागि खुला र साझा राखिन्छन् ।[18] गाउँ संहिता (Code Rural) मा उल्लेख गरिएझैं, नाइजरले चरन क्षेत्रको बाँडफाट निषेध गरेको छ । यसको सट्टा यी जमिनहरुलाई चरनका लागि आवागमनको सुविधा संरक्षणका लागि सामूहिक स्रोतको रूपमा राख्न रुचाइएको छ (धारा ५) । **पेरु र केन्यामा** चरनमा आधारित पशुपालकका अधिकारहरू व्यापक सामुदायिक कानुनहरूमार्फत सुनिश्चित गरिएका छन् । यहाँ पहुँचका अधिकारहरू सीमांकन गरिएका सामुदायिक जमिन र भूभागमा मात्र सीमित छन् । यसले प्रभावकारी रूपमा आवागमनको अधिकारलाई प्रतिबन्धित गर्छ । बाँकी देशहरू **बोलिभिया, मङ्गोलिया, नेपाल र तान्जानियामा** क्षेत्रअनुसार पहुँचलाई फरक तरिकाले हेरिएको छ ।[19]

**बोलिभियामा** राष्ट्रिय कानुनअन्तर्गत चरनमा आधारित पशुपालक र घुमन्ते मानिसहरुलाई तोकिएका क्षेत्रहरूमा एकल पहुँचको अधिकार दिइएको छ । अन्य सामूहिक वा सार्वजनिक जमिनमा औपचारिक रूपमा मान्यता प्राप्त मेलमिलापका सम्झौता वा परम्परागत अधिकारमार्फत पहुँच राख्न सकिन्छ ।[20] आफ्नो एकल जमिनभित्र समुदायहरूले सामूहिक र व्यक्तिगत इलाकाहरू दर्ता गर्न, आन्तरिक नियमहरू अपनाउन, साझा उपयोगका क्षेत्रहरू स्थापना गर्न र बाटोका सुविधाहरू सिर्जना गर्न पनि सक्छन् ।

**नेपालमा** चरनमा आधारित पशुपालकहरूले पहाडी र हिमाली जिल्लाहरूमा निश्चित सीमासम्म (८.७५ एकड वा ३.५४ हेक्टरसम्म) निजी जमिन राख्न सक्छन् जहाँ तिनको एकल अधिकार हुन्छ । हिउँदमा चरनमा आधारित पशुपालकहरूले मुख्यत: आफ्नो गाउँ नजिकको वा आफ्नै जमिनको चरन क्षेत्र उपयोग गर्छन् । चरनमा आधारित पशुपालकहरूले बर्सेनि आठ महिनाभन्दा बढी समय हिमाली चरन क्षेत्रमा बिताउँछन् । त्यहाँ उनीहरू संरक्षित क्षेत्रहरूका साथै सामुदायिक वनहरूमा प्रचलित साझा पहुँचको परम्परागत अभ्यासमा निर्भर हुन्छन् ।

**तान्जानियामा** Cनिश्चित समुदायबाट अरुलाई बाहिर राख्ने वा साझा क्षेत्रका रूपमा उपयोग गर्न दिने भन्ने अधिकार, भू-क्षेत्रको कानुनी वर्गीकरण र लागू हुने कार्ययोजनामा निर्भर छ । भूमिसम्बन्धी ऐन र ग्रामीण जग्गा ऐन अन्तर्गत जमिनलाई सामान्य जमिन, ग्रामीण जमिन र आरक्षित जमिन गरी तीन श्रेणीमा वर्गीकरण गरिएको छ । प्रत्येक वर्गमा पहुँच, उपयोग र नियन्त्रणका फरक नियमहरू छन् । औपचारिक रूपमा सीमांकन र दर्ता गरिएका ग्रामीण जमिन

क्षेत्रहरू व्यक्ति वा समूहले कानुनी रूपमा एकल अधिकारको रूपमा सुरक्षित गर्न सक्छन् । तान्जानियाको कानुनले सहभागितामूलक ग्रामीण जमिन उपयोग योजना र अन्तर-गाउँ समन्वय संयन्त्रमार्फत कानुनी रूपमा मान्यता प्राप्त साझा अधिकारहरू पनि प्रदान गर्छ । भू-उपयोग योजना ऐन २००७ ले राष्ट्रिय, जिल्ला र गाउँ स्तरमा योजना प्राधिकरणहरू स्थापना गर्छ । यसले सहभागितामूलक ग्रामीण जमिन उपयोग योजनासहित भू-उपयोग योजनाहरू बनाउने र अनुमोदन गर्ने ढाँचा तोक्छ । सहायक ग्रामीण भू-उपयोग योजना नियमावलीले छिमेकी गाउँहरूबीच संयुक्त योजना सम्झौताको व्यवस्था गर्छ । यसले चरन क्षेत्र र प्राकृतिक स्रोतहरूमा साझा पहुँच सम्भव बनाउँछ । आरक्षित जमिनहरू - जस्तै राष्ट्रिय निकुञ्ज, वन आरक्ष र खेल आरक्षमा पहुँच तान्जानियाको क्षेत्रगत संरक्षण कानुनअन्तर्गत कडा रूपमा प्रतिबन्धित वा पूर्णत: निषेध गरिएको छ । वन्यजन्तु संरक्षण ऐन २००९ ले वन्यजन्तु संरक्षणलाई प्राथमिकता दिन्छ । यसले वन्यजन्तु व्यवस्थापन क्षेत्र, खेल आरक्षण र नियन्त्रित क्षेत्रहरू स्थापना गर्ने अधिकार दिन्छ । यी क्षेत्रहरूमा चरन र पशुधन आवागमन निषेध गरिएको वा प्रतिबन्धात्मक अनुमतिको अधीनमा राखिएको छ । यसले प्राय: ऐतिहासिक रूपमा उपयोग गरिएका चरन क्षेत्रहरूबाट चरनमा आधारित पशुपालकहरूको बञ्चितीकरण र कतिपय अवस्थामा विस्थापन समेत निम्त्याएको छ ।

**मङ्गोलियामा** एकीकृत भूभाग नीतिका कारण चरनमा आधारित पशुपालकहरूको भू-पहुँचलाई विशेष रूपमा नियमन गरिएको छैन । यो नीतिले राज्यलाई सबै जमिनमाथि सार्वभौम अधिकार दिन्छ । तर पशुपालकहरूले परम्परागत नियम र व्यवस्थाका आधारमा चरन क्षेत्रमा पहुँच राख्न सक्छन् । मङ्गोलिया कानुनले शहरी भूखण्डको व्यक्तिगत स्वामित्व र पशुपालकहरूको हिउँदे र वसन्ते शिविरका लागि औपचारिक हकभोग प्रमाणपत्र (१५–६० वर्षका लागि) दिन्छ । तर व्यवहारमा धेरै पशुपालकहरू औपचारिक प्रमाणपत्रभन्दा परम्परागत भू-स्वामित्वमा निर्भर छन् । यसमा मुख्यत: नातेदारी सम्बन्ध र दीर्घकालीन बसोबास पर्छन् । हकभोग प्रमाणपत्रले ओगटेको जमिन घुमन्ते पशुपालनका लागि आवश्यक जमिनको एउटा सानो हिस्सा मात्र हो । व्यापक चरन क्षेत्रमा दिइने पहुँच पशुपालक परिवारहरूबीच वार्तामा आधारित पारस्परिक व्यवस्थाहरूद्वारा सञ्चालित हुन्छ । उच्च घनत्व भएका क्षेत्रहरू वा विशेष अवस्थाहरूमा कहिलेकाहीँ स्थानीय अधिकारीहरूले हस्तक्षेप गर्छन् । चरन क्षेत्र कानुनत: राज्यको स्वामित्वमा छ । तर पशुपालकहरूको पहुँच र उपयोग न पूर्णत: खुला छ न त एकल । यो एउटा परम्परागत मध्यमार्गमा आधारित छ, जसलाई औपचारिक कानुनले पूर्णत: समेट्न सकेको छैन । हाल पशुपालकहरूको हिउँदे शिविर इलाकाका लागि पाएका प्रमाणपत्र र केन्द्र सरकारले चरन क्षेत्रमा जारी गरेका खानी इजाजत क्षेत्रहरूबीच कत्तिको दोहोरोपन छ भन्ने तथ्याङ्क छैन । प्रशासनिक निकायहरूले यस्तो अभिलेख बनाउँदैनन् वा राख्दैनन् । त्यसमाथि हिउँदे र वसन्ते शिविर क्षेत्रको प्रमाणपत्र छ वा छैन भन्ने कुराले कुनै फरक पार्दैन। किनभने भूमिगत खनिज अधिकारले अन्य सबै जमिन र स्रोतको अधिकारलाई पाखा लगाउँछ । फलस्वरूप, पशुपालकहरूले आफ्नो जमिन गुमाउँछन् । प्रमाणपत्र भए पनि त्यसले संरक्षण दिँदैन । पशुपालक ऐन पारित भए पनि यसमा पशुपालकहरूको भूमि अधिकार वा आवागमनको अधिकारसम्बन्धी कुनै प्रावधान छैन ।

एकल पहुँचको अधिकारले औद्योगिक कृषि वा खानी परियोजनाहरूको अतिक्रमण विरुद्ध केही संरक्षण दिन सक्छ । तर यसका कठोर सीमाहरूले घुमन्ते समुदायलाई अनिवार्य रूपमा स्थायी बसोबास गर्न बाध्य पार्छन् । यसबाट साझा चरन क्षेत्रमा बाह्य दबाबका कारण पशुपालकहरू असुरक्षित हुन पुग्छन् । जहाँ चरनमा आधारित पशुपालकहरुलाई आफ्नो परम्परागत अधिकार प्रयोग गर्न शुल्क तिर्नुपर्ने वा विशेष अदालत जानुपर्ने जस्ता प्रक्रियागत झन्झटहरू छन्, त्यहाँ चुनौतीहरू कायमै छन् (उदाहरणका लागि नेपालको घटना अध्ययन हेर्नुहोस्) । मङ्गोलियाको हकमा परम्परागत कानुनहरूले साझा र एकल पहुँचको सन्तुलन मिलाउँदाको महत्त्व दर्शाउँछन् । तर औपचारिक मान्यताको अभावका कारण खानी जस्ता प्रतिस्पर्धी भू-उपयोगको सवालमा चरनमा आधारित पशुपालक समुदायहरू

राज्यका निर्णयहरूमा भर पर्न बाध्य छन् (मङ्गोलियाको घटना अध्ययन हेर्नुहोस्) । **सात देशका अवस्थाहरूको यो परिदृश्यबाट के झल्किन्छ भने कानुनी ढाँचाहरूले घुमन्ते जीविकाका लागि अनुपयुक्त हुनेगरी सम्पत्तिका कठोर सीमाहरू थोपर्नुको सट्टा चरन क्षेत्र उपयोगको गतिशील र वार्तायोग्य बाटो खोज्नु जरुरी छ ।**

## ५.२ महिलाहरूले सम्पत्ति र पहुँचको अधिकार

चरनमा आधारित पशुपालक तथा घुमन्ते महिलाहरूका अधिकारको पर्याप्त संरक्षण सुनिश्चित गर्न दुईवटा शर्तहरू पूरा हुनुपर्छ । पहिलो, चरनमा आधारित पशुपालक र घुमन्ते महिलाहरू सहित देशका सबै महिलाहरूका अधिकारलाई संवैधानिक वा समग्र प्रावधानहरूमार्फत सुनिश्चित गरिनुपर्छ । दोस्रो, चरनमा आधारित पशुपालक महिलाहरूका, व्यक्तिगत र सामुदायिक सदस्यको रूपमा प्राप्त अधिकारलाई ध्यानमा राख्ने विशेष संरक्षणको प्रावधान आवश्यक छ ।[21] यस सन्दर्भमा तालिका ५ ले मूल्याङ्कन गरिएका प्रत्येक देशमा यी दुवै शर्तहरूको अवस्था कस्तो छ त भन्ने देखाउँछ ।

### तालिका ५. सम्पत्तिमा महिलाहरूको समग्र अधिकार र चरनमा आधारित पशुपालक महिलाहरूको सामुदायिक अधिकार

| दुवै आयाम | समग्रमा | सामुदायिक विशेष | संरक्षणविहीन |
|---|---|---|---|
| ● सम्पत्तिमा महिलाहरूको अधिकारको समग्र संरक्षण र चरनमा आधारित पशुपालक महिलाहरूलाई सामुदायिक जमिनमा पहुँच दिने अधिकारको विशेष संरक्षण दुवै सुनिश्चित गरिएको छ । | ● संविधान वा अन्य समग्र कानुनमा महिलाहरूको चल र अचल सम्पत्तिको अधिकार पुष्टि गर्ने वा सम्पत्तिमा तिनको पहुँच र स्वामित्वमा प्रतिकूल असर पार्ने अभ्यासहरू निषेध गर्ने सामान्य प्रावधान छ । | ● चरनमा आधारित पशुपालक महिलाहरूको सामुदायिक जमिन, भूभाग वा स्रोतहरूमा पहुँचको अधिकारलाई स्पष्ट रूपमा मान्यता दिइएको छ । | ● महिलाहरूका लागि समग्र र सामुदायिक-विशेष कुनै रूपमा पनि कानुनी संरक्षण छैन । |
| **बोलिभिया**<br>**केन्या**<br>**नेपाल** | **नाइजर**<br>**मङ्गोलिया**<br>**तान्जानिया** | | **पेरु** |

बोलिभियाको भूमि सुधारसम्बन्धी राष्ट्रिय सेवा ऐन (Ley del Servicio Nacional de Reforma Agraria)[22] र केन्याको सामुदायिक भूमि ऐन २०१६ मा CEDAW सँग मेल खाने लैंगिक समानताका प्रावधानहरू छन् । अध्ययन गरिएका देशहरूमध्ये यी प्रावधानहरू उत्कृष्ट अभ्यासका रूपमा देखा पर्छन् । केन्याले सामुदायिक संरचनाभित्र महिलाहरूको भूमि अधिकारका लागि अपेक्षाकृत बलियो औपचारिक ढाँचा प्रदान गर्छ । परम्परागत बसोबास अधिकार मूल्याङ्कनमा महिलाहरुलाई समान व्यवहार गरिनुपर्छ (धारा १४) । सबै सामुदायिक जमिनको कारोबारमा महिलाहरुलाई समान व्यवहारको स्पष्ट अधिकार छ (धारा ३०(३)) । तर व्यवहारमा महिलाहरूको पहुँच र निर्णय गर्ने अधिकारलाई पुरुष घरमूलीको अधीनमा राख्ने परम्परागत व्यवस्थाहरू कायम छन् । महिलाहरूको सहभागिता सीमित पार्ने सामुदायिक व्यवस्थाका अभ्यासहरू पशुपालनका सन्दर्भमा जारी नै छन् । यी अभ्यासहरूले प्राय: कानुनी सुनिश्चितताहरूलाई पाखा लगाइदिन्छन् (उदाहरणका लागि तान्जानिया, नाइजर, केन्या र बोलिभियाका घटना अध्ययनहरू हेर्नुहोस्) । मङ्गोलियामा पशुपालकहरूको हिउँदे र वसन्ते शिविर क्षेत्र महिला पशुपालकहरूको नाममा दर्ता गरिँदैन । यो घरमूलीको नाममा दर्ता गरिन्छ । कतिवटा परिवारको घरमूली महिला छन् भन्ने तथ्याङ्क उपलब्ध छैन ।

# ६. चरनमा आधारित पशुपालक तथा घुमन्ते समुदायको अधिकार कार्यान्वयन

## ६.१ मुख्य बाधाहरू

सातै देशहरूका कानुनी ढाँचा जे भए पनि चरनका लागि अत्यावश्यक आवागमन र पहुँचको अधिकारमा निरन्तर संरचनागत बाधाहरू रहेको प्रमाणहरूले देखाउँछन् । उदाहरणका लागि, नाइजरमा बलियो कानुनी ढाँचा भए पनि चरन मार्गहरूमा कृषि विस्तार र सीमावर्ती क्षेत्रहरूमा बढ्दो असुरक्षाले परम्परागत मौसमी चरन मार्गहरू क्रमश: साँघुरिँदै गएका छन् ।

तालिका ६ मा चरन र घुमन्ते जीविकाको अभ्यासमा बाधा पुऱ्याउने अवरोधहरू के कस्ता छन् र ती कुन देशमा विद्यमान छन् भन्ने देखाइएको छ ।

**तालिका ६. चरनमा आधारित पशुपालकहरूले खेपेका बाधाहरू**

| अधिकार प्रयोगमा विद्यमान बाधाहरू | केन्या | तान्जानिया | नाइजर | नेपाल | मङ्गोलिया | बोलिभिया | पेरु | देशको संख्या |
|---|---|---|---|---|---|---|---|---|
| खनिज उद्योगहरू (खानी, हाइड्रोकार्बन) | | | ● | ● | ● | ● | ● | ५ |
| कृषि विस्तार / भूमि रूपान्तरण | ● | ● | ● | ● | ● | ● | ● | ७ |
| संरक्षण क्षेत्र / वन्यजन्तु करिडोर | ● | ● | | ● | | | ● | ४ |
| पूर्वाधार परियोजनाहरू (सडक, शहरी विस्तार) | ● | ● | ● | ● | ● | ● | ● | ७ |
| कार्बन परियोजनाहरू | ● | ● | ● | | | ● | | ४ |
| भू-पूर्णाधिकार असुरक्षा / कानुनी संरक्षणको अभाव | ● | ● | ● | ● | ● | | | ५ |
| जलवायु परिवर्तन / वातावरणीय ह्रास | | | ● | ● | ● | | | ३ |
| द्वन्द्व र असुरक्षा | ● | ● | ● | | | | | ३ |
| हरित ऊर्जा परियोजनाहरू | ● | ● | ● | | ● | ● | ● | ६ |
| अपराधीकरण र सीमान्तीकरण | ● | ● | | | | | | २ |
| जबर्जस्ती स्थायी बसोबास / कठोर सीमाहरू | ● | ● | | | | | | २ |
| देशअनुसार जम्मा बाधाहरू | ९ | ९ | ८ | ६ | ६ | ५ | ५ | |

## ६.२ चरनमा आधारित जीविकाका लागि सहयोगी पूर्वाधार

यस्ता बाधाहरू हटाउन राज्यहरूले कम्तीमा पनि कानुनी, नीतिगत, वित्तीय र विशेष प्रयासहरू गर्नुपर्छ । साथै, चरनका लागि आवागमन र पहुँचको अधिकार सहज बनाउन पशुधनका लागि पानीको स्रोत व्यवस्था गर्नुपर्छ । पशु चिकित्सा सेवा दिनुपर्छ । पशु हिँड्ने बाटो र चरन क्षेत्र तयार गर्नुपर्छ । यसले पशुपालकहरूलाई सजिलैसँग एक ठाउँबाट अर्को ठाउँमा जान मद्दत गर्छ । तालिका ७ मा प्रत्येक देशमा चरनमा आधारित पशुपालकहरूको जीविकामा सहयोग पुऱ्याउन कम्तीमा एउटा सरकारी संस्था वा समर्पित कार्यक्रम र बजेट छ वा छैन भन्ने देखाइएको छ । धेरै देशहरूले आफ्नो

प्रतिबद्धताअनुसार पशुपालनलाई सहयोग गर्न थालेका छन् । तर अझै पनि समस्या छ । धेरैजसो देशहरूले पशुपालकहरूको अधिकारको कुरा गर्दैनन् । उनीहरू केवल पशु उत्पादन बढाउने कुरा मात्र सोच्छन् ।

### तालिका ७. देशअनुसार चरनमा आधारित पशुपालकहरूका लागि नीतिगत र सरकारी सहयोगको स्तर

| देश | सरकारी निकाय | समर्पित कार्यक्रम | समर्पित बजेट |
|---|---|---|---|
| **बोलिभिया** | 🟠 ग्रामीण विकास तथा भूमि मन्त्रालय (MDRyT): यो मन्त्रालयको मुख्य काम कृषि क्षेत्र हो, तर यसले पशुपालनहरुलाई पनि अप्रत्यक्ष रूपमा हेर्छ । | 🟠 आर्थिक तथा सामाजिक विकास योजना (PDES) २०२१–२०२५ र द्विशताब्दी विकास एजेन्डा (Agenda Patriótica) २०२५: यी दुवै योजनाहरूले पशुपालक समुदायलाई प्रत्यक्ष रूपमा सम्बोधन गर्दैनन्, तर अप्रत्यक्ष रूपमा भने उनीहरूलाई समेट्छन् । | 🟠 सन् २०२४ मा कृषि विकासको लागि १.५९७ अर्ब बोलिभियाली मुद्रा-BOB (लगभग २२ करोड ८० लाख अमेरिकी डलर) बजेट छुट्याइएको छ । यो बजेटमा पशुपालन पनि समावेश छ, तर यो रकम पशुपालकहरूको लागि मात्र छुट्याइएको भने होइन । |
| **केन्या** | 🟢 राष्ट्रिय खडेरी व्यवस्थापन प्राधिकरण (NDMA); केन्या पशु बजार बोर्ड; घुमन्ते शिक्षा राष्ट्रिय परिषद; राष्ट्रिय खडेरी तथा प्रकोप आकस्मिक कोष । | 🟢 सुख्खा तथा अर्धसुख्खा भूमि (ASAL) रणनीतिहरू; जातीय अल्पसंख्यक तथा आदिवासी समुदायसम्बन्धी राष्ट्रिय नीति (२०२५), जसमा पशुपालकहरूका लागि विशेष व्यवस्थाहरू छन् । | 🟠 नीतिअनुसार जिल्ला जलवायु कोषको ३० प्रतिशत रकम समुदायको नेतृत्वमा हुने अनुकूलन कार्यक्रमहरूमा खर्च गर्नुपर्छ । |
| **मङ्गोलिया** | 🟠 खाद्य, कृषि तथा साना उद्योग मन्त्रालय: यो मन्त्रालयको मुख्य काम कृषि क्षेत्र हो, तर यसले पशुपालनलाई पनि अप्रत्यक्ष रूपमा हेर्छ । | 🟠 आर्थिक विकास आयोजनाहरू जस्तै: "ह्वाइट गोल्ड" (White Gold) कस्मिर कार्यक्रम र "नयाँ सहकारी" आन्दोलन सञ्चालनमा छन् । तर यी कार्यक्रमहरू पशुपालकहरूको आवागमन सुविधामा भन्दा पनि केवल पशु उत्पादन बढाउनेतर्फ मात्र केन्द्रित छन् । | 🟠 "ह्वाइट गोल्ड" कार्यक्रममा सन् २०२८ सम्म लगभग ७० करोड अमेरिकी डलर खर्च गर्ने योजना छ ।[23] wतर यसमा पशुपालकहरूको लागि मात्र कति रकम छुट्याइएको छ भन्ने कुरा सार्वजनिक गरिएको छैन । साथै यो कार्यक्रममा भाग लिन पशुपालकहरूले सहकारी संस्था गठन गर्नुपर्छ ।<br>🟢 स्थानीय सरकारले हरेक वर्ष पशुपालन अनुदान, पानी संरक्षण, चरन क्षेत्र मर्मत र पशु मार्ग मर्मतका लागि बजेट विनियोजन गर्छ । |
| **नेपाल** | 🟢 संविधानको अनुसूची ८ अनुसार, पशुपालन नीति बनाउने एकल अधिकार स्थानीय सरकारसँग छ । | 🟢 बागमती र कर्णाली प्रदेशमा पशुपालन प्रवर्द्धन कार्यविधि लागू गरिएको छ । यस अन्तर्गत प्रत्येक पशुपालक समुदायलाई वार्षिक रूपमा ७,५०० अमेरिकी डलरसम्म अनुदान दिइन्छ । | 🟢 स्थानीय सरकारले हरेक वर्ष पशुपालन अनुदान, पानी संरक्षण, चरन क्षेत्र मर्मत र पशु मार्ग मर्मतका लागि बजेट विनियोजन गर्छ । |
| **नाइजर** | 🟢 गाउँ संहिता (Code Rural) को स्थायी सचिवालय (राष्ट्रिय र क्षेत्रीय); राष्ट्रिय ट्रान्सह्युमन्स समिति । | 🟢 राष्ट्रिय पशु विकास रणनीति (SDDEL २०१३-२०३५); साहेल क्षेत्रमा पशुपालन सहयोगको क्षेत्रीय आयोजना (PRAPS) । | 🟠 पशुपालन पूर्वाधारको लागि राष्ट्रिय बजेट छ, तर यो पर्याप्त छैन । |
| **पेरु** | 🟢 MIDAGRI; संस्कृति मन्त्रालय / अन्तरसांस्कृतिकता उपमन्त्रालय । | 🟢 सिएरा अजुल (Sierra Azul ) कार्यक्रम (चरन क्षेत्र सिँचाइ, पानी सङ्कलन); राष्ट्रिय पशु विकास योजना २०१७-२०२७ | 🟢 सिएरा अजुल कार्यक्रमको लागि सन् २०२५ मा लगभग २ करोड अमेरिकी डलर बजेट छुट्याइएको छ, तर यो रकम पशुपालकहरूको लागि मात्र छुट्याइएको भने होइन । |

| तान्जानिया | पशु तथा मत्स्य मन्त्रालय: यो मन्त्रालयको मुख्य काम पशु तथा मत्स्यपालन क्षेत्र हो । यसले चरनमा आधारित पशुपालनका सवालहरुलाई पनि अप्रत्यक्ष रूपमा हेर्छ । | पशुपालन क्षेत्रमा विकास साझेदारहरू (ILRI, गैरसरकारी संस्थाहरू) सँग मिलेर पूर्वाधार आयोजनाहरू कार्यान्वयन गरिएको छ । तान्जानिया पशु विकास गुरु योजना[24] पशु तथा मत्स्य मन्त्रालयले तयार गरेको हो । तर यो पशु उत्पादनमा मात्र केन्द्रित छ । यसले पशुपालकहरूको अधिकारलाई भने सम्बोधन गर्दैन । | पशु तथा मत्स्य मन्त्रालयको बजेट वक्तव्य (२०२५-२०२६) मा विकासको लागि पशु बजार र दूध सङ्कलन पूर्वाधार निर्माणको व्यवस्था गरिएको छ । |
|---|---|---|---|

सातै देशहरूमा चरनका लागि आवागमनमा अप्रत्यक्ष रूपमा भए पनि राज्यको सहयोग छ । तर कार्यान्वयनमा ठूला कमजोरीहरू कायमै छन् । उदाहरणका लागि, तान्जानियामा राज्यको सहयोग कार्यक्रम र बजेट छ । तर ती मुख्यत: स्थायी पशुधन व्यवस्थापन मोडेलमा आधारित छन् । मङ्गोलियामा सन् २०२४ को पशुपालक ऐन सामुदायिक परामर्श वा सहभागिताबिना नै पारित गरियो । यसले राज्यको सहयोग पाउन कागजी प्रक्रियाको मापदण्ड ल्याइदियो, जसले घुमफिरको जीविकामा निर्भर परिवारहरुलाई कमजोर बनाएको छ । यो ऐनमा पशुपालकहरूको भूमि अधिकार वा आवागमनको अधिकारसम्बन्धी कुनै प्रावधान छैन । केन्यामा परम्परागत पशुपालक संस्थाहरूको ऐतिहासिक बहिष्करण र सीमान्तीकरणले राम्ररी तय गरिएका सहयोग कार्यक्रमहरुलाई पनि कमजोर बनाएको छ ।

## ६.३ औपचारिक कानुनी मापदण्डहरू

**सातै देशहरूमा चरनमा आधारित पशुपालकहरूले आफ्नो अधिकारको कानुनी मान्यता सुरक्षित गर्न** दर्ता, प्रमाणीकरण वा स्वामित्व प्रमाणपत्र जस्ता **औपचारिकताका मापदण्डहरू पूरा गर्नुपर्छ ।**

**बोलिभियामा** जमिनको स्वामित्व प्रमाणपत्र लिने प्रक्रिया लामो र खर्चिलो छ ।

**केन्यामा** सामुदायिक भूमि ऐन २०१६ ले पूर्ण भूमि अधिकारको मान्यता पाउनुअघि सामुदायिक दर्ता अनिवार्य गरेको छ । दर्ता र कानुनी मान्यता भए पनि सामुदायिक भूमि दर्ता प्रक्रिया ढिलो र खर्चिलो भएकाले धेरै पशुपालक समुदायहरूले अझै पनि औपचारिक स्वामित्व प्रमाणपत्र लिएका छैनन् ।

**पेरुमा** किसान र आदिवासी समुदायहरूको मान्यता र स्वामित्व प्रमाणपत्रका लागि धेरै चरणको प्रशासनिक प्रक्रिया पूरा गर्नुपर्छ । यसअन्तर्गत सभाका कागजातहरूको नोटरी अधिकृतबाट प्रमाणित प्रतिलिपि, क्षेत्र सीमांकन, सीमा सम्झौता र सरकारी निकायमा दर्ता अनिवार्य छन् । दर्ता शुल्क मिनाहा गर्न सकिए पनि पेसागत, नोटरी र बन्दोबस्तीमा लाग्ने अन्य खर्चहरू समुदायहरूले आफैं बेहोर्नुपर्छ ।

**तान्जानियामा** संयुक्त ग्रामीण भू-उपयोग योजना (JVLUP) प्रक्रिया अन्तर्गत गाउँ स्तरको दर्ता, सीमा सर्वेक्षण, जमिनको उपयोग योजना तयारी र गाउँ सभा तथा जिल्ला अधिकारी दुवैको अनुमोदन आवश्यक पर्छ । यो प्रक्रिया प्रशासनिक रूपमा जटिल छ । त्यसकारण यो काम बाह्य प्राविधिक तथा वित्तीय सहयोगमा निर्भर छ । फलस्वरूप विकास साझेदार र गैरसरकारी संस्थाहरू सक्रिय भएका ठाउँमा मात्र आधिकारिक मान्यताका लागि आवश्यक कानुनी औपचारिकता पूरा गर्ने प्रक्रिया अगाडि बढेको छ ।

**मङ्गोलिया र नेपालमा** चरनमा आधारित पशुपालकहरूले परम्परागत अधिकार र जीविकाको अभ्यास गर्न कुनै औपचारिकताको बाध्यता छैन । तर राज्यका संयन्त्रहरूको सहयोग पाउन वा यस्ता अधिकारहरुलाई औपचारिक बनाउन भने उल्लेखनीय मापदण्डहरू पूरा गर्नुपर्ने हुन्छ । मङ्गोलियामा दर्ता भएर प्रशासनिक स्वीकृति लिएको हुनुपर्छ र सहकारी संस्थाको सदस्यता पनि चाहिन्छ ।

नेपालमा स्थानीय सरकारी प्रक्रियाहरू पूरा गर्नुपर्छ । मङ्गोलियामा हिउँदे र वसन्ते शिविरको लागि जमिन उपयोग गर्ने प्रमाणपत्रका लागि सोम (Soum) तहको स्थानीय प्रशासनिक अधिकारीको स्वीकृति चाहिन्छ । नेपालमा सामुदायिक वन उपभोक्ता समूहहरूले चरन क्षेत्र उपयोग गरे वापत पशुपालकहरूबाट शुल्क लिन्छन् । यसले थप आर्थिक बोझ सिर्जना गर्छ र सबैभन्दा गरिब तथा घुमन्ते परिवारहरूमाथि बढी नै व्ययभार पर्छ ।

**नाइजरमा** भने जग्गाधनी प्रमाणपत्र अनिवार्य गर्ने देशहरूको भन्दा फरक सुविधा छ । यहाँ व्यक्तिगत जमिन दर्ता नै नगरी घुमन्ते पशुपालकहरूले कानुनी मान्यता सहित चरनमा पहुँचको अधिकार पाउँछन् । करिडोर सीमांकन र विवाद समाधानका लागि तोकिएका प्रशासनिक प्रक्रियाहरू भने उनीहरूलाई पनि लागू हुन सक्छन् ।

यी सबै सन्दर्भहरूमा **कानुनी औपचारिकता र शुल्क तथा दस्तुरको बोझले चरनमा आधारित पशुपालकहरूको कारोबार लागत बढाउँछ । यसले लचिलो पहुँच व्यवस्थामा सबैभन्दा बढी निर्भर मानिसहरुलाई जीविकोपार्जनको पेसाबाटै विस्थापित गरिदिन सक्छ ।**



ताप्लेजुङ जिल्लामा याक र चौरीको चरन क्षेत्र । तस्बिर: सुरज ओझा

## ६.४ चरनमा आधारित पशुपालक महिलाहरूले सामना गर्ने बाधाहरू

माथि उल्लिखित बाधाहरूका अतिरिक्त, चरनमा आधारित पशुपालक महिलाहरूले आवागमन र जमिनको पहुँचमा थप जटिल बाधाहरू सामना गर्छन् । कमजोर कानुनी मान्यता, भेदभावपूर्ण परम्परागत मापदण्डहरू र असमान घरेलु बोझहरू एकसाथ मिलेर महिलाहरुलाई जमिन गुमाउने र जलवायु परिवर्तनको प्रभाव भोग्नुपर्ने जोखिममा ज्यादा राख्छन् । साथै, आफ्नो अधिकार रक्षा गर्न उनीहरू कम सक्षम हुन्छन् । तालिका ८ मा चरनमा आधारित पशुपालक र घुमन्ते महिलाहरूले सामना गर्ने लैंगिक बाधाहरू र ती कुन देशमा विद्यमान छन् भन्ने देखाइएको छ ।

### तालिका ८. देशअनुसार चरनमा आधारित पशुपालक महिलाहरूले सामना गर्ने बाधाहरू

| चरनमा आधारित पशुपालक महिलाहरूका बाधाहरू | केन्या | तान्जानिया | नाइजर | नेपाल | मङ्गोलिया | बोलिभिया | पेरु | देशको |
|---|---|---|---|---|---|---|---|---|
| **घरेलु श्रम तथा हेरचाहको बढ्दो बोझ** (बालबालिका, वृद्धवृद्धा र घरपरिवारको हेरचाह) | ● | ● | ● | ● | ● | ● | ● | ७ |
| **पानी तथा प्राकृतिक स्रोतहरूमा घट्दो पहुँच** | ● | ● | ● | ● | | ● | ● | ६ |
| **खनिज उद्योगहरू** (खानी प्रदूषण र विस्थापन) | | | ● | ● | ● | ● | ● | ५ |
| **लैंगिक हिंसा र असुरक्षाको बढ्दो जोखिम** | ● | ● | ● | | ● | | ● | ५ |
| **बसोबासको स्थायीकरण/परम्परागत जमिनको पहुँचमा ह्रास** | ● | ● | ● | ● | | ● | ● | ६ |
| **निर्णय र व्यवस्थापन प्रक्रियाहरूबाट बञ्चितीकरण** | | ● | ● | ● | ● | | | ४ |
| **पूर्वाधारका प्रतिबन्धहरू** (सडक, बाँधले भूभागको विखण्डन) | | ● | | ● | | ● | ● | ४ |
| **आम्दानी/पशुधनको पहुँचमा असमान नियन्त्रण** | ● | ● | ● | ● | | | | ४ |
| **देशअनुसार जम्मा बाधाहरू** | ५ | ७ | ७ | ७ | ४ | ५ | ६ | |

लैङ्गिक बाधाहरू र कानुनी मान्यताको अभाव भए पनि कुनै पनि देशले पशुपालक महिलाहरूको अधिकार र सुरक्षा सुनिश्चित गर्ने कार्यक्रम वा नीति बनाएको छैन । मूल्याङ्कन गरिएका सातै देशहरूमा **पशुपालन पूर्वाधार, सरकारी कार्यक्रम र बजेटले महिलाहरूको विशेष आवश्यकतालाई लगभग पूर्णरूपमा बेवास्ता गरेको छ ।** यसले महिलाहरूले सामना गर्नुपर्ने बाधाहरूलाई झनै बढाउँछ । उदाहरणका लागि जहाँ आवागमन मार्गहरूमा सुरक्षित पानीको स्रोत, सुरक्षित विश्रामस्थल र पहुँचयोग्य सेवाहरू छैनन्, त्यहाँ चरनका लागि गरिने आवागमनको लागत र जोखिम महिलाहरूमाथि असमान रूपले पर्छ । किनभने मौसमी पशु आवागमनको क्रममा पानी सङ्कलन, पशु हेरचाह र घरपरिवारको व्यवस्थापनको मुख्य जिम्मेवारी महिलाहरूकै काँधमा हुन्छ ।

बोलिभिया, नेपाल र पेरुमा समुदाय स्तरमा पशुपालक महिलाहरूको आवश्यकतालाई ध्यान दिइएका केही उदाहरणहरू भेटिए । तर यी कुनै पनि देशले महिलाहरूको लागि कानुनी संरक्षण दिएका छैनन् । यी प्रयासहरू छरिएका छन्, व्यवस्थित नीतिको रूपमा छैनन् । बोलिभियामा गैरसरकारी संस्थाहरूले अल्टिप्लानो क्षेत्रमा लैङ्गिक समानताको उद्देश्यले वर्षाको पानी सङ्कलन आयोजनाहरू सञ्चालन गरेका छन् । नेपालमा स्थानीय सरकार, संरक्षण क्षेत्र व्यवस्थापन निकाय र सामुदायिक वन उपभोक्ता समूहहरूले हालका वर्षहरूमा पशु आवागमन मार्गमा खानेपानीका धारा, सरसफाइ सुविधा र व्यक्तिगत सुरक्षाका सूचना बोर्डहरू राख्न थालेका छन् । यो काम महिला र बालिकाहरूको सुरक्षाको लागि गरिएको हो । पेरुमा कुनै औपचारिक पशु आवागमन मार्ग छैन । तर केही कृषक समुदायहरूले राष्ट्रिय नीति प्रक्रियालाई नपर्खिई आफ्नै सामुदायिक नियमहरूमा महिला-विशेष संरक्षण व्यवस्था अपनाएका छन् । जस्तै, गर्भवती महिलाहरुलाई सामुदायिक श्रमको अनिवार्यता छुट दिइएको छ । साथै महिला पशुपालकहरूमाथि बढी भार पर्ने पानीको मौसमी अभाव हल गर्न समुदायको नेतृत्वमा पानी सङ्कलन पूर्वाधार निर्माण गरिएको छ ।

# ७. घुमफिरको जीवनशैली र पहुँचको अधिकार प्रयोगमा परम्परागत निर्णय प्रक्रिया

परम्परागत व्यवस्थाहरू भनेको पशुपालक र घुमन्ते समुदायहरूले जमिन, पानी, चरनको स्रोत, आवागमन र निर्णय-प्रक्रियामा पहुँच व्यवस्थापन गर्न बनाएका नीतिनियम, मान्यता र सम्झौताहरू हुन् । यी व्यवस्थाहरू पशुपालकहरूको भू:पूर्णाधिकारको सुरक्षाको लागि अत्यन्त महत्त्वपूर्ण छन् । यस्ता परम्परागत निर्णयमा समुदायहरूका अधिकार र सरकारी कानुनसँगको सम्बन्ध सातै देशहरूमा फरक-फरक छ । केही देशहरूमा सरकारले यस्ता अधिकारलाई स्पष्ट रूपमा मान्यता दिएको र कानुनी संरक्षण प्रदान गरेको पाइन्छ । तर कतिपय देशहरूमा यी व्यवस्थाहरू केवल मौखिक छन् । त्यसकारण कानुनी रूपमा लागू गर्न सकिँदैन ।

तालिका ९ मा समुदायहरूले कसरी आफ्नो परम्परागत शासन व्यवस्था चलाउँछन् र सरकारी कानुनले यो अधिकारलाई कुन हदसम्म मान्यता दिन्छ भन्ने तथ्य विस्तारमा देखाइएको छ ।

### तालिका ९. देशअनुसार परम्परागत व्यवस्थाहरूको स्थिति

| देश | परम्परागत व्यवस्थाको स्थिति | विवरण |
|---|---|---|
| **बोलिभिया** | **परम्परागत सम्झौताहरुलाई सरकारी मान्यता छ ।** | **सामुदायिक नियमनको लागि:** समुदाय, आयलु, मार्का र सुयु (Communities, Ayllus, Markas, and Suyus) जस्ता परम्परागत शासकीय निकायहरू आफ्नै विधान र आन्तरिक नियमहरूअनुसार चल्छन् । **अन्य भूमि प्रयोगकर्ताहरूसँग साझा प्रयोगको लागि:** आन्तरिक भूमि एकीकरण (Saneamiento Interno) प्रक्रियामा समुदायहरूले आफ्नो जमिनको सीमाना र साझा प्रयोग क्षेत्रहरू सामुदायिक अभिलेखमा लेखेर राख्न सक्छन् । यो अभिलेखलाई सरकारले मान्यता दिन्छ । यसरी परम्परागत तरिकाले गरिएका मेलमिलाप सम्झौताहरुलाई पनि सरकारले औपचारिक रूपमा स्वीकार गर्छ र ती कानुन सरह लागू हुन्छन् । |
| **केन्या** | **परम्परागत सम्झौताहरूलाई राज्यको मान्यता छ ।** | सामुदायिक भूमि ऐन २०१६ ले सामुदायिक भूमि व्यवस्थापन योजनाहरूमार्फत परम्परागत शासकीय नियमहरू लिपिबद्ध गर्ने एउटा ढाँचा तयार पारेको छ । समुदायहरूबीच पारस्परिक चरन सम्झौताहरू छन् । तर ती अधिकांश अझै पनि लिखित रूपमा दर्ता गरिएका छैनन् । संरक्षण क्षेत्रमा आधारित चरन योजनाहरूले परम्परागत प्रयोगलाई समावेश गर्ने लक्ष्य राखेका छन् । तर तिनलाई औपचारिकता दिने काम अझै बाँकी छ । |
| **मङ्गोलिया** | **परम्परागत व्यवस्थाहरूको जानकारी मात्र छ तर त्यसको कुनै कानुनी आधार छैन ।** | व्यवहारमा चरन क्षेत्रको प्रयोग स्थानीय जेष्ठ पशुपालकहरूबीचको छलफलबाट गरिएका मौखिक सम्झौताहरूद्वारा नियमित हुन्छ । यो काम छिमेकी दायित्वको परम्परागत सिद्धान्तमा आधारित छ । लिखित सम्झौताहरू बनाउने चलन बढ्दै गएको छ । तर यी सम्झौताहरूको अहिलेसम्म कुनै औपचारिक कानुनी मान्यता छैन । |
| **नेपाल** | **परम्परागत व्यवस्थाहरूको जानकारी मात्र छ तर त्यसको कुनै कानुनी आधार छैन ।** | संरक्षित क्षेत्रमा प्रवेश गर्न प्रमुख संरक्षण अधिकृत (Chief Warden) बाट लिखित अनुमति लिनुपर्छ । संरक्षित क्षेत्रबाहिर, पशुपालकहरू र सामुदायिक वन उपभोक्ता समूह (CFUGs) बीचका सम्झौताहरू लगभग पूर्णरूपमा मौखिक छन्, जसको कुनै लिखित अभिलेख छैन । केही सामुदायिक वन उपभोक्ता समूहहरूले चरन शुल्कको रसिद दिन्छन्, जुन एकमात्र लिखित प्रमाण हो । |
| **नाइजर** | **परम्परागत सम्झौताहरूलाई राज्यको मान्यता छ ।** | गाउँ संहिता (Code Rural) ले परम्परागत प्रमुखहरूको अधिकारलाई मान्यता दिन्छ । उनीहरूले परम्परागत तरिकाअनुसार कृषि र चरन क्षेत्र व्यवस्थापन गर्न सक्छन् । साथै यो संहिताले स्थानीय संस्थाहरूमार्फत पशुपालकहरू र अन्य भूमि प्रयोगकर्ताहरूबीच समन्वयको व्यवस्था पनि गरेको छ । |

| | | |
|---|---|---|
| **पेरु** | **परम्परागत सम्झौताहरूलाई राज्यको मान्यता छ ।** | सामुदायिक विधानहरुलाई प्रत्येक किसान वा आदिवासी समुदायको आन्तरिक शासकीय दस्तावेजको रूपमा कानुनी मान्यता दिइएको छ । खडेरीको मौसममा आवश्यक पानीको अस्थायी पहुँचका लागि समुदायहरूबीच मौखिक सम्झौताहरू पनि छन् । यसको एउटा दर्ता गरिएको उदाहरण बादोपाम्पा (Badopampa) मा छ, जहाँ जारापम्पा र पुकायाकु (Jarapampa and Pucayacu) समुदायहरूबीच साझा जलाशयको व्यवस्था छ । |
| **तान्जानिया** | **परम्परागत सम्झौताहरूलाई राज्यको मान्यता छ ।** | संयुक्त ग्रामीण भू-उपयोग योजना (JVLUP) ले समुदायहरूबीच र समुदायभित्रका जमिन उपयोग गर्ने सम्झौताहरुलाई औपचारिक रूप दिन कानुनी आधार प्रदान गर्छ । यसमा चरन क्षेत्र र पशु आवागमनका मार्गहरू पनि समावेश छन् । |

मङ्गोलिया र नेपाल मुख्यत: अनौपचारिक परम्परागत व्यवस्थाहरूमा निर्भर छन् । यी व्यवस्थाहरूले व्यवहारमा गहिरोसँग जरा गाडेका छन् । तर तिनको औपचारिक कानुनी संरक्षण छैन । मङ्गोलियामा चरन उपयोग मुख्यत: परम्परागत मान्यताहरू, पारस्परिक मौसमी व्यवस्थाहरू र स्थानीय बैठक (Khural) का निर्णयहरूद्वारा सञ्चालित छ । तर तिनलाई कानुनी मान्यता दिइएको छैन । त्यसमाथि खानीको अतिक्रमण तथा जमिन पुनर्वर्गीकरणले ती व्यवस्थाहरुलाई दिनप्रतिदिन कमजोर पार्दै छन् । यो बदलाव अर्थपूर्ण छ । किनभने **बलिया पक्षहरूले चुनौती दिँदा कानुनी मान्यताबिनाका परम्परागत व्यवस्थाहरुलाई लागू गर्न सकिँदैन ।**

## ७.१ परम्परागत कानुनमा महिलाका अधिकारहरू

> *"हामीले राष्ट्रिय कानुनी मान्यताका लागि पैरवी जारी राख्दै, परम्परागत अभ्यासहरूको प्रभावकारी कार्यान्वयन, संगठन र रणनीति सुनिश्चित गर्नुपर्छ । यसो गर्ने एउटा प्रभावकारी तरिका भनेको परम्परागत संस्थाहरूभित्र महिलाहरूको नेतृत्व बलियो बनाउनु र उनीहरुलाई स्पष्ट आवाजसहित पूर्ण सामुदायिक सदस्यको रूपमा मान्यता दिलाउनु हो ।"*[25]
>
> — **सोलान्ज बान्दियाकी-बाजी,** अध्यक्ष तथा संयोजक, अधिकार र स्रोतको पहलकदमी (RRI)

सातै देशहरूका औपचारिक कानुनी ढाँचाहरूले भूमि व्यवस्थापनमा लैङ्गिक भेदभावलाई नाम मात्रको निषेध गर्छन् । ती सबैमा पशुपालक महिलाहरूको लागि विशेष संरक्षणको व्यवस्था प्राय: छैन । (तालिका ५) सरकारको वैधानिक कानुन, समुदायका परम्परागत प्रचलन र महिलाहरूको भूमि अधिकार बीचको सम्बन्ध जटिल छ । यो सम्बन्धलाई समुदायहरूको सांस्कृतिक विविधता, कानुनी बहुलवाद, धार्मिक प्रभाव र सन्दर्भअनुसार फरक-फरक लैङ्गिक मूल्यमान्यताहरूले आकार दिन्छन् ।

यस अध्ययनमा पहिचान गरिएका अपर्याप्त कानुनी संरक्षणहरूले समुदायका लैङ्गिक समानतामूलक प्रचलनहरू र महिलाहरूको भूमि सुरक्षालाई पूर्णरूपमा प्रतिबिम्बित नगर्न सक्छन् । अर्कोतर्फ पशुपालक समुदायहरूका परम्परागत व्यवस्थाहरूले महिलाहरुलाई स्रोत व्यवस्थापनका निर्णयहरूमा अर्थपूर्ण सहभागिताबाट निरन्तर बाहिर राख्छन्, जसले यो समस्यालाई झनै गहिरो बनाउन सक्छ ।

## तालिका १०. कानुनी मान्यता र अनुभवजन्य उदाहरणहरूद्वारा परम्परागत कानुनमा महिलाहरूका अधिकारहरूको अवस्था

| देश | अवस्था | समग्र संरक्षण: | सामुदायिक अवस्था र कार्यान्वयनबीच अन्तर |
|---|---|---|---|
| **बोलिभिया** | 🟠 **संरक्षणात्मक कानुन र समुदायका राम्रा तथा भेदभावपूर्ण नियमहरू रहेका** | संविधान (CPE धारा ४०२.२) ले राज्यलाई जमिनमा पहुँच, स्वामित्व र उत्तराधिकारमा महिलाहरूविरुद्धका सबै प्रकारका भेदभाव हटाउन स्पष्ट रूपमा निर्देश गरेको छ । | आयलु, मार्का, सुयु (Ayllus, Markas, Suyus) ) जस्ता केही सामुदायिक विधानहरूमा महिलाहरुलाई पुरुषसरह अधिकारसहित सदस्यको रूपमा औपचारिक रूपमा समावेश गरिएको पाइयो । यो राष्ट्रिय कानुनसँग पनि मेल खान्छ । आयलु ओरिजिनारियो ह्वान्काने (Ayllu Originario Huancané) को विधान (२०१९) ले महिलाहरुलाई बिना भेदभाव स्पष्ट रूपमा सदस्यता दिएको छ ।<br><br>तर वास्तवमा केही समुदायहरूले संविधानले मान्यता दिएका परम्पराहरूको आधारमा महिलाहरूमाथि बढी आर्थिक बोझ थोपर्छन् । यसले व्यवहारमा महिलाहरुलाई अधीनस्थ बनाउने काम गर्छ । |
| **केन्या** | 🔴 **लैङ्गिकता संवेदनशील सामुदायिक कानुनहरू नभएका** | राष्ट्रिय भूमि उपयोग नीति (२०१७) ले पशुपालन क्षेत्रमा महिलाहरूको अधिकारको मान्यता र संरक्षण गर्न र भूमि व्यवस्थापनमा महिलाहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न स्पष्ट रूपमा आह्वान गरेको छ । | कानुनी प्रतिबद्धताहरू भए पनि धेरै परम्परागत पशुपालक संस्थाहरूले व्यवहारमा महिलाहरुलाई भूमि र आवागमनको व्यवस्थापनबट बाहिर राख्छन् । |
| **मङ्गोलिया** | 🟢 **संरक्षणात्मक कानुन र सकारात्मक सामुदायिक नियमहरू रहेका** | संविधान (धारा १६.११) ले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक क्षेत्रमा पुरुष र महिलाको समान अधिकार सुनिश्चित गर्छ । लैङ्गिक समानता सुनिश्चित गर्ने कानुन (२०११, धारा ९.२) ले जमिन र अचल सम्पत्तिको समान वितरण अनिवार्य गरेको छ । | परम्परागत मान्यताहरूले पशुधन व्यवस्थापन, घरपरिवारको निर्णय प्रक्रिया र पारिवारिक सम्पत्तिको उत्तराधिकारमा महिलाहरूको भूमिकालाई मान्यता दिएका छन् । महिलाहरू पानीका स्रोत, आवागमन मार्ग र बसोबासस्थल छनोटको निर्णयमा सहभागी हुन्छन् । महिला संघहरू सोम (Soum) भनिने स्थानीय सरकारको तहमा पनि अस्तित्वमा छन् । |
| **नेपाल** | 🟠 **संरक्षणात्मक कानुन भएको, तर समुदाय स्तरमा भेदभाव अझै पनि कायमै रहेको** | वन ऐन २०७६ (दफा २२) र वन नियमावली २०७९ (नियम ४२(८)) ले सामुदायिक वन उपभोक्ता समूहका कार्यकारी समितिहरूमा महिलाहरूको समान सहभागिता अनिवार्य गरेको छ । पशुपालन सहकारीहरूमा पनि निर्णयकर्ता निकायहरूमा महिलाहरूको प्रतिनिधित्व अनिवार्य छ । | हिमाली आदिवासी समुदायका महिलाहरुलाई सामाजिक रूपमा अपेक्षाकृत उच्च सम्मान दिइन्छ र उनीहरूको अनौपचारिक प्रभाव पनि छ । तर पुरुष र ज्येष्ठ नागरिकहरूको वर्चस्व रहेका परिवारहरूमा भने पशुपालन सम्बन्धी औपचारिक निर्णय प्रक्रियामा महिलाहरू प्राय: बाहिरै रहन्छन् । महिलाहरूको प्रभाव संस्थागत रूपमा होइन, अनौपचारिक रूपमा मात्र छ । |

| | | | |
|---|---|---|---|
| **नाइजर** | 🔴 **लैङ्गिकता संवेदनशील सामुदायिक नियमहरू नभएका** | स्रोतहरूको पहुँचमा भेदभावलाई निषेध गर्न गाउँ संहिता (Code Rural) मा बनाएका नियमहरू नाम मात्रका छन् । | व्यवहारमा महिलाहरू परम्परागत स्रोत व्यवस्थापन निकायहरूबाट बाहिर छन् । चरन व्यवस्थापन समिति, पशुका लागि जलाशय या पानी पँधेरो समिति र स्थानीय भूमि आयोग जस्ता पशुपालन स्रोत व्यवस्थापन गर्ने परम्परागत व्यवस्थापन निकायहरूमा महिला सहभागिता न्यून छ । मौसमी पशु आवागमन मार्ग र पानी पँधेरा माथिको परम्परागत अधिकार प्राय: पुरुष घरमूली वा सामुदायिक प्रमुखहरूको हातमा हुन्छ । |
| **पेरु** | 🔴 **सकारात्मक र भेदभावपूर्ण दुवै प्रकारका सामुदायिक कानुनहरू भएका, तर जमिनको स्वामित्वको लागि समग्र कानुनी संरक्षण नरहेको** | संविधानले सामान्य रूपमा गैर-भेदभावको ग्यारेन्टी दिन्छ, तर सम्पत्तिमा महिलाहरूको कानुनी अधिकारको पुष्टि गर्न भने पेरु असफल भएको छ । | ऐतिहासिक रूपमा र अहिले पनि सामान्यतया सामुदायिक विधानहरूमा सामुदायिक सदस्य तथा घरमूली (Comunero, Jefe de familia) जस्ता पुरुषवाचक भाषा प्रयोग गरिन्छ । यसले महिलाहरुलाई जमिन, चरन, पानी र सामुदायिक स्रोतहरूमाथिको अधिकारबाट प्रभावहीन रूपमा बाहिर राख्छ । समावेशी विधानहरू अझै पनि सामान्य प्रचलन नभई अपवाद मात्र हुन् ।<br><br>लैङ्गिक समावेशी भाषा प्रयोग गर्न र पुरुष तथा महिलाको समान अधिकारलाई स्पष्ट रूपमा मान्यता दिन केही सामुदायिक विधानहरू संशोधन गरिएका छन् । उदाहरणका लागि, कोल्याना, कुस्को (२०१९); चिल्काइमार्का, आरेकिपा (२०२०); र सान अगुस्तिन दे ह्वाइचाओ, पास्को (२०१५) । |
| **तान्जानिया** | 🔴 **लैङ्गिकता संवेदनशील सामुदायिक नियमहरू रहेको नपाइएको** | भूमि ऐन नं. ४ (१९९९) र ग्रामीण जग्गा भूमि ऐन नं. ५ (१९९९) ले जमिनमा महिलाहरूको समान अधिकार पुष्टि गर्छन् र भेदभावपूर्ण प्रचलनहरू निषेध गर्छन् । गाउँ परिषद्हरूले बिना भेदभाव भूमि प्रशासन चलाउनुपर्छ । | स्थानीय परम्परागत कानुन (सरकारी राजपत्र नं. ४३६, १९६३) ले पुरुष उत्तराधिकारीलाई प्राथमिकता दिन्छ र श्रीमान् गुमाएका एकल महिलाहरुलाई सशर्त प्रयोगको अधिकार मात्र दिन्छ ।<br><br>विवाह र उत्तराधिकार कानुनहरू कहिल्यै भूमि कानुनसँग मेल खाने गरी सुधार गरिएका छैनन् । यसले एउटा संरचनागत विरोधाभास सिर्जना गरेको छ । भूमि कानुनले समानताको ग्यारेन्टी दिन्छ । तर पारिवारिक र उत्तराधिकार कानुनले भने महिलाहरुलाई बाहिर राख्ने प्रचलनलाई अझै पनि वैधानिकता दिइरहेको छ । |

# ८. सिफारिसहरू

**१. चरनमा आधारित पशुपालकहरूको आवागमनलाई मौलिक अधिकारको रूपमा स्पष्ट कानुनी मान्यता दिनुपर्छ ।**

- सरकारले चरनमा आधारित पशुपालकका लागि विशेष कानुन बनाउनुपर्छ मौजूदा कानुन मजबुत बनाउनुपर्छ । यस्तो कानुनले घुमफिरको जीविकालाई कार्यान्वयनयोग्य अधिकारको रूपमा स्पष्ट पार्नुपर्छ ।

- सरकारले सीमापार आवागमनका लागि प्रयोग हुने मार्ग र तिनको संरक्षण सुनिश्चित गर्न समर्पित कूटनीतिक र बहुराष्ट्रिय कानुनी प्रयासहरू गर्नुपर्छ । यसका लागि क्षेत्रीय तथा अन्तरराष्ट्रिय ढाँचाहरू समावेश गरी स्वदेशमा तिनको पूर्ण कार्यान्वयन सुनिश्चित गर्नुपर्छ ।

- जहाँ पशुपालकहरुलाई व्यापक आदिवासी वा सामुदायिक भूमि व्यवस्थापन अन्तर्गत मान्यता दिइएको छ, त्यहाँ उनीहरूको आवागमनको अधिकारलाई अप्रत्यक्ष रूपमा होइन, स्पष्टसँग उल्लेख गर्नुपर्छ ।

**२. पशुका लागि आवागमन मार्ग, जलाशय, नुन चाट्ने ठाउँ र मौसमी चरन क्षेत्रहरू कानुनी रूपमा सीमांकन र संरक्षण गर्नुपर्छ ।**

- सरकारले पशुपालक समुदायहरूसँग मिलेर पशुपालन क्षेत्रहरूको सूची तयार गर्नुपर्छ र यसलाई कानुनी रूपमा बाध्यकारी भूमि उपयोग योजनामा रूपान्तरण गर्नुपर्छ । यसमा परम्परागत व्यवस्थापन प्रणाली समावेश गरी खानी, कृषि वा संरक्षण क्षेत्रका अतिक्रमणबाट सुरक्षा प्रदान गर्नुपर्छ ।

**३. परम्परागत पशुपालन पद्दतिका व्यवस्थाहरुलाई मान्यता दिई कानुनी संरक्षण प्रदान गर्नुपर्छ ।**

- यसका लागि छुट्टै कानुनी बाटो खोज्नुपर्छ । तर यसो गर्दा समुदायमाथि कानुनी औपचारिकताका अत्यधिक झन्झट थोपर्नु हुँदैन र समुदायको नेतृत्वबिना परम्परागत व्यवस्थापन प्रणाली हत्याउनु हुँदैन ।

**४. महिलाहरूको आवागमन, भूमिमा पहुँच र व्यवस्थापनमा सहभागिता प्रवर्द्धन गर्न पशुपालकका लागि विशेष संरक्षणका प्रावधानहरू लागू गर्नुपर्छ ।** यसले महिलाहरुलाई स्वतन्त्र आवागमनको अधिकार दिनुपर्छ । समुदाय र व्यवस्थापनका निकायहरूमा महिलाले पनि पुरुषसरह सदस्यता पाउनुपर्छ । पशु आवागमन मार्गहरूमा महिलाहरूको पहुँच सुनिश्चित गरी पशुका लागि सुरक्षित  जलाशय, पिउने पानीको पँधेरो, सरसफाइ र स्वास्थ्य सुविधाहरूको व्यवस्था गर्नुपर्छ ।

**५. स्रोत उत्खनन, संरक्षण र जलवायु वित्तका कार्यक्रमहरुलाई पशुपालनको अधिकारसँग मेल खाने बनाउनुपर्छ । हरित तथा कार्बन आयोजना, संरक्षण क्षेत्र विस्तार, ऊर्जा आयोजना र खानी उद्योगको इजाजत पशुपालकहरूको आवागमनमा ठूलो खतरा बन्दै गएका छन् ।**

- सरकार र विकास साझेदारहरूले कुनै पनि आयोजना सुरु गर्नु अघि पशुपालन अधिकारमा पर्ने असरको अनिवार्य मूल्याङ्कन गर्नुपर्छ । पशुपालन क्षेत्रलाई असर गर्ने निर्णयहरूमा समुदायको स्वतन्त्र र सुसूचित सहमति (FPIC) लिनुपर्छ र महिलाहरुलाई पनि निर्णय प्रक्रियामा समावेश गर्नुपर्छ ।

> सरकारले पशुपालकहरू, गोठालाहरू र घुमन्ते जनताको अधिकार उल्लंघन गर्ने खानी, कार्बन आयोजना वा अन्य विकास आयोजनाहरूको स्वीकृति तत्काल रोक्नुपर्छ । किनभने त्यस्ता आयोजनाले चरनमा आधारित पशुपालकहरू र घुमन्ते मानिसका अस्थायी वा स्थायी बसोबास तथा चरन क्षेत्रहरू विनाश गर्छन् ।

---

**1.** १. यो अध्ययन र अधिकार र स्रोतको पहलकदमी (RRI) को पशुपालन तथा घुमन्ते मानिसहरूसम्बन्धी कार्यविधिको सन्दर्भमा यस पृष्ठमा प्रस्तुत विस्तृत परिभाषा लागू हुन्छ । सात देशहरूको मूल्याङ्कनमा परिभाषामा उल्लिखित सबै समुदायहरू समावेश नहुन सक्छन् । तर यो कार्यविधि अन्य देश, पारिस्थितिक प्रणाली र चरनमा आधारित पशुपालक तथा घुमन्ते समुदायहरूमा विस्तार गर्न सकिने गरी विकास गरिएको छ । यस मूल्याङ्कनमा बोलिभिया र पेरुमा स्वैच्छिक एकान्तमा रहेका र घुमन्ते जीविका भएका आदिवासी जनजातिहरू मात्र समावेश छन् ।

**2.** २. काली जाय, जे.एफ. (२०२४), ए/७९/१६०: आदिवासी जनजातिका अधिकारसम्बन्धी विशेष प्रतिवेदकको प्रतिवेदन: घुमन्ते आदिवासी जनजाति । संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालय, जेनेभा । यहाँ उपलब्ध: https://docs.un.org/en/A/79/160.

**3.** ३. पूर्ण कार्यविधि र सूचक परिभाषाहरू अनलाइनमा उपलब्ध छन् । तर यो कार्यविधिलाई एउटा विकसित हुँदै जाने ढाँचाको रूपमा बुझ्नुपर्छ जसलाई अभ्यास र समुदायहरूसँगको संलग्नताद्वारा परिष्कृत गरिनेछ । देश अनुसारका तथ्याङ्क फाइलहरू अनुरोध भएमा उपलब्ध हुनेछन् ।

**4.** ४. युएनसिसिडि । २०२४, चरन क्षेत्र र पशुपालनसम्बन्धी विश्वव्यापी भूमि दृष्टिकोण विषयगत प्रतिवेदन । संयुक्त राष्ट्र मरुभूमीकरण विरुद्धको महासन्धि, बोन (ज), ८. यहाँ उपलब्ध: https://www.unccd.int/sites/default/files/2024-05/GLO%20rangelands%20full.pdf.

**5.** ५. . युएनसिसिडि । २०२४,

**6.** ६. अन्तर्राष्ट्रिय चरन क्षेत्र तथा पशुपालन वर्ष (IYRP). २०२४ । आइवाइआरपि पशुपालन र भूमि कार्यसमूह: अवधारणा नोट । कार्यसमूह अवधारणा नोट, फेब्रुअरी २१, २०२४ । यहाँ उपलब्ध: https://iyrp.info/sites/default/files/Concept%20note%20WG%20pastoralism%20%26%20land%2021.02.24.pdf.

**7.** ७. केन्याका केही सीमाहरूमा सम्झौता भए पनि, माासाइ समुदायहरू बस्ने र परम्परागत आवागमन हुने तान्जानियासँग सीमापार आवागमन सहज बनाउने कुनै सम्झौता छैन । साथै, केन्या सहभागी भएका सम्झौताहरूको कार्यान्वयन पनि निकै कमजोर छ । सीमापार आवागमनलाई सुरक्षाको सवाल बनाइनु, कार्यान्वयनमा मनोमानी गरिनु र स्वदेशी कानुनको अभाव हुनुले संरक्षणलाई कमजोर बनाउँछ । सीमा क्षेत्रहरूमा असुरक्षा छ र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन समेत कमजोर छ । समन्वय र जनचेतना पनि अपर्याप्त छ । यसका साथै, क्षेत्रीय कानुन र नीतिहरू आपसमा बाझिएका वा एकरूप नभएका कारण संरक्षण फितलो भएको छ ।

**8.** ८. गौतम, आनन्द । २०२५ । "तिब्बत व्यापार ठप्प र घट्दो आम्दानीले याक पालकहरू संकटमा ।" काठमाडौं पोस्ट, मार्च २५ । यहाँ उपलब्ध: https://kathmandupost.com/province-no-1/2025/03/25/halted-tibet-trade-and-dwindling-income-push-yak-herders-to-the-brink; Singh, Basant Pratap. 2026. सिंह, बसन्त प्रताप । २०२६ । "चीनले सीमापार चरन कडा गर्दा पशुपालन संकटमा ।" काठमाडौं पोस्ट, फेब्रुअरी ३ । यहाँ उपलब्ध: Available at: https://kathmandupost.com/sudurpaschim-province/2026/02/03/livestock-farming-in-crisis-as-china-tightens-cross-border-grazing.

**9.** ९. पेरुको कानुनमा सीमापार जीविकाका लागि एकमात्र संरक्षण स्वेच्छिक एकान्तमा रहेका आदिवासी जनजातिका लागि हो । आदेश ००८-२००७-एमसि ले तिनीहरूको भूभागले राज्य सीमाहरू पार गर्न सक्छ भनी मान्यता दिन्छ र सम्बन्धित द्विपक्षीय सम्झौताहरू मिलाउन संस्कृति तथा परराष्ट्र मन्त्रालयलाई निर्देशन दिन्छ ।

**10.** १०. गेन, मेरी । २०२२ । "नाइजर: सन्दर्भ र भूमि व्यवस्थापन ।" ल्यान्ड पोर्टल फाउन्डेसन, एन्स्केडे । यहाँ उपलब्ध: https://landportal.org/book/narratives/2022/niger.

**11.** ११. सुले २०२१ र युसिआरटि २०२४ हेर्नुहोस् ।

**12.** १२. तान्जानियाको जमिन, पशुधन र संरक्षण कानुनहरूले चरनमा आधारित पशुपालकहरूको आवागमनलाई मौलिक अधिकारको रूपमा मान्यता दिँदैनन् । अधिकांश अवस्थामा यसलाई सक्रिय रूपमा प्रतिबन्धित वा अपराधीकरण गरिएको छ । ग्रामीण जग्गा ऐन (१९९९) र भू-उपयोग योजना ऐन (२००७) ले पशुपालनलाई वैध जमिन व्यवस्थापनको रूपमा स्वीकार गर्छन्, तर निश्चित गाउँ वा जिल्ला सीमाभित्र र प्रशासनिक स्वीकृतिको अधीनमा मात्र । भूमि ऐन (१९९९) ले सर्वेक्षण गरिएका र दर्ता गरिएका स्थायी अधिकारहरुलाई जोड दिन्छ । चरन-क्षेत्र तथा पशु आहार स्रोत ऐन (२०१०) ले अनुमतिपत्र, तोकिएका मार्ग र तोकिएका मापदण्डहरूमार्फत चरन र पशु आवागमनलाई स्पष्ट रूपमा नियमन गर्छ । यो ऐनले आवागमनलाई एउटा सामाजिक-पारिस्थितिक रणनीतिको रूपमा होइन, बरु नियन्त्रण, व्यवस्था र वातावरणीय जोखिम निम्त्याउने समस्याको रूपमा चित्रण गर्छ ।

**13.** मङ्गोलियाको राष्ट्रिय तथ्याङ्क कार्यालय । २०२५ । पशुधन तथ्याङ्क: जनवरी-डिसेम्बर २०२४ । उलानबटार । यहा उपलब्ध: https://downloads.1212.mn/LIw4s_EFj0rbSK-PjdqG-Ml32-0z_2eJB-caGto_.pdf.

**14.** १४. विश्व खाद्य कार्यकेरम । २०२१ । मङ्गोलियामा पशुपालन: उत्पादन र प्राकृतिक स्रोतको दिगो उपयोगबीच आवश्यक सन्तुलन । विश्व खाद्य कार्यक्रम, रोम । यहाँ उपलब्ध: https://openknowledge.fao.org/server/api/core/bitstreams/66984f04-a8fb-46ee-8155-0944f82b2b38/content.

**15.** १५. कालि त्जाय, जे.एफ. २०२४ ।

**16.** १६. साना, मझौला र व्यावसायिक सम्पत्तिहरूमा पट्टा र अधियाँ सम्झौताहरूले अनुमति पाएका छन् । तर सामुदायिक र आदिवासी सामुदायिक जमिनहरुलाई स्पष्ट रूपमा निषेध गरिएको छ । सम्झौताहरू लिखित हुनुपर्छ, राष्ट्रिय कृषि सुधार संस्था (INRA) मा दर्ता गर्नुपर्छ, तीन वर्षसम्म सीमित हुनुपर्छ र जग्गाधनीको कुल जमिनमध्ये सक्रिय रूपमा प्रयोग गरिएको क्षेत्रको ५० प्रतिशतभन्दा बढी ओगट्न पाइँदैन । (डिएस २९२१५, धारा १६५)

**17.** १७. मोरित्ज, मार्क, फ्लोरा भर्न र सेभेरियो क्रेटली । २०२५ । "पशुपालनका लागि जमिन अधिकारको सुरक्षण ।" नीति सारांश, आइवाइआरपि पशुपालक र भूमि अधिकार कार्यसमूह । यहाँ उपलब्ध: https://iyrp.info/sites/default/files/2025-07/Policy-brief-Securing-Land-Rights-for-Pastoralism-final-14.22.50.pdf.

**18.** १८. आदेश नं. ९७-००७/एमएजि/इएल, जनवरी १०, १९९७ ।

**19.** १९. बोलिभियामा चरनमा आधारित पशुपालकहरू आदिवासी वा किसान समुदायहरूमध्ये एकमा पर्छन् । तान्जानियामा औपचारिक रूपमा सीमांकन, दर्ता र योजना गरिएका ग्रामीण भूक्षेत्रहरूमा एकल भूमि अधिकार सुरक्षित गर्न सकिन्छ । नेपालमा भूमि ऐन र खर्क जग्गा (चरन क्षेत्र) राष्ट्रियकरण ऐनले पहाड र हिमाली जिल्लाहरूमा जमिन मालिकले निश्चित सीमासम्म (८.७५ एकड वा ३.५४ हेक्टरसम्म) निजी जमिन राख्न सक्छन् भन्ने व्यवस्था गरेको छ ।

**20.** २०. धारा ३९४, खण्ड III, धारा ३०, संविधान; सर्वोच्च डिक्री २९२१५ ।

**21.** २१. सिइडिएडब्ल्यु. २०२२ । सामान्य सिफारिस नं. ३९ (२०२२) आदिवासी महिला र बालिकाहरूका अधिकारसम्बन्धी । यहाँ उपलब्ध: https://www.ohchr.org/en/documents/general-comments-and-recommendations/general-recommendation-no39-2022-rights-indigeneous.

**22.** २२. राष्ट्रिय कृषि सुधार सेवा ऐन ।.

**23.** २३. सेम्प्लासी, जी. र एम. नोरी । २०२० । सीमापार पशुपालनसम्बन्धी कानुनी र नीतिगत व्यवस्थाहरूको समीक्षा । पशुपालन: अनुसन्धान, नीति र अभ्यास १०(११) । . doi:10.1186/s13570-020-00168-z.

**24.** २४. माइकल, एस. र अन्य । २०१८ । तान्जानिया पशुधन मास्टरप्लान । अन्तर्राष्ट्रिय पशुधन अनुसन्धान संस्थान, नैरोबी । यहाँ उपलब्ध: https://faolex.fao.org/docs/pdf/tan185023.pdf.

**25.** २५. अधिकार र स्रोत पहलकदमी । २०२५ । लचिलोपन र प्रतिरोध: आदिवासी, अफ्रो-सन्तान र स्थानीय समुदाय महिलाहरूको सामुदायिक वनमा वैधानिक अधिकारहरू । अधिकार र स्रोत पहलकदमी, वाशिंगटन डिसी.८ । doi:10.53892/QSTZ6441.

# नेपाल



# करको भारविरुद्ध नेपालका घुमन्ते पशुपालकहरूको संघर्ष

दिलराज खनाल[1], पबिहाङ राई[2] र अनिला वन्त[3]

नेपालको चरनमा आधारित पशुपालन ठाडो रेखीय मौसमी बसाइँसराइमा आधारित छ । यसमा पशुपालकहरू गर्मीमा उच्च हिमाली खर्कहरूमा र जाडोमा तल्लो उचाइका समशीतोष्ण वा न्यानो हावापानीयुक्त चरन क्षेत्रमा जान्छन् । हिमाली क्षेत्रमा पर्वतीय पारिस्थितिक प्रणाली, स्थानीय जीविका र सामाजिक-सांस्कृतिक परम्परा कायम राख्नका लागि यो प्रचलन पुस्तौँदेखि चलिआएको छ । यस्तो मौसमी आवागमन प्रणालीमा विभिन्न उचाइका क्षेत्रहरूमा पशु चरनको घुमन्ते शैली अपनाइन्छ । याक, चौरी, भेडा, बाख्रा र हिमाली च्याङ्ग्रा जस्ता विभिन्न पशुहरू यसमा सहभागी हुन्छन् । यी पशुहरू फरक उचाइमा अवस्थित पारिवारिक स्वामित्वका र सामुदायिक वा सार्वजनिक चरन क्षेत्रहरूमा चराइन्छन् । मौसमी आवागमनको मिति र समय पुर्खाहरूले तोकेका हुन्छन् । यो परम्परा परापूर्व कालदेखि चल्दै आएको छ । यो प्रचलन सांस्कृतिक र धार्मिक मान्यताहरूसँग गहन रूपले जोडिएको छ ।

## परम्परागत संस्थाको राज्य संयन्त्रमा रूपान्तरण

घुमन्ते पशुपालकहरू परम्परादेखि नै निश्चित मार्ग र चरन क्षेत्रहरूमा मौसम अनुसार पशु चराउँदै आएका थिए । यो उनीहरूको चरिचरनमाथिको परम्परागत अधिकार थियो । झण्डै ६०० वर्षअघि अर्थात् पन्ध्रौं शताब्दीदेखि नै उनीहरूका सुस्थापित पुर्ख्यौली प्रचलन थिए । सांस्कृतिक मान्यता र समृद्ध परम्परागत ज्ञान पनि उनीहरूसँग थियो । नेपाल एकीकरणपूर्वको अवधिसम्म घुमन्ते पशुपालन पद्दतिको अगुवाइ *मुखिया* प्रथाले गर्थ्यो । अनेकौं स-साना राज्यहरूमा विभाजित वर्तमान नेपालको भूभाग अठारौं शताब्दीमा एक सिङ्गो देशका रूपमा एकीकरण भयो । त्यसपछि मुखिया प्रथालाई राज्यको राजस्व र प्रशासनिक संयन्त्रको जिम्मा दिएर औपचारिक रूपमा संस्थागत गरियो । त्यसले नेपालका पशुपालकहरूको जीविकामा नयाँ चुनौतीहरू सिर्जना गर्‍यो ।



ताप्लेजुङको चरन क्षेत्रमा एक पशुपालक महिला चौरी दुहुँदै ।
तस्बिर: दिलराज खनाल

1. १. अधिवक्ता, प्राकृतिक स्रोत तथा सामूहिक सम्पत्ति कानून
2. २. महासचिव, याक चौरी किसान महासङ्घ, नेपाल
3. ३. अधिवक्ता, मानव अधिकार कानून (प्राकृतिक स्रोत व्यवस्थापन कानूनमा महिलाको अधिकार)

## चरन क्षेत्र र खर्कको प्रयोगमा सामन्ती कर

नेपाल एकीकरणपछि स्थानीय, क्षेत्रीय र राष्ट्रिय अगुवाहरूलाई राज्यका आधिकारिक निकायको रूपमा मान्यता दिइयो । यिनमा मुखियाका साथै गाउँप्रमुखका रूपमा जमिनदार, स्थानीय भूमिकर संकलकका रूपमा तालुकदार/सुब्बा/उमराव, क्षेत्रीय कर संकलकका रूपमा जागिरदार/बिर्तावाल/बडा हाकिम/अमाली तथा राज्यका कर्मचारी र स्थानीय गुम्बाहरू समेत पर्छन् । यी निकायहरूले घुमन्ते पशुपालकहरूमाथि मासिक वा वार्षिक कर लगाए । यो कर प्राय: अनौपचारिक वार्तामार्फत तोकिन्थ्यो । पशुपालकहरूले चरन क्षेत्र प्रयोगको बदलामा यी नेताहरुलाई पशुधन, जिन्सी सहयोग वा श्रम दिनुपर्थ्यो । पशुपालकहरू यसरी थोपरिएका करहरूको विरुद्धमा थिए । तर उनीहरू बाध्य भएर भारी कर तिर्थे । उनीहरूसँग जमिनको स्वामित्व थिएन । चरन क्षेत्र र आवागमन मार्गमाथि सामन्ती प्रथाको नियन्त्रण थियो । उनीहरू राजनीतिक रूपमा पनि उपेक्षित थिए ।

निजी वन राष्ट्रियकरण ऐन २०१३, बिर्ता उन्मूलन ऐन २०१६, भूमि सम्बन्धी ऐन २०२१ र खर्क जग्गा राष्ट्रियकरण ऐन २०३१ मार्फत जमिनमा आधारित सामन्तवाद नेपालबाट उन्मूलन भयो । त्यसपछि घुमन्ते पशुपालकहरू आफ्नै परम्परागत व्यवस्थापन प्रणालीअनुसार चरन क्षेत्र प्रयोग गर्न सक्षम भए । तर उन्नाइसौं शताब्दीको अन्तमा राज्यका नयाँ निकायहरू उदाए । यी निकायहरूले नयाँ कानुनका आधारमा अनुमतिपत्र प्रणालीको नाममा घुमन्ते पशुपालकहरूमाथि भारी कर र दस्तुर थोपरे ।



नेपालको बागलुङ जिल्लाको खर्क क्षेत्र, चरनको लागि प्रयोग गरिन्छ । तस्बिर: मुकेश पोखरेल

नेपालको प्रचलित संविधान र अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नम्बर १६९ (ILO No. 169) लगायत मानव अधिकारका दस्तावेजहरूले राज्यका लागि एउटा महत्त्वपूर्ण शर्त तोकेका छन् । पशुपालकहरुलाई प्रत्यक्ष असर पार्ने कानुन बनाउँदा प्रभावित समुदायहरूसँग परामर्श गर्नुपर्छ । नेपाल सरकारले यो दस्तावेज अनुमोदन गरेको छ । तर पशुपालकहरूले परम्परागत रूपमा प्रयोग गर्दै आएका चरन क्षेत्रसम्बन्धी कानुन बनाउँदा उनीहरूसँग कहिल्यै परामर्श गरिएको छैन । चरन कर मनोमानी रूपमा र परामर्शबिना लगाइएको छ ।

# राज्यका निकायहरूले लगाउने कर र दस्तुरहरू

राज्यका निम्न निकाय र संस्थाहरूले घुमन्ते पशुपालकहरूमाथि विभिन्न तहमा कर वा दस्तुर लगाउँछन्, जसले उनीहरूमाथि थप बोझ सिर्जना गर्छ । कुन निकायले कुन पशुको लागि कति कर लगाउने भन्ने कुनै मापदण्ड छैन । त्यसैले विभिन्न निकायहरूले मनोमानी तवरमा प्रति याक/चौरी प्रति महिना रू. २०० देखि ५०० (१.५० देखि ३.५० अमेरिकी डलर) र प्रति भेडा/च्याङ्ग्रा प्रति महिना रू. २०० (१.५० अमेरिकी डलर) सम्म चरन दस्तुर लिइरहेका छन् । पशुपालक समुदायहरूका लागि यो अत्यन्त महँगो र असह्य छ ।

## राष्ट्रिय निकुञ्ज, आरक्ष र मध्यवर्ती क्षेत्रमा प्रवेश अनुमतिपत्र शुल्क

संरक्षित क्षेत्रहरू स्थापना हुनुअघि नै पशुपालकहरूले पुर्खाकालदेखि पशु चराउँदै र गोठहरू राख्दै आएका थिए । नेपालको हिमाली राष्ट्रिय निकुञ्जहरू र तिनका मध्यवर्ती क्षेत्रभित्र ठूलो संख्यामा पशुपालकका गोठहरू छन् । हिमाली राष्ट्रिय निकुञ्ज नियमावली २०३६ ले पशुपालकहरुलाई राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रभित्र पशु चराउन र गोठ राख्न अनुमति दिएको छ । तर केही राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रहरूले अनुमतिपत्र शुल्क लिन्छन् भने केहीले लिँदैनन् । यो शुल्क निकुञ्जअनुसार फरक-फरक छ । यस्तो असमान व्यवहारका कारण घुमन्ते पशुपालकहरूले समान व्यवहार र चरन तथा गोठ शुल्क हटाउन वा घटाउन माग गर्दै आएका छन् ।

संरक्षित क्षेत्र स्थापनाका कारण पशुपालकहरूको परम्परागत चरिचरनको अधिकार खोसिएको छ । यो अधिकार फिर्ता पाउन उनीहरूले संरक्षित क्षेत्रका कार्यालयहरूमा ज्ञापनपत्र बुझाएका छन्, धर्नाहरू दिएका छन् र सरकारी निकायहरूसँग वार्ता गरेका छन् । यी प्रयासहरूबाट परम्परागत चरन अधिकार आंशिक रूपमा पुन: स्थापित भएको छ र चरन शुल्कमा छुट पाइएको छ । केही निकुञ्जका अधिकारीहरूले पशुपालकहरूको माग सुनेर अनुमतिपत्र शुल्क छुट गरेका छन् । तैपनि केही संरक्षित क्षेत्रहरूमा परम्परागत चरिचरनको अधिकार दिन अझै पनि इन्कार गरिएको छ । पुर्खाको चरन अधिकार सुरक्षित गर्न पशुपालनमा संलग्न परम्परागत संस्थाहरू संगठित हुनु आवश्यक देखिन्छ ।

## संरक्षण क्षेत्रमा प्रवेशको लागि चरन शुल्क

संरक्षण क्षेत्र व्यवस्थापन नियमावलीले संरक्षण क्षेत्र व्यवस्थापन समिति (CAMC) लाई संरक्षण व्यवस्थापन योजनामा व्यवस्था गरेर पशुपालकहरूबाट चरन शुल्क उठाउने अधिकार दिएको छ । तर ती समितिहरूले पशुपालकहरूमाथि असह्य र अत्यन्त उच्च चरन शुल्क लगाउँदै आएका छन् । त्यसैले पशुपालकहरू यस्तो अन्यायपूर्ण शुल्कको विरोध गर्दैछन् ।

ताप्लेजुङ जिल्लाको याक र चौरी चरन क्षेत्र ।
तस्बिर: सुरज ओझा



### सामुदायिक वनमा प्रवेशको लागि चरन शुल्क

सामुदायिक वन स्थापना हुनुअघिदेखि नै घुमन्ते पशुपालकहरू परम्परागत रूपमा सामुदायिक वनका उपभोगकर्ता रहँदै आएका छन् । तर सामुदायिक वन उपभोक्ता समूह (CFUGs) हरूले पशुपालकहरूमाथि असह्य र अत्यन्त उच्च चरन शुल्क लगाउँदै आएका छन्, जुन उनीहरुलाई स्वीकार्य छैन । सामुदायिक वनका परम्परागत उपभोगकर्ताको हैसियतले घुमन्ते पशुपालकहरू सामुदायिक वन उपभोक्ता समूहहरुलाई न्यूनतम चरन शुल्क तिर्न सहमत छन् । तर यो शुल्क पारदर्शी र सहभागितामूलक निर्णय प्रक्रियामार्फत निर्धारण हुनुपर्छ ।

### स्थानीय सरकारले लगाउने स्थानीय कर

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारलाई घुमन्ते पशुपालकहरूमाथि चरन वापत कर लगाउने अधिकार दिएको छैन । तर आवागमन मार्गहरूमा रहेका धेरै स्थानीय सरकारहरूले पशुव्यवसायको नाममा पशुपालकहरूमाथि स्थानीय कर लगाउँदै आएका छन् । पशुपालकहरूले यस्तो कर तिर्न अस्वीकार गरिरहेका छन् र स्थानीय सरकार तथा पशुपालक समुदायबीच द्वन्द्व बढ्दो छ । केही ठाउँमा पशुपालकहरूको विरोधपछि केही स्थानीय सरकारहरूले यो कर हटाएका छन् ।

> *"हामी जनताद्वारा निर्वाचित भएकाले उनीहरूका माग सुन्नु र सम्बोधन गर्नु हाम्रो कर्तव्य हो । हाम्रो गाउँपालिका क्षेत्रमा ठूलो संख्यामा पशुपालकहरू र धेरै गोठहरू छन् । पहिले उनीहरूबाट पशु कर लिइन्थ्यो, तर अहिले हाम्रो स्थानीय सरकारले उनीहरूबाट यो कर लिँदैन । अन्य स्थानीय सरकारहरूले पनि यस्तो कर लगाउनु उचित हुँदैन ।"*
>
> — **निमा लामा**, अध्यक्ष, चुम नुब्री गाउँपालिका, गोरखा

## राजनीतिक दल र अनौपचारिक गिरोहहरुलाई चन्दा

नेपाल सरकार र तत्कालीन सशस्त्र दल नेकपा (माओवादी) बीचको दशवर्षे युद्ध (२०५२–२०६३) को क्रममा घुमन्ते पशुपालकहरुलाई चन्दाको रूपमा ठूलो रकम दिन बाध्य पारियो । अहिले पनि चुनावको समयमा र अन्य विभिन्न अवसरहरूमा घुमन्ते पशुपालकहरू राजनीतिक दल र अनौपचारिक गिरोहहरुलाई नगद चन्दा दिन बाध्य छन् । घुमन्ते पशुपालकहरूले यो प्रचलनको निरन्तर विरोध गर्दै आएका छन् ।.

## निष्कर्ष र आगामी बाटो

नेपालका घुमन्ते पशुपालकहरू आफ्नो परम्परागत जीविका जारी राख्न चाहन्छन् । तर असमान र यत्रतत्र लगाइएको करले उनीहरुलाई पशुपालन पेसाबाट बाहिर धकेल्दै छ । राजनीतिक उपेक्षा र संगठनको अभावले यो चुनौतीलाई झनै टड्कारो बनाएको छ । अगाडि बढ्नका लागि सुसंगठित नीतिगत पैरवी अभियान सञ्चालन गर्नु आवश्यक छ । यो अभियानले कर लगाउने विभिन्न निकायहरुलाई लक्षित गर्नुपर्छ । यी निकायहरुलाई सम्बन्धित सरकारी निकाय, स्थानीय सरकार, सामुदायिक वन उपभोक्ता समूह र पशुपालकहरूसँग मिलेर एकल र एकीकृत चरन कर प्रणाली विकास गर्न प्रोत्साहित गर्नुपर्छ ।

# मङ्गोलिया



# खानीबाट विस्थापित: मङ्गोलियाकी एक घुमन्ते आदिवासी महिला पशुपालकको भूमि अधिकारको लडाइँ

बायारसाइखान नामसराई (स्टेप्स विदाउट बोर्डर्स, मङ्गोलिया), एराग मातृभूमिका संरक्षक (मङ्गोलिया), एरियल अहर्न (अक्सफोर्ड विश्वविद्यालय), र पि (सांकेतिक नाम)

पि [1] को परिवार दक्षिणपूर्वी मङ्गोलियाको डोर्नोगोभी प्रदेशमा परम्परागत मङ्गोलियाली गेर (सार्न मिल्ने गरी बनाइएको गोलघर) मा बस्छ । उनी बस्ने सोम (स्थानीय तह) मा ३०६ पशुपालक परिवार छन् (सन् २०२५ को तथ्याङ्क अनुसार) । यो क्षेत्र गोबी मरुभूमिको सुख्खापनबाट प्रभावित छ । यहाँ सदियौंदेखि घुमन्ते पशुपालन गरिँदै आएको छ । पशुहरू खुला र बारबन्देज नभएको चरन क्षेत्रमा स्वतन्त्र रूपमा चर्छन् । पशुपालकहरूले मौसम तथा चरन क्षेत्रको अवस्था परिवर्तन हुँदा परम्परागत ज्ञानका आधारमा आफ्नो मौसमी आवागमन निर्धारण गर्छन् । खडेरी, हिउँदे पशु विपद् (Dzud) वा अन्य प्राकृतिक प्रकोपको समयमा पशुपालकहरू अझ टाढासम्म यात्रा गर्छन् ।

यहाँ स्थानीय अधिकारी र अन्य पशुपालकहरूसँगको समन्वयमा आवागमनको व्यवस्था मिलाइन्छ । यो प्रणाली निश्चित र एकल भूखण्डमा होइन, पारस्परिकता र परम्परागत मान्यतामा आधारित छ । यो भू-पूर्णाधिकार प्रणाली मङ्गोलियाको शहरी क्षेत्रबाहेक लगभग सम्पूर्ण भूभागमा लागू हुन्छ । मङ्गोलियाको भूमि ऐन, अन्तर्गत पशुपालकहरूले हिउँदे र वसन्ते शिविरका लागि १५ देखि ६० वर्षसम्मको हकभोग प्रमाणपत्र प्राप्त गर्न सक्छन् । यो प्रमाणपत्र थप ४० वर्षसम्मका लागि एकपटक नवीकरण गर्न सकिन्छ । पि को परिवारसँग यस्तै प्रमाणपत्र छ । यो प्रमाणपत्र सन् २०३३ सम्म वैध छ । तर वास्तवमा घुमन्ते पशुपालनका लागि चाहिने भूमि सयौं माइल फैलिएको हुन्छ । यो दूरी प्रमाणपत्रमा उल्लेख गरिएको क्षेत्रभन्दा धेरै बढी हो । पानीको लागि पि लाई आफ्ना आमाबाबुले बनाएका दुईवटा इनारमा भर पर्नुपर्छ । तर यी इनारहरू सार्वजनिक पँधेरो मानिन्छन् ।

सन् २००५ को मध्यदेखि खानी क्षेत्रको विस्तार तीव्र रूपमा भएको छ । यस्ता खानी क्षेत्र नै अहिले राज्यको प्रमुख आय स्रोत बनेको छ । राज्यले औद्योगिक र व्यावसायिक कृषिका लागि भूमि अधिग्रहण गर्न थाल्यो । यसले पशुपालकहरूबाट घुमन्ते भू-स्वामित्व बिस्तारै खोस्दै जान थाल्यो । मङ्गोलिया सरकारले सन् २०१० देखि पि को गृह जिल्लामा खनिज इजाजतपत्र जारी गर्दै आएको छ । सन् २०२४ सम्म त्यस क्षेत्रमा ३९ वटा इजाजतपत्र जारी भएका छन् । ती सबै पहिलेका पशुचरन क्षेत्रमा अवस्थित छन् । एमसिटिटि, डनफानलुमा, मोंख बोलोर खुरे, अल्ट्राग अखास, डुगुई उल, अल्तानबर्गा र एक्लेसिया गरी आठवटा कम्पनीहरूले पि को हिउँदे र वसन्ते शिविर[2] नजिक फ्लोराइट नामको रसायन निकाल्ने खुला खानी सञ्चालन गरिरहेका छन् । खानीको काममा खुला खाल्डो उत्खनन, खनिज

1. १. यस घटना अध्ययनमा व्यक्ति र परिवारका नामहरू गोपनीयताका लागि अज्ञात राखिएका छन् । जनसांख्यिक विशेषताहरू र पशुको संख्या लगायत अन्य सबै तथ्याङ्क वास्तविक हुन् । पि बोर ओभगोन ( Bor □vg□n ) वंशकी एक महिला पशुपालक हुन् । उनी आफ्नो परिवारसँग बस्छिन् । उनले आफ्नो सम्पूर्ण जीवन परम्परागत शैलीको घुमन्ते पशुपालन गर्दै बिताएकी छन् । परिवारले पहिले मङ्गोलियाली नस्लका भेडा, बाख्रा, घोडा, गाईवस्तु र ऊँट पाल्थे । एक समय उनीहरूसँग ७०० भन्दा बढी पशु थिए । अहिले लगभग ३५० भेडा र बाख्रा मात्र बाँकी छन् । उनको जीविका ऐतिहासिक रूपमा चार वटा ऋतुहरू अनुसारको मौसमी बसाइँसराइ ढाँचामा आधारित थियो

ढुवानी, फोहोर पानीको निकास र स्थानीय जलस्रोतको अत्यधिक प्रयोग हुन्छ । भूमिगत पानी पम्पले तानेर खुला चरन क्षेत्रमा छाडिन्छ । यसले वसन्ते शिविरमा पि को पहुँचलाई खुम्च्याइदिएको छ (तस्बिर १) ।

## गतिशील भू-पूर्णाधिकार प्रणालीमा खानीजन्य असुरक्षा



**तस्बिर १:** नजिकैका आठवटा खानी कम्पनीहरूले गरेका विस्फोटका कारण पशुपालक पि को हिउँदको आश्रय घर भत्किएको छ । यसले पशुहरूलाई भित्र ओतमा राख्न असम्भव बनाएको छ । तस्बिर: पि (नाम नखुलाइएको)

यो कथाले वास्तविक भू-पूर्णाधिकार असुरक्षाबारे स्पष्ट पार्छ । पशुपालकहरूसँग हिउँदे र वसन्ते शिविरको हकभोग प्रमाणपत्र भए पनि सरकारले चरन क्षेत्र अधिग्रहण गरी उनीहरुलाई जबरजस्ती विस्थापित गर्न सक्छ । यसले उनीहरूको औपचारिक अधिकारलाई अर्थहीन बनाउँछ । ग्रामीण भूमि राज्यको स्वामित्वमा छ । तर व्यवहारमा यो साझा चरन क्षेत्रको रूपमा प्रयोग हुन्छ । भूमिको एकल स्वामित्व मङ्गोलियाली पशुपालकहरूको परम्परागत भू-उपयोगको मान्यताविपरीत छ । जमिनमा पशुपालकहरूको औपचारिक हकभोगको अधिकार केवल हिउँदे र वसन्ते शिविरको लागि साना र निश्चित क्षेत्रमा मात्र लागू हुन्छ । यसले व्यापक आवागमनमा आधारित वास्तविक भूमि उपयोगलाई समेट्दैन ।

पशुपालकहरूको भू-पूर्णाधिकार अधिकार परम्परागत अभ्यास र सामूहिक आवागमनमा आधारित छ । दर्ता नभएका तर पुस्तौंदेखि प्रयोग गरिएका चरन क्षेत्र र जलस्रोत गुमाउनु चरनमा आधारित पशुपालकहरूका लागि आफ्नै नाममा दर्ता भएको भूमि गुमाउनुजत्तिकै गम्भीर क्षति हो । भू-पूर्णाधिकार प्रणालीले पशुपालकहरूको वास्तविकतालाई मान्यता दिनुपर्छ । परम्परागत र घुमन्ते भू-पूर्णाधिकार प्रणालीलाई औपचारिक रूपमा स्वीकार गरी उनीहरूको आत्मनिर्णयको अधिकार सुनिश्चित गरिनुपर्छ ।

खानी र पूर्वाधारका लागि भूमि अधिग्रहण हुँदा चरन प्रणाली छिन्नभिन्न हुन्छ । चरन क्षेत्र र जलस्रोतमा पशुपालकहरूको पहुँच घट्छ । जीविकोपार्जन कमजोर हुन्छ । पशुपालकहरुलाई आफ्नो परम्परागत चरन क्षेत्रमा खनिज उत्खननको इजाजतपत्र दिनबाट रोक्ने कानूनी अधिकार छैन । इजाजतपत्र जारी भएको वा चरन क्षेत्र औद्योगिक प्रयोजनका लागि तोकिएको जानकारीसम्म पनि प्राय: उनीहरूले पाइरहेका हुँदैनन् ।

पि को सवालमा खानी सञ्चालक कम्पनीहरूले विस्फोटक पदार्थ प्रयोग गर्छन् । कहिलेकाहीँ एकैसाथ धेरै विस्फोट हुन्छन् र जमिन हल्लिन्छ । माटो खल्बलिन्छ र सतहमा जम्मा हुन्छ । यसबाट चरन क्षेत्र धूलोले ढाकिन्छ । तर त्यहाँ कुनै पुनर्स्थापना वा पुनर्निर्माणको काम हुँदैन । त्यहाँ कुनै घेराबार, सावधानीको सङ्केत वा प्रतिबन्धित क्षेत्र छैन । कच्ची सडकमा भारी सामान लादिएका ट्रकहरूको आवागमनले जमिनलाई थप क्षति पुर्‍याउँछ । यसबाट जैविक विविधता र वन्यजन्तु लोप भएका छन् । कहिलेकाहीँ पशुहरू खुला खानीका खाल्डोमा समेत खस्छन् (तस्बिर २ र ३) ।

खुला खानी उत्खननले भूमिगत पानी निस्केर खाल्डोमा जम्मा हुन्छ । कम्पनीहरूले यो पानी पम्प गरी वरपरको भूमिमा छाड्छन् । यस्ता गतिविधिबाट गोबी क्षेत्रमा पिउने पानीको मुख्य स्रोत भूमिगत जलस्तर घटेको छ । जलवायु परिवर्तनका कारण वर्षा पनि कम हुँदै गएको छ । यी दुवै समस्याले परिस्थिति झन् जटिल बनाएको छ ।

2. २. पि ले आफ्ना आमाबाबुबाट एउटा हिंउदे र एउटा वसन्ते शिविरको उत्तराधिकारी बन्ने मौका पाएकी छन् । मङ्गोलियामा अत्यन्त कठोर जाडोको कारण हिउँदे शिविर अपरिहार्य हुन्छ ।

पि को घरायसी इनारको जलस्तर तीव्र रूपमा घटेको छ । यो इनार उनका पशुहरूको लागि पनि पानीको प्रमुख स्रोत हो । त्यस्तै, वसन्ते शिविरको इनार त्यसनजिक खनिएको खानीको फोहोर पाँगोले पुरिएको छ । यसका कारण पि लाई पिउने पानी सङ्कलन गर्न १५ माइल (२५ किलोमिटर) भन्दा बढी यात्रा गर्न बाध्य हुनुपरेको छ ।





**तस्बिर २ (बायाँ) र ३ (दायाँ):** फ्लोराइट उत्खनन गर्दा कम्पनीहरूले भूमिगत पानी निकाल्छन् । यसले गोबीको जलस्तरमा प्रत्यक्ष प्रभाव पार्छ । निकालिएको पानी बाहिर फाल्दा विषाक्त भई पशुहरू बिरामी पर्छन् ।
तस्बिर: पि (नाम नखुलाइएको)

## जीविकोपार्जनको क्षय र लैङ्गिक प्रभाव

विगत एक दशकमा पि को परिवारले आफ्नो सम्पूर्ण पशु बथान तीन पटक बेचेर पुन: किनेको छ । खानी सञ्चालनबाट उत्पन्न धूलोमा चर्ने पशुहरूको फोक्सो र अन्य अंगहरू कठोर हुन्छन् । तिनीहरूको शरीर नबढ्ने, बारम्बार रोग लाग्ने, गर्भ तुहिने र दूध उत्पादन घट्ने जस्ता समस्याबाट बिरामी पशु र पशुपालक किसान दुवै पीडित हुन्छन् । त्यस्तै समस्या देखिन थालेपछि पि को परिवारले अहिले साना पशु किन्छ, ती पशुलाई हुर्काउँछ र बेच्छ । तर पनि रोग निरन्तर लागिरहन्छ । पशु चिकित्सा सेवामा खर्च धेरै गर्नुपर्छ । यही कारण गाईवस्तु र घोडा पाल्न असम्भव भइसकेको छ ।

खानी सञ्चालन हुनुअघि पशुको उत्पादकत्व र आम्दानी उच्च थियो । रोगको दर न्यून थियो । पशु परीक्षण र रोग निवारणका सेवाहरू नियमित रूपमा उपलब्ध थिए । हिजोआज घरायसी आम्दानीको लगभग १५ प्रतिशत औषधि र पशु चिकित्सा सेवामा खर्च हुन्छ । आर्थिक घाटा निरन्तर छ । खाद्य सुरक्षा बिग्रिएको छ ।

घरायसी श्रमको ढाँचा पनि बदलिएको छ । पहिले पि ले पशुपालन, खानाको तयारी र दूध प्रशोधनमा ध्यान दिन्थिन् । उनका श्रीमान् घोडदौडको तालिम दिन्थे, महोत्सव र नादाम (एक प्रकारको पररम्परागत खेलकुद मेला) मा भाग लिन्थे र सोम (स्थानीय तह) केन्द्रमा सेवा लिन जान्थे । अहिले पि भन्छिन्, "त्यो जीवन अब छैन । हामी खानीविरुद्ध लड्ने पशुपालक भएका छौं ।" उनी आफ्नो परिवार, समुदाय र भावी पुस्ताका तर्फबाट खानी सञ्चालक कम्पनी र सरकारी अधिकारीहरूसँग लड्ने पैरवीकर्ता बनेकी छन् ।

घुमन्ते पशुपालकहरूका लागि पशुको स्वास्थ्य र भू-पूर्णाधिकार सुरक्षा अभिन्न छन् । बारम्बार भइरहने पशुधनको क्षतिले आर्थिक हानि मात्र होइन, कामबाट विस्थापन सम्मका असर भोग्नुपर्छ । चरन क्षेत्रहरू पारिस्थितिक रूपमा प्रतिकूल हुँदै गएका छन् । पानी र घाँस आपूर्ति प्रणाली ह्रास भएको छ । परम्परागत भू-उपयोगको वास्तविक अधिकार प्रयोग गर्न सकिने वैधानिक प्रचलन अब अस्तित्वमा रहेन । वातावरणीय क्षयले परिवारमा पुस्तौंसम्मको पेसागत योजना बनाउने क्षमतामा पनि ह्रास ल्याएको छ । फलस्वरूप, पशुपालनमा आश्रित भएको कारण अव्यावहारिक जीवन निर्वाहको चक्रमा फस्नुपरेको छ । उचित स्थानान्तरण वा क्षतिपूर्तिका बारेमा कुनै निर्णय भएको छैन । यसले पि को परिवारका सदस्यहरूले आत्मविश्वास गुमाएका छन् । आफ्नो भविष्यको बारेमा उनीहरू निरन्तर अन्योल र अनिश्चितताको सामना गरिरहेका छन् ।

## छेकिएको आवागमन, सांस्कृतिक क्षति र सामाजिक द्वन्द्व

पि का लागि पहिलेको स्थिर पैतृक घुमन्ते जीवन अब भय र अनिश्चिततामा बदलिएको छ । पुस्तौंदेखि पूजा गरिँदै आएको पवित्र पहाड चैतर्फी उत्खननको शिकार भएको छ । अब त्यहाँ समुदायले बनाएको ओवो (आस्थाको प्रतीक मानिनने ढुङ्गाको थुप्रो) मात्र बाँकी छ । यसले गहिरो भावनात्मक पीडा दिएको छ । आध्यात्मिक विश्वासमा आघात परेको छ । मासिँदै गरेको आश्रयथस्थल ७५ माइल (१२० किलोमिटर) टाढा स्थानान्तरण गर्ने उनीहरूको प्रयास पनि असफल भयो । किनभने पशुहरू आफ्नो परिचित हिउँदे शिविर र जलस्रोतमै फर्किए । घोडा र गाईवस्तु नयाँ ठाउँमा बस्न मानेनन् । परिणामस्वरूप परिवारले पवित्र पहाड वा सागान डेल (Tsagaan Del) गुफा छाड्न सकेन । त्यही गुफामा पुस्तौंदेखि दूध र मासु भण्डारण गरिँदै आएको थियो ।

मङ्गोलियाको वातावरणीय प्रभाव मूल्याङ्कन ऐन, अन्तर्गत कम्पनीहरूले बाग (स्थानीय तहमा सबैभन्दा तल्लो तहको प्रशासनिक एकाई) स्तरीय बैठकमा आयोजना मूल्याङ्कन प्रस्तुत गरे । त्यसबेला स्थानीय बासिन्दाहरूले प्रस्तावित परियोजनाहरू अस्वीकृत हुनुपर्ने माग राखे । तर उपस्थित बहुसंख्यक व्यक्तिहरूले खानी परियोजनाहरू अनुमोदन गरे । पि लाई सबै बैठकको जानकारी दिइएन । पछि उनलाई बागको आधिकारिक सामाजिक सञ्चार समूहबाट हटाइयो । यसले उनलाई सूचना पाउनबाटै बञ्चित गरिदियो । त्यति मात्र होइन, पि ले भेदभाव र दबाबको सामना गर्नुपर्‍यो । एक कम्पनीका प्रतिनिधिले उनीमाथि सार्वजनिक रूपमा झूटो आरोप लगाए । ती कर्मचारीलाई बर्खास्त त गरियो तर त्यसबाहेक तिनले अन्य कुनै जवाफदेहिता लिनु परेन ।

आफ्नो अवस्थाबारे सोच्दै पि ले भनिन्, "खानीले मेरा सपना, मेरो घर, मेरो सम्पत्ति र मेरो परिवारको भविष्य सबै सखाप पारिदियो । अब मेरो संघर्षलाई रोक्ने अधिकार पनि कसैलाई छैन ।" भूमि र जीविकोपार्जन गुमाए पनि औपचारिक उजुरी र निरन्तरको पैरवीमार्फत उनले खानीको विरोध जारी राखेकी छन् ।

## नेतृत्व र पैरवी

यस अवधिमा पि मानव अधिकार तथा वातावरणीय अधिकार रक्षक बनिन् । उनको प्रयासका कारण राष्ट्रिय सभा प्रस्ताव (२०१९) र सरकारी प्रस्ताव (२०२५) पारित भए । यी प्रस्तावहरूले सागान डेल गुफालाई राज्यको विशेष संरक्षणमा राखे । सन् २०२१ मा उनले स्पेनको राजधानी म्याड्रिडमा आयोजित महिला मानव अधिकार रक्षकहरूको अन्तर्राष्ट्रिय सम्मेलनमा भाग लिइन् । उनले पशुपालक पारालिगल कार्यकर्ताको रूपमा तालिम लिइन् । त्यसमा वातावरणीय तथा मानव अधिकार कानूनको ज्ञान हासिल गरिन् र "ऐराग मातृभूमिका संरक्षक" (Guardians of Airag Homeland) नामक गैरसरकारी संस्थाको सहसंस्थापक बनिन् ।



**तस्बिर ४:** जुलाई २०२५ मा पि आफ्नो पतिसहित पवित्र पहाडमा ओवो (आस्थाको प्रतीक मानिने ढुङ्गाको थुप्रो) नजिक । फ्लोराइट रसायन निकाल्न गरिएको फ्लोरस्पार खानी उत्खननमा पवित्र पहाडलाई सबै दिशाबाट क्षतविक्षत पारिएको छ ।
तस्बिर: पि (नाम नखुलाइएको)

मङ्गोलियामा सामाजिक र सांस्कृतिक प्रभाव मूल्याङ्कनको कानूनी ढाँचा नभएकाले पि र उनी जस्ता पीडित पशुपालकहरूले सामाजिक र सांस्कृतिक क्षतिको कुनै क्षतिपूर्ति पाएका छैनन् । पशुपालकहरूको जीविकोपार्जन सुरक्षित गर्ने प्रक्रियाबिना नै भूमि अधिग्रहण भएको छ ।

# नाइजर



# नाइजरको मातानकारी गाउँपालिकास्थित बाजादा चरन क्षेत्रमा पहुँचको सामुदायिक व्यवस्थापन र परम्परागत संयन्त्रहरू

डा. राबिउ अमाड्डु चारिफी र डा. अब्दुलकादर अफाने

बाजादा चरन क्षेत्र १,५९८ हेक्टरमा फैलिएको छ। यो नाइजरको डोसो क्षेत्रको मातानकारी गाउँपालिकामा पर्छ। यो क्षेत्र कानुनी रूपमा संरक्षित छ। यो ठाउँ वैधानिक तवरले राज्यको सार्वजनिक सम्पत्ति अन्तर्गत अन्तर-सामुदायिक क्षेत्रको रूपमा तोकिएको छ। (आदेश नं. ००९/सिआर/एमएटि/डियु, अक्टोबर २६, २०१८) । यहाँ मुख्यत: फुलानी र तुआरेग समुदायहरू बस्छन्। यो क्षेत्र अर्ध-सुख्खा जलवायु भएको भूभागमा पर्छ। यहाँ चरनका स्रोतहरू निकै अनिश्चित हुन्छन्। जमिनमाथिको दबाब बढ्दो छ। खुला चरनमा आधारित पशुहरू र पशुपालक परिवारहरूको अस्तित्वका लागि अत्यावश्यक चरन क्षेत्र कृषि विस्तार र पूर्वाधार निर्माणले घटाउँदैछ। गाउँ संहिता र अध्यादेश नं. २०१०-२९ ले जीविकाको लागि घुमफिर र सामूहिक उपयोग अधिकारको ग्यारेन्टी दिन्छ। व्यवहारमा चाहिँ चरन क्षेत्रमाथिको पहुँच प्राय: परम्परागत नियममा आधारित छ। यी नियमहरूले चरन क्षेत्र र पानीको पहुँच व्यवस्थित गर्छन्। साथै पशुपालक र किसानबीचको द्वन्द्व रोक्न मद्दत गर्छन्।

*"हाम्रा आमाबाबुबाट विरासतमा पाएका नियमहरू नभएको भए, यहाँ कुनै साझा चरन क्षेत्र हुँदैनथ्यो।"*

— **अमाड्डु इस्सा,** फुलानी पशुपालक (२०२५)

## पहुँचका परम्परागत संयन्त्रहरू

मातानकारीका परम्परागत संयन्त्रहरुलाई दुई नेताहरूले हेर्छन्। घुमन्ते समुदायहरूका लागि समूह नेताले हेर्छन्। बसोबास गर्ने समुदायहरूका लागि क्यान्टन नेताले हेर्छन्। गाउँ प्रमुखहरू र परम्परागत परिषद्हरूले उनीहरुलाई सहयोग गर्छन्। यी सबै व्यक्तिहरू राज्यका प्रतिनिधि हुन्। उनीहरूले हेर्ने मुख्य कार्यक्षेत्रहरू यस प्रकार छन्:



**परम्परागत भूमिहरू:** प्रत्येक पशुपालक समूदायलाई आफ्नो परम्परागत चरन क्षेत्रमाथि प्राथमिक अधिकार छ। यो अधिकार परम्परा र आदेश नं. ९७-००७/ एमएजि/इएल(१९९७) द्वारा मान्यता प्राप्त छ। समुदायका सदस्यहरुलाई सामान्यतया नि:शुल्क पहुँच दिइएको छ।



**मौसमी चरन मार्गहरू:** चिह्न लगाइएका मौसमी चरन मार्गहरूले चरन क्षेत्र र जलस्रोतबीच पशु बथानको मौसमी आवागमन सम्भव बनाउँछन्। घुमन्ते पशुपालनलाई व्यवस्थित गर्ने जिम्मेवारी पाएका स्थानीय 'ट्रान्सह्युमेन्स समिति' हरूले अनुगमन कार्य सञ्चालन गर्छन्।

**आलोपालो नियमहरू:** अत्यधिक चरन रोक्न सामुदायिक नियमहरूले आलोपालो प्रणालीबाट चरन क्षेत्रको प्रयोगलाई व्यवस्थित गर्छन् । समुदायको पाका पुस्ताका मानिसहरूले द्वन्द्वहरूको मध्यस्थता गर्छन् ।

**पानी व्यवस्थापन:** पशुको प्रकार र परम्परागत भूमिसँगको निकटतामा जलस्रोतमा पहुँच निर्भर गर्छ । पानीका स्रोतहरू पनि परम्परागत पहुँच संयन्त्रमार्फत व्यवस्थापन गरिन्छन् ।

मानिस र पशुका बथानहरूको आवागमन एक पशुपालन पात्रोद्वारा सञ्चालित हुन्छ । यो पात्रोले चरन क्षेत्र र जलस्रोतहरूको दिगो व्यवस्थापनलाई सहयोग गर्छ ।

*"हाम्रा अगुवाहरुलाई पशुका बथान कहिले र कहाँ सार्ने भन्ने थाहा छ । यसैकारण हामी उनीहरूको सम्मान गर्छौं । प्रत्येक पशुबथानलाई पर्याप्त चरन र पानी सुनिश्चित गर्ने एकमात्र उपाय यही हो ।"*

— **बाकी डेली**, माडा जनजाति प्रमुख (२०२५)

## पशुपालक महिलाहरूको अधिकार र भूमिका

जमिन र चरन क्षेत्रमा पहुँच एउटा ठूलो समस्या हो । यो समस्या कमजोर वर्ग र त्यसमा पनि विशेषगरी महिलाहरूले भोग्नुपरिरहेको छ । अधिकांश समुदायहरूमा पितृसत्तात्मक व्यवस्था छ । यस व्यवस्थामा पुरुषलाई नै सम्पत्तिको मुख्य मालिक मानिन्छ । तर राष्ट्रिय कानुनले सबैलाई समान अधिकार दिएको छ । महिला पशुपालकहरूको भूमिका धेरै महत्त्वपूर्ण छ । उनीहरू भेडा र बाख्राको हेरचाह गर्छन् । परम्परागत ज्ञानबाट पशुहरूको स्वास्थ्य हेर्छन् । पानी संकलन गर्छन् । सुख्खा मौसममा घास र दानाको जोहो गर्छन् । घुमन्ते पशुपालनको व्यवस्थापन पनि गर्छन् । पशुपालक परिवारहरू टिकिरहनमा उनीहरूको योगदान अतुलनीय छ ।



तस्बिर: डा. राबिउ अमाडु चारिफी र डा. अब्दुलकादर अफाने

*"हामीलाई ठूला चरन क्षेत्रबारे निर्णय गर्ने अधिकार छैन । तर हामीलाई धेरै कुरा थाहा छ । घुमन्ते पशुपालनको व्यवस्थापन कसरी गर्ने, पशुका साना बथानहरू कसरी सम्हाल्ने, पशुहरूको स्वास्थ्य कसरी हेर्ने- यी सबै हामी जान्दछौं । साथै पशुजन्य उत्पादनहरू उपयोग गरेर परिवारको जीविका कसरी सुधार्ने भन्ने पनि हामीलाई थाहा छ । हामी नभए पशुहरू बाँच्दैनथे ।"*

— **हज्जारा ओरोजी**, महिला पशुपालक (२०२५)

## चुनौतीहरू

- **जमिनमाथिको दबाब** र बसोबासको विस्तार बढ्दो छ । कृषिको विस्तार र चरन क्षेत्र कब्जाले यो समस्या झन् गम्भीर बनाउँदैछ ।

- **जलवायु परिवर्तन**ले अनिश्चित खडेरी निम्त्याउँछ । यसका लागि निरन्तर अनुकूलनका उपायहरू अपनाउनु आवश्यक छ ।

- **असुरक्षा**ले घुमफिरमा बाधा पुर्‍याउँछ । यसले केही घुमन्ते पशुपालन मार्गहरुलाई बन्द गरिदिन्छ ।

- **लैङ्गिक असमानता**ले महिलाहरुलाई थप पछाडि धकेल्छ । यसले प्राथमिक चरन क्षेत्रमा उनीहरूको पहुँच घटाउँछ । निर्णय गर्ने निकायहरूमा पनि उनीहरूको सहभागिता कम छ ।

*"अहिले पानी परे पनि, भविष्यमा चरन क्षेत्रहरू रहन्छन् कि रहँदैनन्, हामीलाई थाहा छैन ।"*

— इसुफु, घुमन्ते पशुपालक (२०२४)

## सामुदायिक व्यवस्थापन

बाजादामा अभ्यास भइरहेको पशुपालनको व्यवस्थापनले प्रभावकारी सामुदायिक संगठनको उदाहरण दिन्छ । यसले कठिन परिस्थितिमा पनि राम्रोसँग काम गर्छ । यो व्यवस्था चरन क्षेत्र र पानीको स्रोतमा पहुँचका परम्परागत नियममा आधारित छ । यी नियमहरुलाई स्थानीय अधिकारीहरूले सन् २०१८ देखि बिस्तारै मान्यता दिँदै आएका छन् ।



तस्बिर: डा. राबिउ अमाडु चरिफी र डा. अब्दुलकादर अफाने

- समुदायका पाका मानिसहरूको मध्यस्थताले द्वन्द्व रोक्न र समाधान गर्न मद्दत गर्छ । यसले मेलमिलापमा आधारित समाधान खोज्छ ।
- मौसमी चरनमा आलोपालो प्रणालीले अत्यधिक चरन रोक्छ । हरेक वर्ष समुदायका अगुवाहरू मिलेर तल्लो भूमिका चरन क्षेत्र खोल्ने मिति तय गर्छन् । यी क्षेत्रहरू उर्बर तर संवेदनशील छन् ।
- पानीको पहुँचलाई न्यायोचित रूपमा व्यवस्थापन गरिन्छ । यसले तनाव कम गर्छ । व्यस्त समयमा महिला पशुपालकहरूले साना जनावरहरूका लागि पानी वितरण गर्छन् । पुरुषहरूले ठूला बथानहरू हेर्छन् ।
- महिलाहरूको सहभागिता बढ्दो छ । यसले पशुपालन व्यस्थापनलाई थप सबल र समावेशी बनाउँछ । सुरक्षित मार्ग छनोटमा अनुभवी महिलाहरूको सल्लाह लिइन्छ । विशेषगरी असुरक्षाको समयमा उनीहरूको राय महत्त्वपूर्ण हुन्छ । पानीको स्रोत र वैकल्पिक चरन क्षेत्रबारे उनीहरूको ज्ञानलाई समुदायले व्यापक रूपमा मान्यता दिन्छ ।

## बाजादामा कानुनी ढाँचा र स्थानीय व्यवहारबीचको खाडल

- कानुनले घुमन्ते पशुपालनलाई मान्यता दिन्छ । तर असुरक्षा र कृषिको अतिक्रमणले घुमफिर मार्गहरूमा बाधा पुऱ्याउँछ । यसले कानुनको प्रभावकारी कार्यान्वयन कठिन बनाउँछ ।
- लिखित कागजातहरूले चरन क्षेत्र सुनिश्चित गर्छन् । तर तिनको वास्तविक संरक्षण सामुदायिक सतर्कतामा भर पर्छ ।
- प्राकृतिक स्रोतको राज्यले गर्ने व्यवस्थापन प्राय: अप्रभावकारी छ । परम्परागत संयन्त्रहरू बढी लचिला, समाधानमुखी र सामाजिक रूपमा मान्य छन् ।

*"हाम्रो समुदाय हाम्रा बाबुआमाले छोडेका नियमहरूका कारण बाँचेको छ । तर हाम्रा छोरीहरूले पनि हामीसरह अधिकार पाउन, यी नियमहरुलाई महिलाहरूका लागि र बदलिँदो जलवायुका लागि अनुकूल बनाउनु पर्छ ।"*

— **ज्युली लाया सामरो**, युवा पशुपालक (२०२५)

# तान्जानिया



# सुरक्षित आवागमनमा फड्को: तान्जानियाको घुमन्ते पशुपालन र भूमि व्यवस्थापनमा महिलाहरूको नयाँ सोच

**निमा सेकी र डा. इम्यानुएल सुले**

तान्जानियाका घुमन्ते पशुपालक समुदायहरू जमिन, पानी र चरन स्रोतको सुरक्षित पहुँचमा निर्भर छन् । घुमफिर उनीहरूको जीविका, सांस्कृतिक पहिचान र पारिस्थितिक संरक्षणको आधार हो । मौसमी आवागमनले ती समुदायहरुलाई जलवायु परिवर्तनका चुनौतीहरू व्यवस्थापन गर्न त सघाउँछ नै । सहज घुमफिरको सुविधाले उनीहरुलाई पशु उत्पादकत्व कायम राख्न र सुख्खा तथा अर्धसुख्खा क्षेत्रका भूमिमा आधारित अर्थतन्त्र टिकाउन पनि मद्दत गर्छ ।[1] **पहुँच र आवागमनलाई एकअर्काबाट अलग गर्न सकिँदैन ।** चरनको स्रोतमा सुरक्षित पहुँच नभए आवागमन सीमित, विखण्डित वा अपराधीकृत हुन्छ । यो घटना अध्ययनले तान्जानियामा पशुपालकको पहुँच र सुरक्षित आवागमनबारे बताउँछ । त्यहाँको भूमि व्यवस्थामा सुधार र सामूहिक कार्यका साथै महिलाहरूको व्यवस्थापकीय नवप्रवर्तनले कसरी भूमिका खेलेको छ भन्ने पनि यसले दर्शाउँछ ।

## रणनीतिक आवागमन र पारिस्थितिक संरक्षण

क्षेत्रीय तथा विश्वव्यापी ढाँचाहरूले सामुदायिक भू-पूर्णाधिकार र घुमन्ते जीविकालाई मान्यता दिने क्रम बढिरहेको छ । तर तान्जानियामा त्यस्ता मान्यताहरूको राष्ट्रिय स्तरमा कार्यान्वयन अझै पनि सीमित छ ।[2] किनभने स्थायी भूमिको उपयोग र व्यक्तिगत स्वामित्वलाई प्राथमिकता दिने नीतिगत पूर्वाग्रह कायमै छ । आर्थिक वर्ष २०२५-२०२६ मा तान्जानियाले पशुपालन क्षेत्रका लागि ४७६.७ अर्ब स्वदेशी मुद्रा (१९ करोड ३० लाख अमेरिकी डलर) बराबरको बजेट प्रस्ताव गरेको छ ।[3] यसको अधिकांश भाग विकास खर्चका लागि छुट्याइएको छ । तर घट्दो चरन क्षेत्रका बीच पशुपालकहरूको आवागमन खुम्चिँदै जाने समस्यासँगै आर्थिक लाभका विकासे योजनाहरू आउँदैछन् ।

नयाँ बजेटअन्तर्गत पशु बजार, दूध संकलन केन्द्र, राष्ट्रिय खोप अभियान र जलवायु-अनुकूल डेरी कार्यक्रम[4] जस्ता क्षेत्रमा लगानीहरू गरिँदैछन् । यी सबै लगानी चरन क्षेत्र, पानीको स्रोत र पशु मार्गको सुरक्षित पहुँचमा निर्भर छन् । पशुपालकहरूको आवागमन अधिकार संरक्षण र सामुदायिक भू-पूर्णाधिकार सुदृढ गर्ने भूमि व्यवस्थापन प्रणाली नभए यी लगानीहरूले असमानता बढाउन सक्छन् । स्रोतमाथिको द्वन्द्व तीव्र हुन सक्छ । साथै पशुपालन प्रणालीको दीर्घकालीन दिगोपन कमजोर हुन सक्छ ।

1. १. होमवुड, क्याथरिन । २००८ । अफ्रिकी घुमन्ते पशुपालक समाजको पारिस्थितिकी । जेम्स करी, ओहायो विश्वविद्यालय प्रेस, एथेन्स । र स्कुन्स, इयान । १९९४ । अनिश्चिततामा बाँचेको जीवन: अफ्रिकामा पशुपालन विकासका नयाँ दिशाहरू । इन्टरमिडिएट टेक्नोलोजी पब्लिकेशन्स, लन्डन ।.
2. २. विश्व खाद्य कार्यक्रम (FAO), २०१८ । अफ्रिकाका सुख्खा क्षेत्रमा पशुपालन: जोखिम न्यूनीकरण, कमजोरी सम्बोधन र लचिलोपन वृद्धि । संयुक्त राष्ट्र खाद्य तथा कृषि संगठन, रोम ।
Organization of the United Nations, Rome.
3. ३. संयुक्त गणतन्त्र तान्जानिया (URT) । २०२५ । "पशुपालन तथा मत्स्य मन्त्रालयको बजेट भाषण ।" पशुपालन तथा मत्स्य मन्त्रालय, डोडोमा ।
4. ४. संयुक्त गणतन्त्र तान्जानिया (URT) । २०२५ ।

# भूमिको औपचारिकीकरण, कानुनी ढाँचा र वास्तविक अनुभव

सन् २००० को दशकको सुरुदेखि तान्जानियाले भूमि सुधारका धेरै कार्यक्रमहरू लागू गरेको छ । तीमध्ये ग्रामीण भू-उपयोग योजना र व्यवस्थित भूमि दर्ता सबैभन्दा उल्लेखनीय छन् । यी कार्यक्रमहरूको उद्देश्य भू-पूर्णाधिकार सुरक्षित गर्नु र भूमि उपयोग माथिको द्वन्द्व घटाउनु हो ।[5] तर घुमन्ते पशुपालक र शिकार संकलनमा आश्रित समुदायहरूका लागि यसका नतिजाहरू मिश्रित रहेका छन् । जमिनको औपचारिकीकरण प्रक्रियाले प्राय: व्यक्तिगत भू-पूर्णाधिकार प्राथमिकता दिएको छ । यो दृष्टिकोण घुमन्ते जीविकासँग मेल खाँदैन । घुमन्ते जीविका साझा चरन क्षेत्र, पशु आवागमन मार्ग र मौसमी पानीको पहुँचमा निर्भर छ ।[6]

कानुनी रूपमा तान्जानियाको भूमि व्यवस्थापन ढाँचा समानता र गैर-भेदभावको सिद्धान्तमा आधारित छ । सन् १९९५ को राष्ट्रिय भूमि नीति २०२३ मा संशोधन गरिएको छ । १९९९ को भूमि ऐन र १९९९ को ग्रामीण भूमि ऐनले परम्परागत भू-पूर्णाधिकार र भूमिमा महिला-पुरुष दुवैको समान अधिकारलाई मान्यता दिन्छन् ।[7] तर व्यवहारमा भूमिलाई ग्रामीण, सामान्य र आरक्षित वर्गमा विभाजन गर्दा जिम्मेवारीहरू बाझिन्छन् । यसले संस्थागत अस्पष्टता सिर्जना गर्छ । वन्यजन्तु र वनसम्बन्धी क्षेत्रगत कानुनहरूले प्राय: परम्परागत चरनको अधिकारलाई ओझेलमा पार्छन् । पुरानो पहुँच भएका ठाउँमा पनि यस्तो हुन्छ । केन्द्रीकृत अधिकार र अस्पष्ट क्षेत्राधिकारले भूमि हडप्न सजिलो बनाउँछ । यसले पहुँच सीमित गर्छ र चरनमा आधारित घुमन्ते पशुपालनलाई कमजोर पार्छ ।[8]

घुमन्ते पशुपालकहरूले प्रयोग गर्ने भूमि गाउँको सीमाभन्दा बाहिरसम्म छ । उनीहरूका बसाइँसराइ मार्गहरू, पशुका लागि नुन चाट्ने ठाउँहरू र सुख्खा मौसमका चरन क्षेत्रहरू एकभन्दा धेरै प्रशासनिक इलाकामा फैलिएका हुन्छन् । कहिलेकाहीँ यी क्षेत्रहरूले देशको सीमासमेत पार गर्छन् । तर योजना बनाउँदा जमिनलाई निश्चित गाउँमा मात्र बाँधिन्छ । यसले साझा चरनभूमि टुक्रिन्छ र पशुपालकहरूको आवागमन पनि सीमित बनाउँछ । अर्को समस्या

पशुपालक महिला परिषद्का संस्थापक सदस्यहरू ।
तस्बिर: घुमन्ते पशुपालक महिला परिषद



5. ५. सुले, इम्यानुएल । २०१७ । स्थानीय जनता र लगानीकर्ताहरूको विषयमा: तान्जानियामा भूमि अधिकार संरचनाको गतिशीलता । डेनमार्क अन्तर्राष्ट्रिय अध्ययन संस्था (DIIS) कार्यपत्र नं. २०१७:१० । ड्यानिश इन्स्टिच्युट फर इन्टरनेशनल स्टडिज, ओस्टबानेगाडे ।
6. ६. सुले, इम्यानुएल । २०२१ । तान्जानियामा गाउँ भूमि उपयोग योजना र पशुपालन भूमि व्यवस्थापनको मूल्याङ्कन । अन्तर्राष्ट्रिय पशुधन अनुसन्धान संस्थान (ILRI) मूल्याङ्कन प्रतिवेदन । इन्टरनेशनल लाइभस्टक रिसर्च इन्स्टिच्युट, नैरोबी ।
7. ७. संयुक्त गणतन्त्र तान्जानिया (URT) । १९९९क । भूमि ऐन, नं. ४, १९९९ । तान्जानिया सरकार, डोडोमा र संयुक्त गणतन्त्र तान्जानिया (URT) । १९९९ ख । ग्रामीण भूमि ऐन, नं. ५, १९९९ । तान्जानिया सरकार, डोडोमा ।

भनेको सरकारी लगानीको समन्वय राम्रोसँग नहुनु हो । यसले घुमन्ते पशुपालक र गतिशील समुदायहरूको अधिकारलाई बेवास्ता गर्छ । धेरै ठाउँका योजना दाताहरूको भरमा बनाइन्छ । त्यसैले पशुपालन क्षेत्रका कैयौँ योजनाहरू अधुरा छन् वा तिनीहरू सुरक्षित छैनन् । यस्ता क्षेत्रहरू पछि संरक्षण वा व्यापारिक प्रयोजनका लागि सामान्य वा आरक्षित इलाकामा बदलिन सक्छन् । त्यसैले यी क्षेत्रहरू चरनमा आधारित पशुपालकहरूका लागि जोखिममा छन् ।[9]



## सामूहिक प्रयास र महिलाहरूका नयाँ पहल



अनेकौं चुनौतीका बीच पनि घुमन्ते पशुपालक समुदायहरूले प्रयास जारी राखेका छन् । विशेषगरी उत्तरी तान्जानियाका मासाइ समुदाय यसमा निकै सक्रिय छन् । उनीहरुलाई अनुसन्धान संस्था, सरकार र नागरिक समाजले साथ दिएका छन् । उनीहरूले जमिनमा पहुँच सुरक्षित गर्न र आवागमन कायम राख्न सहयोगीहरूसँग मिलेर काम गरेका छन् । त्यसअन्तर्गत उनीहरूले विभिन्न उपाय अपनाएका छन् । जस्तै: गाउँ–गाउँबीच चरन सम्झौता, सुख्खा मौसमका लागि साझा चरन क्षेत्र, पानी प्रयोगमा सहमति, संयुक्त ग्रामीण भू-उपयोग योजना इत्यादि । यी कामहरू पाँचभन्दा बढी जिल्लामा गरिएका छन् । यसले समुदायलाई साझा चरन क्षेत्र, पशु हिँड्ने बाटो र मौसमी चरन क्षेत्र जोगाउन मद्दत गरेको छ । यी सबैलाई गाउँको जमिनका रूपमा मान्यता दिइएको छ ।[10]

घुमन्ते पशुपालक महिला परिषद्का सदस्यहरू तस्बिरका लागि उभिँदै ।
तस्बिर: घुमन्ते पशुपालक महिला परिषद्

तान्जानियाको अरुशा नजिक रहेको गोरोन्गो राष्ट्रिय निकुञ्जमा गाईबस्तु नजिक बसिरहेका एक मासाइ पुरुष ।
तस्बिर: शटरस्टक

पछिल्ला २० वर्षमा उजामा कम्युनिटी रिसोर्स टिम (UCRT) ले “उजामा मोडेल” अघि बढाएको छ । यसले धेरै भू-क्षेत्रहरू समेटेर सामूहिक भू-पूर्णाधिकार राख्ने कुरालाई जोड दिन्छ । सन् २०२४ सम्म युसिआरटिले ३५ लाख हेक्टरभन्दा बढी क्षेत्रमा योजना बनाउन सहयोग गरेको छ । २० लाख हेक्टरभन्दा बढी जमिन सामूहिक अधिकारअन्तर्गत सुरक्षित गरिएको छ । यसका लागि परम्परागत बसोबास तथा जमिन उपयोग अधिकार प्रमाणपत्र (CCRO) प्रयोग गरिएको छ ।[11] कितेटो जिल्लामा अर्को काम पनि भएको छ । त्यहाँ अन्तर्राष्ट्रिय पशु अनुसन्धान संस्थानले तान्जानिया सरकार र स्थानीय संस्थासँग मिलेर काम गरेको छ । त्यसअन्तर्गत चार वटा गाउँ समूहमा संयुक्त योजना बनाइएको छ । यसले १ लाख ६३ हजार हेक्टरभन्दा बढी साझा चरन क्षेत्र सुरक्षित गरेको छ । यी जमिनहरू कानुनी मान्यता प्राप्त पशुपालक समूहहरूले चलाउँछन् । जस्तै ओलेङ्गापा पशुपालक संघ (OLENGAPA Livestock Keepers Association) । यस संस्थाले आफ्ना सदस्य गाउँहरूको तर्फबाट परम्परागत बसोबास तथा जमिन उपयोग अधिकार प्रमाणपत्र (CCRO) लिएको छ ।[12]

8. ८. शिव्जी, इस्सा जी । (२००६) । जनतालाई बोल्न देऊ: नवउदारवादतर्फ तान्जानियाको यात्रा । अफ्रिकी समाजशास्त्र र अनुसन्धान विकास परिषद् (CODESRIA) पुस्तक प्रकाशन प्रणाली, डकार ।
9. ९. बेन्जामिन्सेन, टोर ए., मगाङ्गा, फाउस्टिन पी., र जुमाने मोशी अब्दुल्लाह । (२००९) । किलोसा हत्या काण्ड: तान्जानियामा किसान–पशुपालक द्वन्द्वको राजनीतिक पारिस्थितिकी । विकास र परिवर्तन (Development and Change), ४०(३): ४२३-४४५ ।
10. १०. सुल्ले, इमानुएल । (2021); र उजामा सामुदायिक स्रोत समूह (UCRT) । (२०२४) ।
11. ११. उजामा सामुदायिक स्रोत समूह (UCRT) । (२०२४) ।
12. १२. सुल्ले, इमानुएल । (२०२१) ।

सुरक्षित जमिनको अधिकारमा सुधारसँगै घुमन्ते पशुपालक महिलाहरूले धेरै नयाँ व्यवस्थापनका अभ्यास ल्याएका छन् । उजामा सामुदायिक स्रोत समूह (UCRT) र घुमन्ते पशुपालक महिलाहरूको परिषद् (PWC) को सहयोगमा महिलाको अधिकार र नेतृत्व कार्यक्रम चलाइएका छन् । यसका माध्यमबाट क्रमश: ९७ र १३७ महिला अधिकार तथा नेतृत्व मञ्च (WRLFs) स्थापना भएका छन् ।[13] पशुपालक महिलाहरूको परिषद् (PWC) बाट सहयोग लिएर महिला अधिकार तथा नेतृत्व मञ्च (WRLFs) ले ठूलो उपलब्धि हासिल गरेको छ । १,१९७ महिलालाई परम्परागत बसोबास तथा जमिन उपयोग अधिकार प्रमाणपत्र (CCRO) दिई भू-स्वामित्व सुनिश्चित गरिएको छ । त्यसबाहेक १,३९५ महिलाको जग्गालाई वैधानिक बनाइएको छ । पशुपालक महिलाहरूको परिषद् (PWC) र साझेदार संस्थाहरूले २०२६ सम्म यी सबै महिलाका लागि परम्परागत बसोबास तथा जमिन उपयोग अधिकार प्रमाणपत्र (CCRO) सुरक्षित गर्ने योजना बनाइरहेका छन् ।[14]

नेतृत्व विकासको क्षेत्रमा पनि महिलाका यी पहलहरू सफल भएका छन् । महिला अधिकार तथा नेतृत्व मञ्च (WRLFs) ५,००० भन्दा बढी महिलासम्म पुगिसकेको छ । यसले सन् २०२५ सम्ममा गाउँ र जिल्लाका व्यवस्थापन संरचनामा ७४८ महिलालाई निर्वाचित हुन सहयोग गरेको छ ।[15] यद्यपि, महिलाका चुनौती अझै बाँकी छन् । तान्जानियाली कानुनले भूमिमा पुरुष र महिलालाई समान अधिकार दिन्छ । तर जग्गा दर्ता प्रक्रियामा प्राय: पुरुष घरमूलीलाई प्राथमिकता दिइन्छ । यसले भूमिमा महिलाको पहुँच र निर्णय प्रक्रियामा उनीहरूको प्रभावलाई सीमित बनाउँछ ।[16] त्यति हुँदाहुँदै पनि घुमन्ते पशुपालक महिलाहरू प्रमुख व्यवस्थापनकर्ताका रूपमा सक्रिय हुने क्रम बढ्दै गएको देखिन्छ । उनीहरू महिला समूह, गाउँ परिषद् र भूमि समितिहरूमार्फत काम गर्छन् । उनीहरूले घर चलाउन र जीविकोपार्जनका लागि आवश्यक पानीको स्रोत, बसोबास क्षेत्र र पशुपालन मार्ग संरक्षणको पक्षमा आवाज उठाइरहेका छन् । महिलाहरूको सहभागिताले पारदर्शिता बढाएको छ । विवाद समाधान प्रणाली बलियो बनाएको छ । साथै जमिन प्रयोगसम्बन्धी निर्णयले समाजमा पार्ने प्रभावमा पनि ध्यान केन्द्रित गराएको छ । यसले महिलामैत्री दृष्टिकोण अपनाएर जमिनको पहुँच सुनिश्चित गर्नु र घुमन्ते प्रणालीमा गतिशीलता कायम राख्नु कति महत्वपूर्ण छ भन्ने देखाउँछ ।[17]

## निष्कर्ष

तान्जानियामा चरनमा आधारित पशुपालक र घुमन्ते समुदायको आवागमन केवल परम्परागत भूमि अधिकारलाई कानुनी मान्यता दिलाउनुमा निर्भर हुँदैन । त्यसका लागि सामूहिक भू-पूर्णाधिकार, भू-दृश्य सम्पर्क, समावेशी निर्णय प्रक्रिया, बलियो स्थानीय संस्था र महिलाको नेतृत्व उत्तिकै आवश्यक छ । घुमन्ते जमिन प्रयोगलाई वैध मान्नु र महिलालाई मुख्य व्यवस्थापनकर्ता मान्नु पनि जरूरी छ । यसले चरनमा आधारित पशुपालक समुदायको जीविकोपार्जनलाई निरन्तरता दिन्छ । सामाजिक एकता बलियो बनाउँछ । सँगसँगै उत्पादक तथा टिकाउ चरनक्षेत्रको पारिस्थितिक प्रणाली कायम राख्न पनि सघाउँछ ।

13. १३. पिडब्ल्युसि (२०२४) । वार्षिक प्रभाव रिपोर्ट । घुमन्ते पशुपालक महिलाहरूको परिषद्, अरुशा । यहाँ उपलब्ध: https://pastoralwomenscouncil.org/wp-content/uploads/2025/10/PWC-2024-ANNUAL-IMPACT-REPORT.pdf
14. १४. घुमन्ते पशुपालक महिलाहरूको परिषद् (PWC) (२०२४) ।
15. १५. उजामा सामुदायिक स्रोत समूह (UCRT) (२०२५) ।
16. १६. स्टेन, होवार्ड, मगाङ्गा, फाउस्टिन पी., ओडगार्ड, री, आस्क्यु, केली, र स्याम कन्निङ्घम । (२०१६) । औपचारिक विभाजन: तान्जानियामा परम्परागत अधिकार र कृषि ऋणको वितरण । विकास अध्ययन जर्नल, ५२(९): १३०६-१३१९ ।
17. १७ . डान्सर, हेलेन । (२०१५) ।तान्जानियामा महिला, जमिन र न्याय । जेम्स क्युरी, ओहियो विश्वविद्यालय प्रेस, एथेन्स ।

# केन्या



# केन्यामा घुमन्ते पशुपालकहरूको आवागमन, भूमि अधिकार र भू-पूर्णाधिकारको असुरक्षा

एन्ने सामान्टे, मेन्योइटो पशुपालक एकीकृत विकास संस्था (MPIDO)

केन्याको सुख्खा र अर्ध-सुख्खा भूमि [1] मा पशुपालन सबैभन्दा भरपर्दो र जलवायु-सहनशील जीविकोपार्जन प्रणालीहरूमध्ये एक हो । यो प्रणाली सदियौंदेखि चलिआएको छ । लाखौं मानिसहरूको जीवन यसैमा धानिएको छ । राष्ट्रिय खाद्य प्रणालीमा यसको योगदान ठूलो छ । पशुधन अर्थतन्त्र यसैमा टिकेको छ । वातावरण र पारिस्थितिक प्रणाली जोगाउनमा पनि यसको भूमिका महत्त्वपूर्ण छ । केन्यामा घुमन्ते पशुपालकहरुलाई जंगली पशुपालक पनि भनिन्छ । यिनीहरूमा माआ, बोराना, सोमाली, तुर्काना र पोकोट समुदायहरू पर्छन् ।[2] Tयी समुदायहरू मौसम र मौका हेरेर एक ठाउँबाट अर्को ठाउँ सर्छन् । यही गतिशीलता उनीहरूको उत्पादन प्रणालीको मूल आधार हो । यो आवागमन अव्यवस्थित छैन, बरु पूरै योजनाबद्ध छ । परम्परागत संस्थाहरूले यसलाई व्यवस्थित गर्छन् । सुख्खा मौसममा कुन चरन क्षेत्र प्रयोग गर्ने, वर्षामा कहाँ जाने, पानीका मुहान कहाँ छन्, पशुहरूका लागि नुन चाट्ने ठाउँ कहाँ छन् र पशु हिंडाउने बाटो कुन हो- यी सबै कुराको निर्धारण यिनै संस्थाहरूले गर्छन् ।

यो गतिशीलताले केवल पशुहरुलाई मात्र बचाउँदैन । यसले धेरै कुरा जोगाउँछ । समुदायको सांस्कृतिक पहिचान यसैमा छ । सामाजिक एकता यसमै अडेको छ । पाका पुस्ताको ज्ञान यसैबाट अर्को पुस्तामा सर्छ । विवाद र द्वन्द्व पनि यसै प्रणालीबाट व्यवस्थापन हुन्छ । ज्येष्ठ नागरिकहरूको परिषद्, उमेर-समूह प्रणाली र आपसी सम्झौताहरूले चरन कहिले, कहाँ र कसरी गर्ने भनी तय गर्छन् । जलवायु जतिसुकै अस्थिर भए पनि यो प्रणालीले काम गर्छ ।[3] इतिहासमा यही लचकताले पशुपालकहरुलाई खडेरी, बाढी र पारिस्थितिकीय संकटसँग जुध्न सक्षम बनायो । चरन क्षेत्र बिग्रिएन । जीवन चल्यो । तर पछिल्लो तीस वर्षमा अवस्था बदलिएको छ । केन्यामा पशुपालकहरूको भूमि अधिकार प्रणालीमाथि ठूलो दबाब आएको छ । भूमि निजीकरण भएको छ । सामूहिक पशु फार्महरू टुक्रिएका छन् । सडक र पूर्वाधार विस्तार भएको छ । वन्यजन्तु संरक्षण क्षेत्रहरू फैलिएका छन् । व्यावसायिक कृषि बढेको छ । प्राकृतिक स्रोतको उत्खनन भएको छ । त्यसमाथि जलवायु परिवर्तन न्यूनीकरणका नाममा नयाँ पहलहरू थालिएका छन् । न्यायोचित ऊर्जा संक्रमण र कार्बन बजार पनि यसमा पर्छन् ।[4] यी सबै प्रक्रियाहरूले चरन क्षेत्रलाई बिस्तारै टुक्राटुक्रा बनाउँदै गएका छन् । सामुदायिक भू-पूर्णाधिकार कमजोर भएको छ । पहिलेका फराकिला र खुला चरन क्षेत्रहरू अहिले प्रतिबन्धित र विवादित भएका छन् । पशुपालकहरूको जीवन कठिन बन्दै गएको छ ।

1. १. मोहामेद, अब्दी अली । २०२४ । "केन्याको पशुपालन जीविकोपार्जनमा जलवायु परिवर्तनको प्रभाव ।" मानविकी र सामाजिक अध्ययनको अन्तर्राष्ट्रिय जर्नल, ५(१०) । यहाँ उपलब्ध: https://www.ijohss.org/index.php/ijhss/article/view/2.
2. २. लिवेङ्गा, ई. टी । २०१८ । पूर्वी अफ्रिकामा पशुपालक घुमफिरका प्राविधिक र सामाजिक ज्ञान प्रणाली । पूर्वी अफ्रिकामा पशुपालन र जलवायु परिवर्तन: १०७ ।
3. ३. फर्नान्डेज-गिमेनेज, मारिया ई. र सोन्या ले फेब्रे । २००६ । "पशुपालन प्रणालीमा घुमफिर: गतिशील प्रवाह वा अवनतिको प्रवृत्ति?" दिगो विकास र विश्व पारिस्थितिकी सम्बन्धी अन्तर्राष्ट्रिय जर्नल १३ (५): ३४१–६२ । doi:10.1080/13504500609494685.
4. ४. वाङ्गु, जे.एम. । २०१४ । "माजी मोटो, केन्यामा पशुपालक भूमि निजीकरण र जलवायु परिवर्तनमा सामुदायिक अनुकूलन: भूमि सुधारका अवसर र नकारात्मक प्रभावहरू ।" उट्रेक्ट विश्वविद्यालय, उट्रेक्ट । यहाँ उपलब्ध: https://studenttheses.uu.nl/handle/20.500.12932/18385.

# भूमि असुरक्षा र परम्परागत व्यवस्थापनको कमजोरी

व्यक्तिगत स्वामित्व र घेराबन्दीलाई बढावा दिने सरकारी भूमि नीतिहरुले पशुपालकहरुको परम्परागत भू-पूर्णाधिकारलाई क्रमश: कमजोर बनाउँदै छ। पहिले समुदायले आफैं भूमि बाँड्थे । विवाद आफैं मिलाउँथे । स्रोतहरू आफैं व्यवस्थापन गर्थे । अब जिल्ला सरकारको स्थानीय योजना र निजीकरण प्रक्रियाहरूले यो अधिकार खोसेको छ । समुदायको आफ्नै व्यवस्थापन प्रणाली कमजोर भएको छ । पशुपालक आवागमन मार्गहरुलाई कानुनी मान्यता दिइएको छैन । त्यसैले संरक्षण क्षेत्र, सडक पूर्वाधार वा व्यावसायिक प्रयोजनका लागि भूमि अधिग्रहण गरिँदा समुदायले आफ्नो परम्परागत दाबी जोगाउन सक्दैन । कानुनको आँखामा उनीहरूको भूमि अधिकार अदृश्य छ । लाइकिपिया र साम्बुरु जस्ता क्षेत्रहरूमा अवस्था झन् गम्भीर छ । त्यहाँ धनी र प्रभावशाली व्यक्तिहरूले जमिन कब्जा गरेका छन् । पशुपालकहरू आफ्नै थलोबाट विस्थापित भएका छन् । चरन क्षेत्रहरू घटेका छन् । छिमेकी समुदायहरूसँग द्वन्द्व र तनाव बढेको छ । जीविकोपार्जनमा ठूलो संकट आएको छ ।





**इवासो केडोङ क्षेत्र (माथि):** इवासो केडोङ क्षेत्रका पशुपालकहरूको नाकुरुतर्फको महत्त्वपूर्ण यात्रा मार्गमा केडोङ फार्मको किनारामा एउटा बार लगाइएको छ । यो बारले पशुपालकहरूको आवागमनमा ठूलो अवरोध खडा गरेको छ ।
तस्बिर: मेन्योइटो पशुपालक एकीकृत विकास संस्था (MPIDO)

**नैभासामा स्ट्यान्डर्ड गेज रेलवे (SGR) निर्माण (बीचमा):**
नैभासाको ड्राई पोर्टसम्म पुग्न स्ट्यान्डर्ड गेज रेलमार्ग निर्माण गरिएको छ । यो निर्माणले वन्यजन्तु र पशुधन दुवैका लागि महत्त्वपूर्ण आवागमन मार्गहरू अवरुद्ध गरेको छ । पशुहरू आफ्नो चरन क्षेत्रसम्म पुग्न सक्दैनन् । वन्यजन्तुहरूको बाटो पनि बन्द भएको छ ।
तस्बिर: मेन्योइटो पशुपालक एकीकृत विकास संस्था (MPIDO)

**केन्याको माजी मोटो सामूहिक फार्मका आफ्ना गाईवस्तुनजिक उभिएका एक मासाई पुरुष ।**
तस्बिर: टोनीवाइल्ड फोटोग्राफी, राइट्स एन्ड रिसोर्सेज इनिसिएटिभ

# भू-पूर्णाधिकार प्रणालीभित्र पशुपालक महिलाहरूको अधिकार

पशुपालक महिलाहरू भूमि असुरक्षाको सबैभन्दा ठूलो भार बोक्न बाध्य छन् । उनीहरू दूध उत्पादन गर्छन् । साना पशुहरूको हेरचाह गर्छन् । घरपरिवार चलाउँछन् । पशुपालक समुदायको अर्थतन्त्रमा उनीहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । तर यति गर्दा पनि उनीहरूको नाममा भूमि दर्ता छैन । भूमिमाथिको उनीहरूको अधिकार कानुनी रूपमा सुरक्षित छैन । पति गुमाएका एकल महिलाहरू, सम्बन्ध विच्छेद भएका महिलाहरू र आफैं घर चलाउने महिलाहरू खास जोखिममा छन् । भूमि विभाजन र निजीकरण हुनासाथ यी महिलाहरू खतरामा पर्छन् । उनीहरूसँग आफ्नै जमिन मात्र नभएको होइन, आफ्नो आवाज उठाउने ठाउँ समेत छैन ।

काजियाडोमा ओल्गुलुलुई र इसेलेन्केई सामूहिक फार्मका महिलाहरूको अनुभव यसको ज्वलन्त उदाहरण हो । सामुदायिक भूमि व्यक्तिको नाममा दर्ता हुनासाथ उनीहरूले दूध उत्पादनका महत्त्वपूर्ण क्षेत्रहरू गुमाए । त्यो भूमि उनीहरूको जीविकाको आधार थियो जुन गुम्यो । किकोन्योकी सामुदायिक ट्रस्ट भूमिका महिलाहरूले आफ्नो समुदायमा भइरहेको भूमि कब्जाविरुद्ध आवाज उठाए । उनीहरू उपजिल्ला आयुक्तसमक्ष निवेदन दिन २० किलोमिटरभन्दा बढी हिँडेर गए । यो साहसिक कदम थियो । तर न्याय पाउन अझै लामो बाटो हिँड्नुपर्ने छ ।

सामुदायिक भूमि ऐन २०१६ ले महिलाहरूको भू-स्वामित्व र व्यवस्थापनको अधिकारलाई कानुनी मान्यता दिएको छ । यो सकारात्मक कदम हो । तर व्यवहारमा कार्यान्वयन कागजमा लेखिएको भन्दा फरक छ । पशुपालक महिलाहरू अझै भूमिबाट बञ्चित छन् । परम्परागत र सरकारी दुवै भूमि व्यवस्थापन संरचनाहरूमा उनीहरूको सहभागिता न्यून छ । उनीहरूको आवाज सुनिँदैन । निर्णय प्रक्रियामा उनीहरूको स्थान छैन । लैङ्गिक समानतातर्फको यात्रा अझै सुस्त छ । अझै धेरै काम बाँकी छ ।



# केन्यामा पशुपालक समुदायहरूको वास्तविकता

केन्याका चरन क्षेत्रहरूमा पशुपालक समुदायहरू एकैसाथ धेरै समस्याहरूको सामना गर्दैछन् । विकास, संरक्षण र जलवायु परियोजनाहरूले पशुपालकहरूको अधिकार पर्याप्त रूपमा सुरक्षित नहुँदा उनीहरूको आवागमन र भू-पूर्णाधिकारको अधिकार कसरी खतरामा पर्छ भन्ने यी उदाहरणहरूले स्पष्ट  देखाउँछन् ।

**दक्षिणी चरन क्षेत्रहरूमा सामूहिक फार्महरूको विभाजन, वन्यजन्तु संरक्षण क्षेत्रहरूको विस्तार र कार्बन परियोजनाहरूको उदयले परम्परागत चरन प्रणाली नराम्ररी बिथोलिएको छ ।** भनिन्छ, इम्बिरिकानी र ओल्गुलुलुई जस्ता सामूहिक फार्महरूमा पशुपालकहरूले ६० प्रतिशतभन्दा बढी चरन क्षेत्र गुमाएका छन् । यसले पशुपालकहरुलाई सानो खुला क्षेत्रमा थुप्रै पशुहरू थुपार्न बाध्य बनाएको छ । चरन क्षेत्र बिग्रिन थालेको छ । पशुहरू मर्न थालेका छन् । समुदायहरूबीच द्वन्द्व बढेको छ । २०२२-२०२३ को खडेरीमा यो समस्या झन् तीव्र भयो ।[5]

**उत्तरी केन्यामा ठूला कार्बन परियोजनाहरूले भूमि अधिकारमा ठूलो तनाव सिर्जना गरेका छन् । विशेषगरी उत्तरी चरन क्षेत्र कोष (NRT) को नेतृत्वमा सञ्चालित परियोजनाहरूले यो समस्या निम्त्याएका छन् ।**[6] सामुदायिक चरन क्षेत्रहरूलाई कार्बन अफसेट गतिविधिका लागि छुट्याइएको छ । तर परम्परागत भूमि अधिकारवालाहरूसँग पर्याप्त र समावेशी खालको परामर्श गरिएको छैन । परियोजना व्यवस्थापन संरचनाहरूले दर्तावाला जग्गाधनी र संरक्षण क्षेत्रका प्रभावशाली व्यक्तिहरूलाई फाइदा पुऱ्याउँछन् । परम्परागत संस्थाहरुलाई किनारा लगाइन्छ । महिलाहरुलाई झन् बेवास्ता गरिन्छ । लाभ वितरणका योजनामा महिलाहरूको नाम प्राय: हुँदैन । फलस्वरूप केही पशुपालक समुदायहरूले मुख्य चरन क्षेत्र, पानीका मुहान र आवागमन मार्गहरू गुमाएका छन् । यसले पशुपालनमा आधारित जीविकोपार्जनलाई कमजोर बनाएको छ । सामुदायिक भूमि अधिकार र पशुपालक आवागमनको सम्मान नगर्ने बजारकेन्द्रित जलवायु समाधानहरूको जोखिम उनीहरूले भोग्नुपरेको छ ।

**नैभासाको ओल्कारिया भूतापीय विद्युत आयोजना अर्को उदाहरण हो । यो आयोजनालाई जलवायु न्यूनीकरण र अनुकूलनको उपायको रूपमा प्रस्तुत गरिएको छ । तर यसले पशुपालन प्रणालीलाई गम्भीर रूपमा प्रभावित गरेको छ ।** यो विशाल आयोजनाले इनार, पाइपलाइन, सडक र अन्य सुविधाहरू निर्माण गरेको छ । यसले सुख्खा र वर्षा दुवै मौसमका चरन क्षेत्रहरूमा पहुँच घटाएको छ । त्यसमाथि पहिलेका उत्पादनशील चरन क्षेत्रमा वनस्पतिका आक्रामक प्रजातिहरू फैलिन थालेका छन् । एल्युमिनियम लेपन गरिएका पाइपहरू टुटफुट हुँदा आगलागीको घटना समेत भएको छ । यसले पशुपालक समुदायका मानिसहरू घाइते भएका छन् । पशुधन मरेका छन् । त्यति मात्र होइन, भूतापीय इनारहरूबाट निस्कने धुवाँ, गन्ध र आवाजले नजिकका चरन क्षेत्रहरू प्रयोग गर्न नसकिने भएका छन् । पशुपालकहरूको आवागमन झन् सीमित भएको छ । बाँकी चरन क्षेत्रमाथि दबाब बढ्दै गएको छ । पशुपालकहरूको जीवन दिनप्रतिदिन कठिन बन्दै छ ।







**पशुपालकहरू (माथि):** पशुपालन क्षेत्रहरूमा भइरहेको पूर्वाधार निर्माणको विरोधमा पशुपालकहरूको सामूहिक आन्दोलन ।
तस्बिर: मेन्योइटो पशुपालक एकीकृत विकास संस्था (MPIDO)

**नैभासा सुख्खा बन्दरगाह (बीचमा):** नैभासा सुख्खा बन्दरगाहले पशुहरूको आवागमन मार्ग र महत्त्वपूर्ण चरन क्षेत्रहरू अवरुद्ध गरेको छ । पशुपालकहरू आफ्नै चरन क्षेत्रमा पुग्न सक्दैनन् ।
तस्बिर: मेन्योइटो पशुपालक एकीकृत विकास संस्था (MPIDO)

**पशुपालक अभियन्ता महिलाहरू (तल):** किकोन्योकी सामुदायिक कोष क्षेत्रका पशुपालक महिलाहरू भूमि कब्जाविरुद्ध काजियाडो पश्चिम उपजिल्लाका आयुक्तसमक्ष निवेदन दिन २० किलोमिटर (१२ माइल) भन्दा बढी हिंडेर गए । यो उनीहरूको साहस र संघर्षको प्रतीक हो ।
तस्बिर: मेन्योइटो पशुपालक एकीकृत विकास संस्था (MPIDO)

5. ५. माकेना, बेट्टी | २०२४ | "केन्यामा खडेरी-बाढीमा आएको अचानक परिवर्तनका घटनाहरू र तिनका प्रभावहरूको विश्लेषण ।" युनिभर्सिटी अफ नेब्रास्का लिंकन, लिंकन | यहाँ उपलब्ध: https://digitalcommons.unl.edu/cgi/viewcontent.cgi?article=1395&context=natresdiss
6. ६. एनेमिक पास, एलिजाबेथ ई. वाटसन र बिलाल बट | २०२३ | "भू-पूर्णाधिकार रूपान्तरण: उत्तरी केन्यामा सामुदायिक संरक्षण क्षेत्रहरूको अवस्था ।" पोलिटिकल जियोग्राफी, १०६ | doi:10.1016/j.polgeo.2023.102950

- **इसियोलो र मार्साबिट जिल्लाहरूमा निजी फार्म र संरक्षण क्षेत्रहरू तीव्र गतिमा बढेका छन् । यसले सुख्खा मौसमका चरन क्षेत्रतर्फ जाने मौसमी आवागमन मार्गहरू बन्द गर्दैछ ।** खडेरीका वर्षहरूमा यी प्रतिबन्धहरू सिधै पशुधन मृत्युको कारक बनिरहेका छन् । यसले स्पष्ट देखाउँछ कि मार्ग बन्द हुनु भनेको जीविकोपार्जन नष्ट हुनु हो । आवागमन घट्दा चरन क्षेत्र र पानीको उपयोगमा प्रतिस्पर्धा बढ्छ जसले छिमेकी समुदायहरूबीचको द्वन्द्व पनि बढाउँछ ।



**पशुपालकहरूद्वारा पशु मार्ग पुनःस्थापना:** सरकारका प्रभावशाली व्यक्तिहरूले खनेका खाडलहरू पुरेर पशुपालकहरूले आफ्नो परम्परागत पशु मार्ग फिर्ता लिंदैछन् । यो उनीहरूले आफ्नो अधिकारका लागि गरेको संघर्षको प्रतीक हो ।
तस्बिर: मेन्योइटो पशुपालक एकीकृत विकास संस्था (MPIDO)

- **तुर्काना र वेस्ट पोकोट जिल्लाहरूमा तुर्कवेल र केरियो नदी छेउका उपत्यकाहरूमा व्यावसायिक कृषि र बस्ती विस्तार भएको छ । यसले ऐतिहासिक चरन क्षेत्र र नदी किनारका सुख्खा मौसमी चरन क्षेत्रहरू मिचेको छ ।** यी विकासहरूले मुख्य स्रोतहरूमा पशुपालकहरूको पहुँच घटाएका छन् । पशुधनको मृत्यु बढेको छ । यी मार्गहरूमा स्रोत बाँडफाँट नियमन गर्ने परम्परागत द्वन्द्व समाधान संयन्त्रहरू कमजोर भएका छन् ।

- **ठूलो नैभासा क्षेत्रको केडोङ भूपरिदृश्यले पशुपालकहरूको आवागमनमा पूर्वाधार र औद्योगिक विकासको बढ्दो प्रभाव देखाउँछ ।** ऐतिहासिक रूपमा केडोङ एउटा महत्त्वपूर्ण मौसमी आवागमन मार्ग थियो । यसले चरन क्षेत्रहरुलाई पानीका मुहान, पशुका लागि नुन चाट्ने ठाउँ र पशुधन पार गर्ने बिन्दुहरूसँग जोड्थ्यो । पशुपालकहरूका लागि यो मार्ग अत्यन्त महत्त्वपूर्ण थियो । तर अहिले नैभासामा सुख्खा बन्दरगाह स्थापना भएको छ । यसले करिब १,००० एकड जमिन ओगटेको छ । ६,००० एकडको विशेष आर्थिक क्षेत्र र स्ट्यान्डर्ड गेज रेलवे (SGR) पनि निर्माण भएको छ । यी सबैका कारणबाट पहिलेको खुला भूमिमा व्यापक बारबन्देज र घेराबन्दी भएको छ । पशु आवागमनका परम्परागत मार्गहरू बन्द भएका छन् वा साँघुरिएका छन् । पशुपालकहरू आवश्यक स्रोतहरूमा पुग्न लामो र खतरनाक बाटो हिँड्न बाध्य छन् । यी गतिविधका परिणामहरू गम्भीर छन् । पशुहरू थकित हुन्छन् । मृत्युदर बढेको छ । बाँकी खुला चरन क्षेत्रमाथि दबाब बढेको छ । परम्परागत चरन व्यवस्थापन प्रणाली कमजोर भएको छ । साथै सुख्खा बन्दरगाह र विशेष आर्थिक क्षेत्रले बस्ती विस्तार र जीविकोपार्जन विविधीकरणलाई तीव्र बनाएको छ । यसले केडोङको धरातलमा पशुपालकहरूको आवागमन र भूमि उपयोगको स्वरूप नै बदलिदिएको छ ।

## अन्तर्राष्ट्रिय चरन क्षेत्र तथा पशुपालक वर्षमा पैरवीका लागि सिकाइ र त्यसका उपादेयताहरू

पशुपालकहरूको भू-पूर्णाधिकार सुरक्षा उनीहरूको आवागमन, चरन क्षेत्रमा पहुँच र लैङ्गिक समानतासँग अविभाज्य रूपमा जोडिएको छ । यी तीनवटा पक्षलाई एकअर्काबाट अलग गर्न सकिंदैन । एउटा कमजोर भयो भने अरू पनि सबै कमजोर हुन्छन् । चरन क्षेत्रको विखण्डन एउटा गम्भीर समस्या हो । यसले पशुधनको अस्तित्वमा खतरा ल्याउँछ । खाद्य सुरक्षा कमजोर बनाउँछ । जलवायु सहनशीलता घटाउँछ । दिगो भूमि व्यवस्थापनमा बाधा पुऱ्याउँछ । यी सबै समस्याहरू एकैसाथ आउँछन् । त्यसैले चरन क्षेत्र जोगाउनु पशुपालकहरूको मात्र नभई सबैको साझा सरोकारको विषय हो ।

# बोलिभिया - एन्डिज



# चरन क्षेत्रको क्रमिक विखण्डनले पशुपालनमा दिगोपन हराउँदै: बोलिभियाको आयलु कारी बाजाको उदाहरण (कारी बाजा आदिवासी समुदाय)

अर्मिन्दा भेलास्को टोरेज

यस अध्ययनको क्षेत्र आयलु ओरिजिनारियो कारी बाजामा अवस्थित छ । यो बोलिभियाको पाकाजेस प्रान्तको काकियाभिरी नगरपालिकाभित्रको एउटा आदिवासी समुदाय हो । यो क्षेत्र बोलिभियाको ला पाज विभागको केन्द्रीय उच्चपहाडी भूमिमा पर्छ । यसको औसत उचाइ समुद्री सतहबाट ३,९८७ मिटर छ ।

यस क्षेत्रको एन्डियन उच्च पहाडी पारिस्थितिक प्रणालीका प्राकृतिक अवस्थाहरूले स्थानीय मैदानहरूको व्यापक उपयोगमा आधारित पशुपालनको विकास गरेको छ । यहाँ भेडा, गाईवस्तु र क्यामेलिड (ऊँट जात) जस्ता बहु-प्रजातिका पशुहरू चराइन्छन् । यी मैदानहरूमा चिलिहुआ (Festuca dolichophylla), पाजा ब्राभा (Festuca orthophylla) र चिजी नामका स्थानीय  घाँसहरू पाइन्छन् । यहाँ बोफेडालेस (उच्च एन्डियन सिमसार भूमि) पनि छन् । यी सबै प्राकृतिक स्रोतहरू पशुपालनका लागि अत्यन्त महत्त्वपूर्ण छन् । आयलु (समुदायको भाषामा क्वेचुआ) का लागि पशुपालन केवल आम्दानीको मुख्य स्रोत मात्र होइन । यो उनीहरूको जीवन जिउने तरिका हो । उनीहरूको सामाजिक र सांस्कृतिक परम्पराहरू यसैमा टिकेका छन् । यी परम्पराहरू एक पुस्ताबाट अर्को पुस्तामा पशुपालनकै माध्यमबाट सर्छन् । पशुपालन बन्द भयो भने उनीहरूको पहिचान र संस्कृति पनि बिस्तारै लोप हुन्छ ।

हालैका वर्षहरूमा आयलु कारी बाजाले चरन क्षेत्रको क्रमिक विखण्डनको समस्या भोगिरहेको छ । यो समस्याको मुख्य कारक सम्पत्ति हस्तान्तरणको क्रममा चलिरहेको भूमि विभाजन हो । जब परिवारमा कसैको मृत्यु हुन्छ वा सम्पत्ति बाँडिन्छ, तब जमिन टुक्राटुक्रा हुन्छ । यो प्रक्रिया बारम्बार दोहोरिन्छ । फलस्वरूप चरन क्षेत्रहरू स-साना टुक्रामा विभाजित हुँदै गएका छन् ।

यसले पशुपालन प्रणालीमा धेरै नकारात्मक असरहरू पारेको छ । उपलब्ध चरन क्षेत्र घटेको छ । पशुधनको आवागमनमा बाधा आएको छ । चरन स्रोतहरूको उपयोग अत्यधिक भएको छ । घाँस र चरनको माग बढेको छ तर आपूर्ति घटेको छ ।




**बोलिभिया, अल्टिप्लानो र पशुपालन ।**
तस्बिर: अर्मिन्दा भेलास्को टोरेज र एन्डियन आदिवासी संगठनहरूको समन्वयकर्ता (CAOI)

यसका सामाजिक र आर्थिक परिणामहरू पनि गम्भीर छन् । परिवारहरूका लागि जीवन दिनप्रतिदिन कठिन बन्दै गएको छ । जीविकोपार्जनमा दिगोपन मेटिंदै गएको छ । त्यसैले परिवारका सदस्यहरू, विशेषगरी युवाहरू, राम्रो आर्थिक अवसरको खोजीमा ठूला शहरहरूतिर बसाइँसराइ गर्न बाध्य भएका छन् । गाउँ खाली हुँदैछ । परम्परागत ज्ञान र संस्कृति लोप हुने खतरा बढेको छ ।

यो अध्ययन सामुदायिक नक्सा, सदस्यता अभिलेख र ऐतिहासिक कागजातहरूको समीक्षामा आधारित छ । साथै स्थानीय अधिकारीहरू, समुदायका सदस्यहरू र पशुपालकहरूसँग अन्तर्वार्ता सहित स्थलगत कार्य पनि गरिएको छ । यी सबै स्रोतहरूबाट प्राप्त जानकारीलाई एकत्रित गरेर यो अध्ययन तयार पारिएको हो ।



आयलु सामुदायिक बैठकमा छलफल हुँदै । तस्बिर: अर्मिन्दा भेलास्को टोरेज र एन्डियन आदिवासी संगठनहरूको समन्वयकर्ता (CAOI)

## आयलु कारी बाजाको अवस्था

कारी बाजा एउटा पुरातन, पूर्व-औपनिवेशिक आयलु (आदिवासी समुदाय) हो । यसलाई बोलिभियाको राजनीतिक संविधानको धारा २, ३० र ४०३ ले मान्यता दिएको छ । साथै सर्वोच्च प्रस्ताव नं. ४२८/२०१९ ले पनि यसलाई कानुनी व्यक्तित्व, आफ्नै संगठनात्मक विधान र आन्तरिक नियमहरूसहित मान्यता दिएको छ । यो समुदायको कानुनी अस्तित्व सुनिश्चित छ ।

यस अवस्थाको विश्लेषण गर्न सन् १९५२ को कृषि सुधारलाई ऐतिहासिक सन्दर्भको रूपमा प्रयोग गरिएको छ । समुदायका अधिकारीहरूको भनाइअनुसार त्यस समयमा समुदायमा १३ जना सायाञेरो (आदिवासी पशुपालक) थिए । प्रत्येक परिवारसँग औसतमा करिब ८५ हेक्टर जमिन थियो जुन पर्याप्त थियो । तिनका परिवारहरू सुखसँग जीवन बिताउन सक्थे । ती भूमिहरू भेडा, गाईवस्तु र लामा (ऊँट जातका पशु) पाल्नका लागि प्रयोग गरिन्थे

। बहु-प्रजातिको व्यापक चरन प्रणाली अपनाइन्थ्यो । यो प्रणाली अत्यन्त प्रभावकारी थियो । यसले पुस्तौंदेखि पशुपालक परिवारहरुलाई आफ्नो सामाजिक, आर्थिक र वातावरणीय अभ्यासहरू टिकाइराख्न सक्षम बनायो । परम्परा जोगियो । जीवन चल्यो र पहिचान पनि जीवित रह्यो ।

हाल सामुदायिक सदस्यता अभिलेख र राष्ट्रिय कृषि सुधार संस्था (INRA) द्वारा जारी गरिएका जग्गाधनी प्रमाणपुर्जाहरू अनुसार एक पुस्ताको सम्पत्ति हस्तान्तरण प्रक्रियाको परिणामस्वरूप ५० परिवारको स्वामित्व अधिकार सुनिश्चित भएको छ । यी परिवारहरूमध्ये ६० प्रतिशत पुरुष र ४० प्रतिशत महिला छन् । प्रत्येक परिवारसँग औसतमा २१.९७ हेक्टर चरन क्षेत्र छ । सम्पूर्ण आयलु समुदायको कुल भूमि १,०९८.४९ हेक्टर छ ।

यी ५० परिवारमध्ये केवल १५ परिवार मात्र समुदायमा स्थायी रूपमा बस्छन् र पशुपालन पेसा जारी राख्छन् । बाँकी परिवारहरू सहरी केन्द्रहरूमा बसाइँसरेका छन् । उनीहरूले आफ्नो भू-स्वामित्वको अधिकार जोगाउनका लागि मात्र समुदायसँग औपचारिक सम्बन्ध राखेका छन् । व्यवहारमा उनीहरू समुदायबाट टाढिएका छन् । यी बसाइँसराइका कारणहरू फरक-फरक हुन सक्छन् ।



पशुपालक दिदीबहिनीहरूसँग अन्तर्वार्ता । तस्बिर: अर्मिन्दा भेलास्को टोरेज र एन्डियन आदिवासी संगठनहरूको समन्वयकर्ता (CAOI)

मामा थाला भालेरिया अल्भाराडो एम. भन्छिन् कि लालपुर्जामा दर्ता भएको जमिन सधैं एउटै केन्द्रीय परिवारको हुँदैन । अधिकांश अवस्थामा जमिन धेरै जना वयस्क दाजुभाइ वा दिदीबहिनीबीच साझा हुन्छ । यसले निर्वाहमुखी खेती असम्भव बनाउँछ । जग्गाधनी प्रमाणपुर्जाको अभिलेख समीक्षाले यो कुरा पुष्टि गर्छ । प्रत्येक जग्गाधनी प्रमाणपुर्जामा औसतमा तीन जनाको साझा स्वामित्व उल्लेख छ । यसले प्रत्येक केन्द्रीय परिवारको प्रभावकारी उपयोग क्षेत्र घटेर करिब ७.३ हेक्टर मात्र रहने देखाउँछ ।[1]

यो भूमि विखण्डन अत्यन्त गम्भीर छ । प्रति परिवार ७.३ हेक्टर जमिनले वार्षिक केवल १८ वटा भेडा वा दुई वटा भन्दा कम (१.५) गाईवस्तु मात्र पाल्न सकिन्छ । यो सोझै अपर्याप्त छ । यसले उत्पादन एकाईको आर्थिक, सामाजिक र वातावरणीय दिगोपन सुनिश्चित गर्न सक्दैन । भूमि विखण्डन पशुपालक परिवारहरूमा बसाइँसराइको मुख्य कारण हो ।

ग्रामीण किसानहरूका कृषि उत्पादनले लामो समयदेखि उचित मूल्य नपाउनुले यो प्रणालीगत समस्यालाई झन् जटिल बनाएको छ । आयलु ओरिजिनारियो माल्कुका सदस्य ताता वाल्डो कोपाका अनुसार ऐतिहासिक रूपमा ग्रामीण कृषि क्षेत्रले आफ्नो उत्पादन उचित मूल्यमा बेच्न सकेको छैन । पछिल्ला वर्षहरूमा यो अवस्था झन् बिग्रिएको छ । किनभने वर्षाको पानी संकलन कार्यक्रम र सार्वजनिक नीतिहरूको अभाव छ । यस्ता कार्यक्रमहरूले स्थानीय चरनक्षेत्रमा सिँचाइ गर्न, जैविक उत्पादन बढाउन र चरन पारिस्थितिक प्रणालीमा घाँसको गुणस्तर सुधार गर्न मद्दत गर्थ्यो । यसले परिवारहरूका आर्थिक अवसरहरू विस्तार गर्थ्यो । तर त्यो भएको छैन ।

1. Data sharing siblings of landholders registered in the Real Property Registry.



पशुपालक दिदीबहिनीहरूसँग अन्तर्वार्ता ।
तस्बिर: अर्मिन्दा भेलास्को टोरेज र एन्डियन आदिवासी संगठनहरूको समन्वयकर्ता (CAOI)

समुदायमा बाँकी रहेका १५ परिवारसँग औसतमा प्रति उत्पादन एकाई ३६ भेडा, सात गाईवस्तु र ६ वटा लामा छन् । यी पशुधनको संख्या चरन क्षेत्र व्यवस्थापन सम्बन्धी विभिन्न रणनीतिहरू अपनाएर कायम राखिएको हो । वर्षाको मौसममा चरन बन्द गरिन्छ । पानी कम हुने समयमा घाँसको रूपमा जौ खेती गरेर पशुहरूको आहार परिपूर्ति गरिन्छ । बसाइँ सरेका समुदायका सदस्यहरूको चरन क्षेत्र पशुपालन जारी राखेका परिवारहरूले भाडामा लिन्छन् । यी सबै उपायहरूले पशुपालन टिकाइराख्न मद्दत गरेका छन् । तर यो पर्याप्त छैन । दीर्घकालीन समाधान खोज्न अझै धेरै काम बाँकी छ ।

आयलु कारी बाजाले आफ्नो संगठनात्मक विधान र आन्तरिक नियमहरूमा स्थापित सामुदायिक व्यवस्थापन ढाँचाभित्र चाचा वार्मी (Chacha Warmi) लैङ्गिक द्वैतताको पूरकता सिद्धान्त अपनाएको छ । यो सिद्धान्तअनुसार पुरुष र महिला दुवैलाई समान अधिकार छ । यो एउटा महत्त्वपूर्ण र प्रगतिशील मान्यता हो । तर व्यवहारमा अत्यन्त महत्त्वपूर्ण जिम्मवारीको काम हुँदाहुँदै पनि प्राय: कम मूल्याङ्कन गरिने पशु फार्म व्यवस्थापन र दैनिक पशु हेरचाहको जिम्मेवारी प्राय: महिलाहरूले नै बहन गर्छन् ।[2] बाँकी रहेका १५ परिवारमध्ये केवल चार परिवारमा मात्र पुरुषहरूले उत्पादन व्यवस्थापनको नेतृत्व गर्छन् । अन्य सबै काममा महिलाहरू नै मुख्य भूमिकामा छन् । बसाइँसराइको प्रक्रियालाई घटाउन र दिगो पशुपालन व्यवस्थापन प्रणालीतर्फ अघि बढ्नका लागि समुदायमा बाँकी रहेका महिला र बालबालिकाहरूको शिक्षा र तालिमलाई प्राथमिकता दिनुपर्छ । बालबालिकाहरुलाई राम्रो शिक्षा दिइयो भने उनीहरू सहरतिर भाग्दैनन् । समुदाय जीवित रहन्छ । पशुपालनको परम्परा जोगिन्छ ।

## निष्कर्ष

बोलिभियाको *आयलुमा* बसाइँसराइ र पशुपालनको दिगोपनरहित आर्थिक, सामाजिक र वातावरणीय अवस्थाको मुख्य कारण भूमिको क्रमिक विखण्डन हो । सम्पत्ति हस्तान्तरण प्रक्रिया नै यसको कारक हो जसबाट पुस्तौंदेखि जमिन टुक्रिँदै गएको छ । पशुपालक परिवारहरूसँग पर्याप्त भूमि छैन । जीवन चलाउन गाह्रो भएको छ । त्यसैले मानिसहरू सहर पस्दैछन् ।

पशुपालन दिनप्रतिदिन थप कठिन बन्दै गएको छ । नयाँ-नयाँ बाधा व्यवधानहरू थपिँदैछन् । परिवारको जीविकोपार्जन टिकाउन झन् मुस्किल भएको छ । यो समस्याको समाधान नखोजिए पशुपालन प्रणाली नै ध्वस्त हुने खतरा छ । पशुपालनमा दिगोपन ल्याउन महिलाहरूको भूमिका अग्रणी छ । किनभने पशुपालन प्रणालीको मेरुदण्ड उनीहरू नै हुन् । पशु फार्म चलाउने, पशु हेर्ने र परिवार धान्ने काम उनीहरूले नै गर्छन् । तर उनीहरुलाई प्राय: बेवास्ता गरिन्छ । उनीहरूको योगदानलाई मान्यता दिइँदैन । निर्णय प्रक्रियामा उनीहरूको आवाज सुनिँदैन ।

2. २. पुरुषहरू प्राय: अस्थायी काममा लाग्छन् वा सरकारी कर्मचारी हुन्छन्।

# बोलिभिया - तल्लो भूमि



# बोलिभियाको गुआरानी समुदायहरूमा पानीको स्रोत र चरन क्षेत्र व्यवस्थापनमा लैङ्गिक खाडल

लुर्देस बाइगोरिया गुज्मान

यो घटना अध्ययन इटातिकी र सान एन्टोनियो डेल पारापेटी समुदायहरूमा गरिएको छ । यी समुदायहरू बोलिभियाको प्लुरिनेशनल राज्यको सान्ता क्रुज विभागमा अवस्थित चाराग्वा इयाम्बाए गुआरानी स्वायत्त क्षेत्रको पारापिटिगुआसु क्षेत्रमा छन् । सान एन्टोनियो डेल पारापेटीमा ३६० परिवार र इटातिकीमा ४१ परिवार बस्छन् ।

## महिलाहरूको उत्पादनमूलक काम (पशु हेरचाह) र उनीहरूको राजनीतिक सहभागिता (सभा र नेतृत्वदायी पदहरू) बीचको असमानता

यी दुवै समुदायमा पुरुष र महिलाका लागि परम्परागत रूपमा तोकिएका भूमिकाहरूबीच अझै पनि असमानता छ । अन्तर्वार्तामा सहभागीहरूले साना पशुधन[1] र ठूला पशुधन[2] बीच विभेद गरे । साना पशुधनको हेरचाह महिलाहरूले गर्छन् र ठूला पशुधनको जिम्मेवारी पुरुषहरूको हो । साना पशुधनको हेरचाहलाई महिलाहरूको घरेलु काममा गनिन्छ । उनीहरूले आमा, पत्नी र छोरीको हैसियतमा खाना पकाउने, लुगा धुने र बालबालिका हेर्ने कामसँगै यो काम पनि गर्छन् ।

गुआरानी समुदायहरूमा भू-स्वामित्व सामूहिक छ । यसले सामूहिक पशुपालन परियोजनाहरूको विकास गरेको छ । यी परियोजनाहरूको व्यवस्थापनका लागि पानी संकलन, जलाशय निर्माण, वनस्पति व्यवस्थापन, सिल्भोपास्टोरल (वनजंगलमा आधारित पशुपालन ) प्रणाली र चारा संरक्षण जस्ता प्राविधिक तरिकाहरू आवश्यक छन् । इटातिकीमा पशुपालन परियोजनालाई सफल उद्यम मानिन्छ । सान एन्टोनियो डेल पारापेटीमा केही कठिनाइहरू आए पनि तिनको समाधान भइरहेको छ ।

अध्ययन गरिएका दुवै समुदायहरूमा पशुपालन परियोजनाहरूको कार्यान्वयनका लागि बैठकहरू, सभाहरू, तालिमका गतिविधिहरू र आर्थिक तथा प्राविधिक सहयोग जुटाउने प्रयासहरू भएका छन् । महिलाहरू सामुदायिक बैठक र सभाहरूमा सहभागी भएका छन् । तर अन्तर्वार्तामा सहभागीहरूले उनीहरू प्राय: चुप बस्ने गर्छन् भनी उल्लेख गरे । यसले निर्णय प्रक्रियामा कमजोरी रहेको देखाउँछ । उनीहरूको उपस्थिति छ तर आवाज छैन ।

यद्यपि केही प्रगति पनि भएको छ । हाल सान एन्टोनियो डेल पारापेटीको व्यवस्थापन परिषद्मा लैङ्गिक मुद्दाहरूको जिम्मेवारी बोकेको म्बुरुबिचा (प्रमुख वा नेता) पदमा एक महिला छिन् । इटातिकीमा कोषाध्यक्षको पद पनि एक महिलाले सम्हालेकी छन् । यो सकारात्मक परिवर्तन हो । तर अझै धेरै काम बाँकी छ ।

---

1. १. साना पशुधनमा बाख्रा, सुँगुर र कुखुरा पर्छन् । यिनीहरू मुख्यत: पारिवारिक उपभोगका लागि पालिन्छन् । कहिलेकाहीँ यिनीहरूबाट नगद आम्दानी पनि हुन्छ ।
2. २. ठूला पशुधनमा मुख्यत: गाईवस्तु पर्छन् ।

# भू-उपयोग र पशुपालन पूर्वाधारस्थल छनोटका निर्णयहरूमा महिला सहभागिताका संस्थागत र सांस्कृतिक बाधाहरू

गुआरानी समुदायहरूमा भूमि, जंगल र पानीका मुहानहरूको उपयोग परम्परागत रूपमा उनीहरूको विश्वदृष्टिकोण अनुसार निर्धारण गरिन्छ । भू-उपयोग र पशुपालन पूर्वाधारको निर्माणस्थल सम्बन्धी निर्णयहरू सामुदायिक सभाले गर्छ ।

दुवै समुदायमा आन्तरिक नियम अनुसार पारिवारिक स्तरमा गाईवस्तुको स्वामित्वको अनुमति छ । यहाँ परिवारका मुखिया पुरुष हुन्छन् । १८ वर्षमाथिका एकल महिलाहरू र विधवाहरुलाई पनि गाईवस्तु पाल्ने अनुमति छ । बाँझो जमिन र जंगल क्षेत्रमा पनि पशु चराउन पाइन्छ । तर भूमि उपयोग र पशुपालन पूर्वाधारको स्थान[3] सामुदायिक सभाले तोक्छ । पशुपालनबाट दिगो सामुदायिक उत्पादनका लागि प्राविधिक मापदण्डका आधारमा सभाले उपयुक्त स्थान निर्धारण गर्छ ।

पशुपालन परियोजनाहरूको कार्यान्वयनका चार चरणहरू हुन्छन् । पहिलो चरण सहभागितामूलक योजना हो । दोस्रो चरण योजनाबद्ध गतिविधिहरूको कार्यान्वयन हो । तेस्रो चरण परिवारहरूको तालिम हो । चौथो चरण प्रशासनिक प्रक्रिया र व्यवस्थापन हो । अन्तर्वार्तामा सहभागी महिलाहरूका अनुसार उनीहरू सहभागितामूलक योजना बनाउने पहिलो चरणमा सक्रिय छन् । तर धेरै जना आफ्नो आवश्यकताबारे आवाज उठाउन हिच्किचाउँछन् । दोस्रो चरणमा महिलाहरू पूर्वाधार निर्माण गर्ने पुरुषहरूका लागि खाना पकाएर योजना निर्माण प्रक्रियालाई सघाउँछन् । तेस्रो र चौथो चरणमा त उनीहरू प्राय: सहभागी नै हुँदैनन् । यी गतिविधिहरू सामान्यत: पुरुषहरूको जिम्मेवारीको क्षेत्र मानिन्छ । यो अवस्था सांस्कृतिक बाधाहरूसँग जोडिएको देखिन्छ । लैङ्गिक भूमिका सम्बन्धी धारणाहरूले महिलाहरुलाई तालिमका गतिविधिहरूमा भाग लिन समुदायबाट बाहिर जान रोक्छन् । केवल पतिको अनुमति पाएका महिलाहरू वा एकल महिलाहरू मात्र तालिममा सहभागी हुन सक्छन् । एकल महिलाहरूले प्राय: लैङ्गिक पूर्वाग्रहको सामना गर्नुपर्छ । उनीहरूको विश्वसनीयतामाथि प्रश्न उठाइन्छ । समर्थनको सट्टा आलोचना केवल पुरुषहरूबाट मात्र आउँदैन । समुदायका महिलाहरू नै महिला नेताहरूको योगदानलाई पूर्ण रूपमा स्वीकार गर्दैनन् । यो एउटा जटिल समस्या हो ।

महिलाहरुलाई आफ्नो समुदायको आकार, विशेषताहरू र सीमाहरूबारे पर्याप्त जानकारी छैन । केही महिलाहरूमा अझै पनि सीमित साक्षरता मात्र छ । यसले उनीहरुलाई परियोजना व्यवस्थापनसम्बन्धी जिम्मेवारीहरू लिन गाह्रो बनाउँछ । त्यसमाथि उनीहरूसँग पशुपालन सीप व्यवस्थापनको प्राविधिक तालिम छैन । उनीहरुलाई प्रजननका भूमिकाहरूमा मात्र सीमित गरिनुले पशुपालन परियोजनाहरूभित्र जिम्मेवारी लिने उनीहरूको क्षमतालाई खुम्च्याइदिन्छ । यी सबै बाधाहरू हटाउन ठोस प्रयास आवश्यक छ ।

3. ३. पानीका इनार, जलाशय, चरन क्षेत्र, पशु थुनिने स्थान, बार र पशुहरूको आवागमन मार्ग ।

# स्वामित्वमा पहुँच: पशुधनको स्वामित्व र चरनको अधिकार

दुवै समुदायहरू पारापिटिगुआसुको मूल आदिवासी किसान क्षेत्र (TIOC) मा बस्छन् । यस क्षेत्रमा उनीहरूको सामूहिक जग्गाधनीपुर्जा छ । यी समुदायहरूमा महिला र पुरुष दुवैलाई किसान क्षेत्रमाथि आफ्नो अधिकार प्रयोग गर्ने एवं जमिन, पानीका मुहान र जंगलको दिगो उपयोग गर्ने हक छ । यसले उनीहरुलाई साना र ठूला दुवै थरी पशुहरू पाल्न सक्षम बनाउँछ ।

तर पशुपालन परियोजनाहरूभित्र निर्णय गर्ने पदहरू मुख्यत: पुरुषहरूले नै ओगटेका छन् । यसले लैङ्गिक असमानको स्थितिलाई स्पष्टसँग देखाउँछ । दुवै समुदायहरूमा पशुपालन नै मुख्य उत्पादनमूलक गतिविधि भएकाले प्रतिनिधित्व र शक्तिका पदहरूमा महिलाहरू पछि परेका छन् ।

अन्तर्वार्ताहरूबाट जानकारीमा आएअनुसार पशुपालन परियोजनाहरू सामुदायिक विधान र नियमहरूको ढाँचाभित्र सञ्चालित छन् । लिखित रूपमा स्पष्ट नभए पनि पशुधनको स्वामित्व र पशुपालन परियोजनाहरूबाट लाभ लिन महिलाहरूको अधिकारलाई पनि पुरुषको सरह मान्यता प्राप्त छ । समुदायहरूमा १८ वर्षको उमेरदेखि वैवाहिक स्थितिको परवाह नगरी पुरुष र महिला दुवैले व्यक्तिगत रूपमा पशुपालन परियोजनाहरूको स्वामित्व लिन सक्छन् भन्ने स्वीकार गरिएको छ । महिलाहरुलाई बहिष्कार गरिँदैन । भूमिको पुन:प्राप्ति र एकीकरण प्रक्रियामा उनीहरुलाई मुख्य कर्ताको रूपमा मान्यता दिइन्छ ।

दुवै समुदायहरूमा दिगो सामुदायिक पशुपालन उद्यमका फाइदाहरू स्पष्ट छन् । यसमा क्षेत्रको एकीकरण, सामाजिक, आर्थिक र वातावरणीय जोखिम न्यूनीकरण, खाद्य सुरक्षा बढाएर परिवारको जीवनस्तर सुधार[4] र स्थानीय क्षमता विकास पर्छन् । यो क्षमता विकास पशुपालन व्यवस्थापन र प्रशासनिक कार्यहरूमा संलग्न तालिमप्राप्त प्रवर्तकहरूको कामबाट प्रतिबिम्बित हुन्छ ।

## मूल आदिवासी किसान क्षेत्र (TIOC) हरूमा समावेशी व्यवस्थापन सुदृढ गर्नका लागि सिफारिसहरू

- हाल पुनरावलोकनमा रहेका पशुपालन परियोजनाहरूका विधान र नियमहरूले महिलाहरुलाई पनि पुरुषसरह पूर्ण लाभग्राहीका रूपमा **स्पष्टसँग मान्यता दिनुपर्छ ।** उनीहरुलाई निर्णय गर्ने पदहरूबाट बञ्चित गरिनु हुँदैन ।
- पशुपालन प्रकिया व्यवस्थापन, प्रशासन र परियोजना सञ्चालनका प्राविधिक पक्षहरूमा गुआरानी महिलाहरूका लागि **तालिमका मोड्युलहरू कार्यान्वयन गर्नुपर्छ ।** यी तालिमहरू महिलाहरूको अवस्था, साक्षरताको स्तर, गुआरानी भाषा र उनीहरूको घरेलु हेरचाहका जिम्मेवारीहरूसँग मेल खानुपर्छ । महिलाहरुलाई उनीहरूकै भाषामा, उनीहरूकै स्तरमा र उनीहरूकै परिस्थिति ध्यानमा राखेर तालिम दिइयो भने मात्र उनीहरू पूर्ण रूपमा सहभागी हुन सक्छन् ।

4. ४. पारिवारिक उपभोग र विद्यालयको खाजाका लागि दूध, मासु, पनिर र अन्य सहउत्पादनहरू ।

## पेरु



# पेरुको पास्को ग्रामीण समुदायहरूमा शासन व्यवस्था: पशुपालक महिलाहरूको सहभागिताका वाधकहरु

लुइस भिट्टोर र अज्ञात

पेरुमा पशुपालकहरूको जीविकोपार्जनलाई नियमन गर्ने आन्तरिक नियमहरू छन् । यी नियमहरूले महिला पशुपालकहरुलाई प्राकृतिक स्रोतहरूमा पहुँच दिन सक्छन् । तर यी नियमहरूले उनीहरूको पहुँच सीमित पनि गर्न सक्छन् । कहिलेकाहीँ पूरै बाहिर पनि राख्न सक्छन् । यसमा चरन क्षेत्र पनि पर्छ । यो अध्ययनले पास्को क्षेत्रका तीनवटा समुदायहरूको विधानहरू तुलना गर्छ । यी समुदायहरू हुन्- सान फ्रान्सिस्को डे असिस डे यारुस्याकान (२०१४), सान जुआन डे यानाकाची (२०१५) र सान्ता आना डे तुसी (२०२१) । यी तीनवटै समुदायहरू पास्को क्षेत्रमा अवस्थित छन् । यो अध्ययन लैङ्गिक दृष्टिकोणबाट गरिएको छ ।

## सहस्वामित्वको दर्जा र सामुदायिक पञ्जीकरणमा समावेश

सह-स्वामित्वको दर्जा महत्त्वपूर्ण छ । पुरुष र महिला दुवै सह-स्वामी हुन सक्छन् । उनीहरूको पदीय हैसियतले ग्रामीण कृषि समुदायका अधिकारहरू नियमन गर्छ । यारुस्याकान र यानाकाचीमा प्रचलित विधानहरूले पुरुष र महिला दुवैलाई सह-स्वामीको रूपमा मान्यता दिन्छन् । तर व्यावहारिक कार्यान्वयनमा बाधाहरू छन् । 'घरको मुखिया' को अवधारणा अझै कायम छ । "प्रति परिवार एक जना मात्र सह-स्वामी" को नियम पनि छ । यी नियमहरूले महिलाहरुलाई पछि पार्छन् । यारुस्याकानको विधानमा स्पष्ट उल्लेख कि पति-पत्नी दुवै सह-स्वामी भएमा केवल 'घरको मुखिया' को नाम मात्र दर्ता किताबमा लेखिन्छ (धारा १७) । यानाकाचीमा पनि यस्तै छ । एकै घरका पति-पत्नी दुवै सह-स्वामी हुन पाउँदैनन् (धारा २७.घ) । यसले महिलाहरुलाई सामुदायिक पञ्जीकरण अर्थात् दर्ता हुनबाटै बाहिर राख्छ । त्यस्तो अवस्थामा उनीहरूले अधिकार पाउँदैनन् । यसरी उनीहरूको अधिकार कागजमा छ तर व्यवहारमा छैन । तर तुसीमा अवस्था फरक छ । यहाँ पुरुष र महिला दुवै सह-स्वामीहरुलाई स्पष्ट रूपमा समान मान्यता दिइएको छ (धारा १०) । यस्तो प्रष्ट मान्यताले व्याख्यात्मक अस्पष्टता घटाउँछ । यसले महिलाहरूको अधिकारको रूपमा कानुनी सुरक्षालाई बलियो बनाउँछ ।

पेरुको पास्कोमा केभिन ओलाजो पारेडेस ।
तस्बिर: लुइ भिट्टोर, अज्ञात र एन्डियन आदिवासी संगठनहरूको समन्वयकर्ता (CAOI)



## चरनको अधिकार र पशुधनको दर



**पेरुको पास्कोमा पुकायाकु समुदाय ।**
तस्बिर: लेनिन मिला मुनाज्क्वाई, एन्डियन आदिवासी संगठनहरूको समन्वयकर्ता (CAOI)

विधानहरूमा उल्लेख भएअनुसार सामुदायिक सभाहरूले चरन क्षेत्रहरू नियन्त्रण गर्छन् । यसमा क्षेत्रफल, अधिकतम पशुधनको दर र स्थान समावेश छन् । चरन क्षेत्रका प्लटहरूको उपभोग गर्ने अधिकार योग्य सह-स्वामीको दर्जामा निर्भर गर्छ । व्यवहारमा यसले ती महिलाहरुलाई बाहिर राख्छ जसले सह-स्वामी दर्जाको मान्यता पाएका छैनन् वा आफ्नो साथीमा निर्भर छन् । यारुस्याकान (धारा २०), यानाकाची (धारा ३१.क) र तुसी (धारा ७५) का विधानहरूअनुसार सामुदायिक पञ्जीकरणमा दर्ता भएका सह-स्वामीहरुलाई मात्र भूमि र चरन क्षेत्रमाथि उपभोगको अधिकार छ । यारुस्याकान र यानाकाचीमा विवाहित पशुपालक महिलाहरूले चरनका दैनिक गतिविधिहरू व्यवस्थापन गर्छन् । तर उनीहरू सह-स्वामीकी पत्नी भएकाले पञ्जीकरण पुस्तिकामा दर्ता गरिएका छैनन् । त्यसैले उनीहरुलाई जमिनका प्लटहरूको लागि आवेदन दिने अधिकार छैन । यसले उनीहरूको भूमिका र ज्ञानलाई किनारा लगाउँछ । उनीहरू काम गर्छन् तर अधिकार पाउँदैनन् । यो अन्यायपूर्ण छ । तर तुसीमा महिलाहरुलाई स्पष्ट रूपमा सह-स्वामीको रूपमा मान्यता दिइएकाले उनीहरूले अधिकारमा पुरुषसरह पहुँच पाउन सक्छन् । यो एउटा राम्रो उदाहरण हो ।

## सामुदायिक व्यवस्थापन र सहभागिता

उच्च पदहरू पाउनका लागि समुदायहरूमा परम्परागत मापदण्डहरू राखिएका छन् । जस्तै वरिष्ठता, पूर्व अनुभव, पञ्जीकरण पुस्तिकामा दर्ता, कार्यक्रम र सभाहरूमा उपस्थिति आदि । यस्ता शर्तहरूले पशुपालक महिलाहरूको सहभागितामा अप्रत्यक्ष रूपमा अवरोधको काम गर्छन । यारुस्याकानमा सामुदायिक पञ्जीकरणमा दर्ता भएका सह-स्वामीहरुलाई निर्वाचन गर्ने र निर्वाचित हुने अधिकार छ (धारा २०) । तर अध्यक्ष हुनका लागि 'घरको मुखिया' हुनुपर्छ (धारा ६३) । यसले महिलाहरुलाई अप्रत्यक्ष रूपमा बञ्चित गर्छ । यसरी कागजमा अधिकार भए पनि व्यवहारमा बाटो बन्देज छ । यानाकाचीमा परिवारका पत्नीहरुलाई सामुदायिक सभा र कार्यहरूमा लिखित कारणबिना आफ्नो साथीको ठाउँमा सहभागी हुन स्पष्ट रूपमा प्रतिबन्ध लगाइएको छ (धारा १४५) । यो प्रावधान महिलाहरूका लागि अपमानजनक छ । तर तुसीमा **सबै योग्य सह-स्वामीहरू (पुरुष र महिला) लाई सभाहरूमा बोल्ने र मतदान गर्ने अधिकार छ (धारा १४.घ) । यसका विधानहरूले सामुदायिक सञ्चालक समितिमा न्यूनतम ३० प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गर्छन् (धारा ३०) ।** पास्को समुदायका विधानहरूमध्ये लैङ्गिक प्रतिनिधित्व तोकिएको पाइएको पहिलो र एकमात्र विधान यही हो । यो पेरुको राष्ट्रिय कानून ३०९८२ सँग मेल खान्छ । यो एउटा महत्त्वपूर्ण उपलब्धि हो ।

## उत्तराधिकारको अधिकार हस्तान्तरण

विधवा महिलाहरूका लागि भू-पूर्णाधिकार सुरक्षा अत्यन्त महत्त्वपूर्ण छ । तीनवटै विधानहरूले सह-स्वामीको मृत्युपछि भूमिको अधिकार र हकभोग हस्तान्तरणको व्यवस्था गर्छन् । परिवारको निरन्तरता र जग्गाको उपयोग सुनिश्चित गर्न विधवा र बालबालिकालाई प्राथमिकता दिइन्छ । यारुस्याकानमा उत्तराधिकार पति, पत्नी वा सहवासी साथीमा स्वत: हस्तान्तरण हुन्छ र बालबालिकासहित सबैका लागि सामूहिक रूपमा उपयोग गरिन्छ (धारा १३०) । यानाकाचीले विधवा र/वा बालबालिकाले तुरुन्त उत्तराधिकार पाउने व्यवस्था गर्छ (धारा ३१.ट) । तुसीले हकभोगको अधिकार पहिले पति/पत्नीलाई, त्यसपछि बालबालिकालाई

दिने व्यवस्था गर्छ (धारा ८२) । तर यी तीनवटै विधानहरूमा एउटा महत्त्वपूर्ण कमजोरी छ । उत्तराधिकारको क्रममा सह-स्वामी महिलाका छोरीहरूको बारेमा कुनै पनि विधानमा स्पष्ट उल्लेख गरिएको छैन । छोराहरूको कुरा हुन्छ तर छोरीहरू बेवास्तामा पर्छन् ।

## दायित्वहरू र घरेलु हेरचाहका कर्तव्यहरूको मान्यता

दर्ता भएका सह-स्वामीहरू आफ्ना विधानमा उल्लेख भएअनुसार सभाहरूमा उपस्थित हुन र कार्यहरू पूरा गर्न बाध्य छन् । तर महिलाहरुलाई घरेलु हेरचाहका कार्यबोझको कारण यी दायित्वहरूबाट अपेक्षा गरिने सहुलियत प्राय: दिइँदैन । दिइएमा पनि न्यूनतम छुट मात्र पाइन्छ । उनीहरू घरमा बच्चा हेर्छन्, बिरामी परिवारको सेवा गर्छन् तर यसको कुनै मान्यता छैन । केवल यारुस्याकान (धारा ९९) र तुसी (धारा २१.ङ) ले मात्र मातृत्व वापत पाइने सहुलियतको व्यवस्था गरेका छन् । तुसीमा गर्भावस्थाको समयमा मात्र सभाहरूमा उपस्थित हुनुपर्छ । यारुस्याकानमा सुत्केरी भएको ४५ दिन अगाडि र पछाडि केही कार्यहरू गर्न र सभाहरूमा उपस्थित हुनबाट छुट दिइन्छ ।

## लैङ्गिक हिंसा

यारुस्याकान र यानाकाचीका विधानहरूमा समुदाय वा परिवारभित्र लैङ्गिक हिंसा कसरी सम्बोधन गर्ने भन्नेबारे कुनै उल्लेख छैन । यो एउटा गम्भीर कमजोरी हो । महिलाहरूसँग हिंसाविरुद्ध लड्ने कानुनी आधार नहुँदा समुदायले पनि उनीहरुलाई सुरक्षा दिन सक्दैन । केवल तुसीले मात्र लैङ्गिक हिंसाको रोकथाम र सम्बोधनका लागि संस्थागत संयन्त्रहरू बनाएको छ । यसले हिंसाको शिकार भएका महिला र नाबालिगहरूका लागि सहायता प्रणालीहरू स्थापना गरेको छ (धारा ४५.घ) । यसमा घरेलु हिंसा भोगिरहेका परिवारहरूका लागि तालिम र मनोवैज्ञानिक उपचारमा पहुँचलाई प्रवर्द्धन गर्ने व्यवस्था पनि समावेश छ (धारा ४५.ङ) । यो एउटा उदाहरणीय कदम हो ।

पेरुको पास्कोमा पुकायाकु समुदाय ।
तस्बिर: लेनिन मिला मुनाज्क्वाई, एन्डियन आदिवासी संगठनहरूको समन्वयकर्ता (CAOI)



## निष्कर्ष

- माथिल्लो एन्डिज क्षेत्रको पशुपालन प्रणालीहरूको दिगोपनका लागि सामुदायिक व्यवस्थापनमा लैङ्गिक बाधाहरू हटाउनु जरुरी छ । यो कुनै असम्भव काम होइन । **तुसीको उदाहरणले यो सम्भव छ भन्ने प्रमाणित गर्छ । सामुदायिक स्वायत्तता र महिलाहरूको अधिकारलाई एकसाथ अघि बढाउन सकिन्छ । महिलाहरुलाई बाहिर नराखीकन स्व-शासनको अभ्यास गर्न सकिन्छ ।**

- तीनवटा समुदायहरूमध्ये यारुस्याकान र यानाकाची गरी दुई वटाले महिलाहरुलाई औपचारिक दर्ताबाट बाहिर राख्ने संयन्त्रहरू बनाएका छन् । यसले उनीहरूको पहुँच र उपयोगको अधिकारमा बाधा पुऱ्याउँछ ।

- दर्ताबाट बाहिर राखिनुले श्रृंखलाबद्ध प्रभाव (Domino Effect) सिर्जना गर्छ । यसले अरू सवालमा पनि पशुपालक महिलाहरूको बहिष्करणलाई बलियो बनाउँछ । दर्तामा नभएपछि उनीहरूले चरनका प्लटहरू उपभोगका लागि आवेदन दिन सक्दैनन् । सामुदायिक सभाहरूमा उनीहरूको न आवाज पुग्छ न त उनीहरूले मतदान नै गर्न पाउँछन् । फलस्वरूप महिलाहरू कुनै पदमा निर्वाचित हुन पनि सक्दैनन् । यसरी एउटा बाधाले सबै ढोका बन्द गर्छ ।

- तुसीले नियामक नवप्रवर्तनमार्फत सामुदायिक स्वायत्तता र महिलाहरूको अधिकारबीच सन्तुलन कायम गरेको छ । यसले सामुदायिक सञ्चालक समितिमा ३० प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गरेको छ । लैङ्गिक हिंसा सम्बोधन गर्न औपचारिक संयन्त्रहरू बनाएको छ । स्पष्ट रूपमा समावेशी भाषा प्रयोग गरेको छ । औपचारिक बाधाहरू हटाएको छ । यी सबै कदमहरूले तुसीलाई अन्य समुदायहरूका अगाडि एउटा आदर्श उदाहरणको रूपमा उभ्याएका छन् ।

RIGHTS + RESOURCES